# विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**डिल्लीराम पोखेल**
शैक्षिक सत्र २०६४-२०६६
त्रि.वि. दर्ता नं. २२९२८-९२
रोल नं. २३/०६४



**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०७२/२०१६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र डिल्लीराम पोखेलले **विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/११/११

२३ फेब्रुअरी २०१३

---

**प्रा. कपिलमणि शर्मा रेग्मी**

**नेपाली विभाग**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले नेपाली विषयको स्नातकोत्तर दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति शोध निर्देशक आदरणीय गुरु प्राध्यापक श्री कपिलमणि शर्मा रेग्मीज्यूको कुशल निर्देशनमा सम्पन्न गरेको हुँ । आफ्नो कार्य व्यस्तताको बाबजुद पनि मलाई अमूल्य सुझाव र उचित सल्लाह दिएर लक्षित स्थानसम्म पुऱ्याउन सहयोग गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधप्रस्ताव स्वीकृत गरी मलाई शोधकार्य तयार पार्न अनुमति प्रदान गर्ने नेपाली विभागका विभागीय प्रमुख प्रा. डा. नारायणप्रसाद खनाल र विभाग परिवारप्रति आभारी छु ।

प्रस्तुत शोधपत्र लेखनकार्यका लागि अत्यन्तै उत्साहजनक उत्प्रेरणा, जानकारी, अमूल्य समय, सल्लाह, सुझाव र सामाग्री दिई सहयोग गर्ने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालयका कर्मचारी, नेपाली विभागका श्रद्धेय गुरुहरू, शोधनायक विमलप्रकाश देवकोटा अनि वहाँका परिवारजन तथा सहृदयी मित्रहरूप्रति आभार प्रकट गर्दछु ।

मेरा अनेक चुनौतीहरूलाई बुद्धिमतापूर्वक सामना गर्दै पढ्ने प्रेरणा र अवसर पुऱ्याउन उत्प्रेरकको भूमिका निर्वाह गर्ने पूजनीय स्व. पिता भीमप्रसाद पोखेल र माता नन्दकला पोखेलप्रति म सदैव ऋणी छु । अध्ययनका लागि अनुकूल वातावरण सिर्जना गरी न्यू स्पिडी आवासीय मा.वि. (रत्ननगर-८) र सम्पूर्ण शिक्षक-कर्मचारीहरूको सहयोगलाई अविस्मरणीय ठान्दछु । शोधपत्र लेखनलाई पूर्णतामा पुऱ्याउन रातदिन टङ्कण गरिदिने हाम्रो छापाखानाको गौतमबाबु अर्याल र भाइ विजय सुवेदीलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । यसै गरी शोधपत्र तयार पार्ने क्रममा आवश्यक सल्लाह, सुझाव एवम् व्यावहारिक वातावरण प्रदान गरी सहयोग पुऱ्याउने प्रिय जीवनसंगिनी सम्झना पोखेल, छोरीहरू सुद्दता, सुविद्या, भतिजी विनिता, भतिज विवेक पोखेल र मित्र विष्णुप्रसाद पौडेल तथा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्नुहुने अन्य सबैप्रति म आभारी छु ।

अन्तमा **साहित्यकार विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग भरतपुरसमक्ष पेस गर्दछु ।

मिति :

............................

**डिल्लीराम पोखेल**

# सङ्क्षेपीकृत शब्दसूची

यस अध्ययन पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| आ. ए. | इन्टर अफ आर्टस |
| ई. सं. | ईस्वी संवत |
| उ. मा. वि. | उच्च माध्यमिक विद्यालय |
| एफ्. एम्. | फ्रिक्वेन्सी मेडुलेसन |
| एम. ए. | मास्टर अफ आर्टस |
| एस्. एल. सी. | स्कूल लिभिङ सर्टिपिकेट |
| ऐ. ऐ. | ऐजन ऐजन |
| गा. वि. स. | गाउँ विकास समिति |
| चौ. सं. | चौथो संस्करण |
| डा. | डाक्टर |
| ते. सं. | तेस्रो संस्करण |
| त्रि. वि. | त्रिभुवन विश्वविद्यालय |
| नि. | निर्देशक |
| नि. मा. वि. | निम्न माध्यमिक विद्यालय |
| ने. रा. प्र. प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने. रे. सो. | नेपाल रेडक्रस सोसाइटी |
| पाँ. सं. | पाँचौं संस्करण |
| प्रा. | प्राध्यापक |
| प्रा. डा. | प्राध्यापक डाक्टर |
| प्रा. लि. | प्राइभेट लिमिटेड |
| प्रा. वि. | प्राथमिक विद्यालय |
| पृ. | पृष्ठ |
| पृ. सं. | पृष्ठ सङ्ख्या |
| बि. एड. | ब्याचलर अफ एजुकेशन |
| वडा नं. | वडा नम्बर |
| वि. सं. | विक्रम सम्वत |
| भ. उ. म. न. पा. | भरतपुर उप-महानगर पालिका |
| भू. | भूमिका |
| मा. वि. | माध्यमिक विद्यालय |
| र.न.पा. | रत्ननगर नगरपालिका |
| सह.प्रा. | सहप्राध्यापक |
| सम्पा. | सम्पादक |
| स्व. | स्वर्गीय |

# विषयसूची

## परिच्छेद : एक

## शोधपरिचय


| | |
|---|---|
| १.१ शोधपरिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधपत्रको उद्देश्य | २ |
| १.४. पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ४ |
| १.६ शोधकार्यको सीमाङ्कन | ५ |
| १.७ सामग्री सङ्कलन विधि | ५ |
| १.८ शोधविधि | ५ |
| १.९ शोधपत्रको रूपरेखा | ६ |


## परिच्छेद : दुई

## विमलप्रकाश देवकोटाको जीवनी


| | |
|---|---|
| २.१ पृष्ठभूमि | ८ |
| २.२ पुर्ख्यौली परिचय | ९ |
| २.२.१ जातीय परिचय तथा वंश-परम्परा | ९ |
| २.२.२ जन्म र जन्मस्थान | १० |
| २.२.३ पारिवारिक पृष्ठभूमि | १० |
| २.२.४ बाल्यकाल | ११ |
| २.२.५ आर्थिक स्थिति | ११ |
| २.२.६ सामाजिक परिवेश | १२ |
| २.२.७ पारिवारिक शैक्षिक वातावरण | १२ |
| २.२.८ शिक्षादीक्षा | १२ |
| २.२.९ वैवाहिक तथा पारिवारिक जीवन | १३ |
| २.२.१० जागिरे जीवन र आजीविका | १३ |

२.२.११ दिनचर्या, बानी र रुचि १३
२.२.१२ साहित्यिक रुचि, अध्ययन र सोख १४
२.२.१३ भ्रमण १४
२.२.१४ लेखनमा प्रेरणा र प्रभाव १५
२.२.१५ वैयक्तिक जीवनका विशेष घटना-सन्दर्भ १५
२.२.१६ चिन्तन, दर्शन र विचार १६
२.२.१७ पुरस्कार तथा सम्मान १६
२.२.१८ निष्कर्ष १७

**परिच्छेद : तीन**

**विमल प्रकाश देवकोटाको व्यक्तित्व**

३.१ पृष्ठभूमि १९
३.२ बाह्य व्यक्तित्व २०
३.३ आन्तरिक व्यक्तित्व २०
३.३.१ साहित्यिक व्यक्तित्व २१
३.३.१.१ गजलकार व्यक्तित्व २१
३.३.१.२ हाइकुकार व्यक्तित्व २२
३.३.१.३ कवि व्यक्तित्व २२
३.३.१.४ मुक्तककार व्यक्तित्व २४
३.३.१.५ गीतकार व्यक्तित्व २५
३.३.१.६ सम्पादक व्यक्तित्व २५
३.३.१.७ द्रष्टा व्यक्तित्व २६
३.४ साहित्येतर व्यक्तित्व २६
३.४.१ शिक्षक व्यक्तित्व २६
३.४.२ साहित्यिक सङ्घ-संस्थाहरूसँग संलग्न व्यक्तित्व २७
३.४.३ सामाजिक सङ्घ-संख्याहरूसँग संलग्न व्यक्तित्व २७
३.४.४ राजनीतिक व्यक्तित्व २७
३.४.५ साहित्यकारहरूका दृष्टिमा विमलप्रकाश देवकोटा २८

३.४.६ विमलप्रकाश देवकोटाका फुटकर रचनाहरूको विवरण २९
३.५ निष्कर्ष ३३

## परिच्छेद : चार

## विमल प्रकाश देवकोटाको साहित्य यात्रा र प्रवृत्ति

४.१ विमलप्रकाश देवकोटाको साहित्य-यात्रा ३४
४.१.१ विमलप्रकाश देवकोटाको साहित्ययात्राको चरण विभाजन ३५
४.१.२ प्रथम चरण (वि. स. २०४३ देखि २०५९ सम्म) ३५
४.१.३ द्वितीय चरण (वि. सं. २०६० देखि हालसम्म) ३६
४.२ विमलप्रकाश देवकोटाको साहित्यिक प्रवृत्ति ३७
४.३ नेपाली साहित्यको क्षेत्रमा विमलप्रकाश देवकोटाको स्थान ३९
४.४ निष्कर्ष ४०

## परिच्छेद : पाँच

## विमलप्रकाश देवकोटाका कृतिहरूको अध्ययन तथा विश्लेषण

५.१ साहित्यको परिचय ४१
५.१.१ साहित्यकार विमलप्रकाश देवकोटाको काव्यहरूको अध्ययन ४३
५.१.२ काव्यगत विषय प्रवेश ४४
५.१.३ कृतित्व अध्ययनको पृष्ठभूमि ४५
५.२ गजलकार विमलप्रकाश देवकोटाको गजलको अध्ययन तथा विश्लेषण ४५
५.२.१ गजलको व्युत्पत्ति र संरचना ४५
५.२.२ गजल शब्दको स्रोत र अर्थ ४७
५.२.३ गजलको परिभाषा ४८
५.२.४ गजलको विकासक्रम ४८
५.२.५ गजलका तत्त्वहरू ४९
५.२.५.१ सेर ४९
५.२.५.२ मिसरा ५०

५.२.५.३ मतला ५०

५.२.५.४ मकता ५०

५.२.५.५ तखल्लुस ५०

५.२.५.६ काफिया ५१

५.२.५.७ रदिफ ५१

५.२.५.८ रुक्न ५२

५.२.५.९ अर्कान ५३

५.२.५.१० बहर ५३

५.२.५.११ यति ५३

५.२.५.१२ भाव ५३

५.२.५.१३ लय ५४

५.२.५.१४ प्रतीक वा बिम्ब ५५

५.३ पलपलका तलतलहरू गजलसङ्ग्रहको सङ्क्षिप्त विश्लेषण ५५

५.३.१ पृष्ठभूमि ५५

५.३.१.१ विषयवस्तु ५६

५.३.१.२ लयविधान ५६

५.३.१.३ भावविधान ६०

५.३.१.४ बिम्ब तथा प्रतीक ६९

५.३.१.५ भाषा ७०

५.३.१.६ निष्कर्ष ७०

५.४ 'पलपलका परिमल' गजलसङ्ग्रहको अध्ययन ७१

५.४.१ बहरबद्ध प्रान्त ७२

५.४.२ समसामयिक प्रान्त ७३

५.४.३ शृङ्गारिक प्रान्त ७४

५.४.३.१ विषयवस्तु ७४

५.४.३.२ लयविधान ७६

५.४.३.३ भावविधान ७७

५.४.३.३.१ राष्ट्रप्रेम ७७
५.४.३.३.२ क्रान्तिकारी चेतना ७८
५.४.३.३.३ प्रकृति प्रेम ८०
५.४.३.३.४ भौतिकवादी चिन्तन ८०
५.४.३.३.५ प्रेमप्रणय ८१
५.४.३.३.६ विविध ८३
५.४.४ निष्कर्ष ८४
५.५ हाइकुकार विमलप्रकाश देवकोटाको हाइकुको अध्ययन तथा विश्लेषण ८५
५.५.१ हाइकु परिचय ८५
५.५.२ 'विमल-दर्पण' हाइकुसङ्ग्रह ८७
५.५.३ मूलभाव ८८
५.५.४ व्यङ्ग्यात्मकता १०५
५.५.५ देश, काल र परिस्थितिको चित्रण १०६
५.५.६ विविध १०८
५.५.७ निष्कर्ष ११०

**परिच्छेद : छ**

**उपसंहार**

६.१. परिचय १११
६.२ पहिल्लो परिच्छेदको निष्कर्ष १११
६.३ दोस्रो परिच्छेदको निष्कर्ष १११
६.४ तेस्रो परिच्छेदको निष्कर्ष ११२
६.५ चौथो परिच्छेदको निष्कर्ष ११२
६.६ पाँचौं परिच्छेदको निष्कर्ष ११२
६.७ छैटौं परिच्छेदको निष्कर्ष ११२
६.९ समग्र निष्कर्ष ११३

**परिशिष्ट**


परिशिष्ट - एक ११६

परिशिष्ट - दुई ११९


**सन्दर्भसूची**


क) प्रमुख पुस्तक-सूची १२०

ख) सहायक पुस्तक-सूची १२०

ग) सहायक शोधपत्र-सूची १२१

घ) सन्दर्भ पत्रिका सूची १२२

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ शोधपरिचय

साहित्यकार विमलप्रसाद देवकोटाको जन्म पिता लेखनाथ र माता तोरणकुमारी देवकोटाका जेष्ठ सुपुत्रका रूपमा वि.सं. २०२७ पौष महिनामा चितवन जिल्लाको पटिहानी गा.वि.स. वडा नं. ८ मा भएको हो । उनले **पलपलका तलतलहरू**, गजलसङ्ग्रह २०५९, **विमल-दर्पण**, हाइकुसङ्ग्रह २०६०, **पलपलका परिमल**, गजलसङ्ग्रह २०६३, प्रकाशित गरेका छन् भने सह-लेखनका रूपमा गजल-दीपिका, शोधकाव्य २०६०, प्रकाशन गरेका छन् । फुटकर रूपमा उनका गजल र हाइकु विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । कोमल स्वभाव, उदार हृदय, खरो एवं मिलनसार व्यवहार, स्पष्ट वक्ता, क्रान्तिकारी राजनीतिक चेतनाका धनी देवकोटा शिक्षाको आलोक उद्दीप्त गराउन वि.सं. २०५६ सालदेखि निरन्तर शिक्षण पेसामा संलग्न भएका छन् । विभिन्न सङ्घ, सङ्गठन, संस्थामा आबद्ध भई साहित्यिक र सामाजिक तथा राजनीतिक क्षेत्रमा योगदान दिएका उनी हाल पनि सङ्घ संस्थामा आवद्ध भई सेवाका कार्यहरू गरिरहेका छन् । नवीनताको खोजी गरी सामाजिक एवं मानवीय हितका निम्ति सङ्घर्षरत उनी यथास्थितिवादका विरुद्ध अग्रगमनको साथ दिने, रुढीवादका विरुद्ध इतिहास लेखन गर्ने साहित्यकारका रूपमा परिचित छन् । साहित्यकारले आफ्नो हृदयभित्र रहेका प्रेम, उत्साह, क्रोध, घृणा, हाँस्य, शृङ्गार आदि भावहरूलाई साहित्यका माध्यमबाट व्यक्त गर्दछ । यस्ता साहित्यहरू मानव जीवनलाई शिक्षा प्रदान गरी सामाजिक विसङ्गतिहरूलाई चिर्दै असल सामाजको निर्माण गर्ने बलियो माध्यम बन्न पुग्दछन् । शेलीले भनेजस्तै साहित्यकारहरूले सर्वसाधारण दुनियाँलाई उच्च आदर्श दर्शाई यो संसारका नियमहरू समेत बाँधी सबलाई धर्म र आस्थाको मार्ग देखाउँछन् । यिनै साहित्यिक विशेषताका आधारमा साहित्यकार विमलप्रकाश देवकोटाको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण प्रस्तुत गरी जीवनीको अध्ययन गरिएको छ । साहित्यको कविता विधामा योगदान पुऱ्याए पनि देवकोटाको व्यक्तित्व र कृतित्वको खासै चर्चा/परिचर्चा भएको छैन ।

तसर्थ उनी र उनका कृतिका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले विभिन्न पत्रपत्रिका र पुस्तकाकारका रूपमा सामान्य चर्चा गरे पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको सर्वपक्षीय अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । त्यसैले विमलप्रकाश देवकोटा अनुसन्धेय व्यक्तित्व मानिएको छ ।

## १.२ समस्याकथन

जबसम्म साहित्यिक सर्जकको व्यक्तित्वको खोजी हुँदैन तबसम्म ती स्रष्टाहरूको योगदानको मूल्याङ्कन हुन सक्दैन । सिर्जनशील साधकहरूलाई सम्मान नगरेसम्म साहित्यको विकास पनि हुँदैन त्यसैले यहाँ नेपाली साहित्यमा अमूल्य योगदान दिएका विमलप्रकाश देवकोटाको अध्ययन प्रयास गरिएको छ । यसका लागि विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकमा अध्ययन गरिने विषयहरू यसप्रकार रहेका छन् :

(क) विमलप्रकाश देवकोटाको जीवनी साथै व्यक्तित्व कस्तो छ ?

(ख) उनी नेपाली साहित्यमा कसरी देखा परेका हुन् ?

(ग) नेपाली साहित्यमा उनले के-कस्ता योगदान दिएका छन् ?

(घ) उनका कृतिहरूको के-कस्तो प्रवृत्ति रहेको छ ?

उपर्युक्त समस्यामा केन्द्रित रही साहित्यकार विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतिको समग्र अध्ययन गरिएको छ ।

## १.३ शोधपत्रको उद्देश्य

अनेकौं प्रतिभाहरूले साहित्य सिर्जनामा दिएको अमूल्य योगदानले नै राष्ट्रको साहित्यिक अस्तित्व बाँचेको हुन्छ । देशको सभ्यता, संस्कृतिको परिचय गराउन यस्ता साहित्यिक स्रष्टाको देन महत्त्वपूर्ण हुन्छ । साहित्य तथा वाङ्मय नै राष्ट्रको गर्व भएकाले साहित्य सर्जकहरूको अध्ययन अनुसन्धान हुन नितान्त आवश्यक हुन्छ । यस्ता कुनै स्रष्टा प्रचार-प्रसारमा आउन सुअवसर पाएका हुन्छन् भने कसैले यसको अभावमा ओझेलमा परेका हुन्छन् । यस क्रममा नेपाली साहित्य क्षेत्रमा लामो समयदेखि निरन्तर सेवा र साधना गर्दै आएका विमलप्रकाश देवकोटाको हालसम्म कहींकतै अध्ययन र अनुसन्धान नभएकोले उनको साहित्यिक योगदानको मूल्याङ्कन गर्ने उद्देश्यले शोधकार्य गरिएको छ । यसका लागि

उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने मुख्य उद्देश्यसँग सम्बन्धित अन्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) विमलप्रकाश देवकोटाको जीवनीको जानकारी प्राप्त गर्नु ।

(ख) उनका साहित्यिक र साहित्येतर व्यक्तित्वका मूल पाटाहरू अध्ययन गर्नु ।

(ग) नेपाली साहित्यका क्षेत्रमा उनको योगदान पत्ता लगाउनु ।

(घ) उनका साहित्यिक रचनाहरूका प्रवृत्तिहरूको जानकारी गर्नु ।

देवकोटाका सम्बन्धमा यिनै उद्देश्य अनुरूप शोधकार्य गरिएको छ ।

## १.४. पूर्वकार्यको समीक्षा

विमलप्रकाश देवकोटाका बारेमा विभिन्न समयमा विभिन्न लेखकहरूले सामान्यरूपमा चर्चा-परिचर्चा गरेको पाइन्छ तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेट्ने गरी विस्तृत अध्ययन हुन सकेको छैन । ती चर्चा परिचर्चाले मात्र उनको समग्र अध्ययन अपूर्ण हुनेहुँदा उनका बारेमा गरिएका केही टिप्पणीहरूको कालक्रमिक विवरण यसप्रकार छन् :

(क) गोविन्दराज विनोदीले देवकोटाका गजलमा राष्ट्रप्रेम, वर्तमानका विसङ्गतिप्रति असन्तोष, घातप्रतिघातयुक्त मुलुकको राजनीतिप्रति व्यमोह, बन्धुवादी, मानवतावादी चिन्तन, जीवन जगतप्रति आस्था, साहित्यानुराग जस्ता विविध भावहरू पाइन्छन् भनी बताएका छन् (विनोदी, २०५९ : ३) ।

(ख) हरिहर खनालले कवि विमललाई हाम्रो विराट समाजमा आनुपातिक रूपमा न्यून रहेका सृजनशील क्षमता भएका स्तम्भहरूमध्ये एक श्रेष्ठ सृजनकर्मी हुन् र उनमा देशप्रेम, हाम्रो सामाजिक र राष्ट्रिय जीवनमा देखिएका व्यथिती, बरबादी, हत्याआतङ्क, लुटपाट र अनाचारप्रति तीव्र घृणा र चिन्ता छ भनी उल्लेख गरेका छन् (खनाल, २०५९ : ५) ।

(ग) *परिमलमा विमल* शीर्षक लेखमा लक्ष्मण गौतमले कवि विमललाई अन्तर्वस्तुको सूक्ष्म गहिराइतिर जान प्रवृत्त सौन्दर्य चेतनाले युक्त गजलकारका रूपमा उल्लेख गर्नुका साथै उनमा वर्तमानको सङ्गतिहीनताप्रति वितृष्णा, अव्यवस्थाप्रति घृणा, विकृतिप्रति व्यङ्ग्यपूर्ण आक्रोश, हृदयप्रतिको अनुराग, प्रणयप्रतिको समर्पण, राष्ट्रप्रतिको संवेदना र

'स्व' प्रतिको अस्तित्वबोध छ भनी उल्लेख गरेका छन् (गौतम, २०६३ : १२) ।

(घ) *पलपलका परिमलमा भाव विह्वल हुँदा* शीर्षात्मक लेखमा केशवराज आमोदीले कवि विमललाई एक सफल, उत्साही, सृजनशील, निडर एवम् स्पष्टवक्ताका साथै विभिन्न साहित्यिक गोष्ठीहरूमा गजलवाचनका सन्दर्भमा तहल्का मच्चाउँदै गगनगुञ्जित करतल ध्वनिबाट सनसनी उत्पन्न गर्नसक्ने प्रतिभाशाली गजलकारका रूपमा चिनाएका छन् (आमोदी, २०६३ : १३) ।

(ङ) केदार खनालले देवकोटाका आफ्ना कृतिमा विभिन्न बिम्ब, प्रतीकहरूको माध्ययमबाट वर्तमानका विसङ्गतिहरूप्रति तीखो व्यङ्ग्यबाण हान्दै, प्रणयपरक अभिव्यक्ति एवं राष्ट्रिय चेतना र व्यक्तिगत चरित्र निर्माणका साथै सामाजिक सुधारको अपेक्षा राखेका छन् भनी बताएका छन् (खनाल, २०६० : ४) ।

(च) नारायणप्रसाद खनालले देवकोटालाई स्थानीय साहित्य गोष्ठी र केही स्थानीय पत्रपत्रिकामा पढ्दापढ्दै गजलकारको रूपमा पाउँदा कविको चैतन्य उच्च हुँदै गएको र कवितामा भाव-बिम्ब खोज्न सिपालु देवकोटाका लागि कविताका अन्य उपविधा पनि प्रतिभाका काखमा अटाउन सक्ने अवस्था सबल रहेको कुरा व्यक्त गरेका छन् (खनाल, २०६० : ५) ।

यसरी विमलप्रकाश देवकोटाका बारेमा विभिन्न लेखक समालोचकले उनको सामान्य चर्चा गरे तापनि विस्तृत अध्ययन अपूर्ण नै छ । उनलाई कवि, गजलकार, समाजसेवी आदि व्यक्तित्वका रूपमा सामान्य रूपले चिनाइए तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन नितान्त आवश्यक देखिएकाले यही कुरालाई मनन गरी शोधकार्य गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

विमलप्रकाश देवकोटाका बारेमा विभिन्न समालोचक तथा समीक्षकहरूले गरेका टिप्पणी र विवेचनाले मात्र उनको अध्ययन पूर्ण नभएकाले उनीजस्ता साहित्यिक व्यक्तित्वको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिनु औचित्यपूर्ण हुनेछ । उनको साहित्यिक पाटो,

कविता, गजलको संरचना, लय, सैद्धान्तिक पृष्ठभूमि आदिका बारेमा जान्न चाहने जो कोहीलाई पनि सहयोग पु¥याउन तथा पुस्तकालयीय अध्ययन परम्परामा सहयोग पु¥याउन समेत यसको औचित्य हुनेछ । यसर्थ पूर्वकार्य अपूरो भएकाले फेरि अध्ययन, अनुसन्धान र परीक्षण गर्नु आवश्यक भएको हुँदा स्वभाविक रूपमा यसको औचित्य र महत्त्व पुष्टि हुन आउँछ ।

## १.६ शोधकार्यको सीमाङ्कन

शोधपत्र विलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ । उनका जीवनीका विभिन्न पाटाहरूका साथै वि.सं. २०६९ सालसम्म प्रकाशित भएका सम्पूर्ण पुस्तककार कृतिहरूको अध्ययन र विवेचना गर्नु यस शोधकार्यको सीमा रहेको छ । शोधकार्यमा विभिन्न पत्र-पत्रिका तथा पुस्तकमा प्रकाशित विमलप्रकाश देवकोटाका रचनाहरूको कालक्रमिक विवरण साथै प्रकाशोन्मुख रचनाहरूको विवरण दिइएको छ । तर समकालीन साहित्यकारहरूसँग उनको तुलनात्मक अध्ययन एवम् उनका सबल र दुर्बल पक्षहरूको विश्लेषण गरिएको छैन ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध अध्ययनका क्रममा मूलतः पुस्तकालयीय अध्ययन विधिलाई अङ्गालेर सामग्री सङ्कलन गरिएको छ । विविध संस्था तथा पुस्तकालयबाट उपलब्ध पुस्तक, पत्रपत्रिका आदिको अध्ययनद्वारा यस शोध पत्रका लागि सामग्री सङ्कलन गरिएको छ । यसका लागि आवश्यक ठाउँमा विभिन्न व्यक्तिसँग र स्वयम् शोधनायकसँग लिखित एवम् मौखिक प्रश्नावलीद्वारा सामग्री सङ्कलन गरी क्षेत्रीय विधि पनि अपनाइएको छ । नातागोता र साहित्यकार, समीक्षक, आलोचक, विद्वान्, व्यक्तित्वहरू, साहित्येतर व्यक्तित्वहरूसँग पनि सामग्री सङ्कलन गरिएको छ ।

## १.८ शोधविधि

साहित्यकार विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा निगमनात्मक पद्धतिका साथै वर्णनात्मक विधि, विश्लेषणात्मक विधि, व्याख्यात्मक विधि, जीवनीपरक समालोचना प्रणाली र कृतित्व सम्बन्धी लेखन कार्यमा मूल्याङ्कनपरक समालोचना प्रणालीका आधारमा अध्ययन विश्लेषण र व्याख्या विवेचना गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सु-सङ्गठित एवम् सु-व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसार विभिन्न परिच्छेद, उप-परिच्छेद, शीर्षक, उप-शीर्षकमा विभाजन गरिएको छ ।

**परिच्छेद एक : शोध परिचय**

यो परिचय शोध परिचयका रूपमा रहेको छ । यसमा विषय परिचय, समस्या कथन, शोध कार्यको उद्देश्य, पूर्व कार्यको विवरण, समीक्षा शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोध विधि र शोधपत्रको रूपरेखा बारे चर्चा गरिएको छ ।

**परिच्छेद दुई : विमलप्रकाश देवकोटाको जीवनी**

यस परिच्छेद जीवनीका रूपमा रहेको छ । यस परिच्छेदमा विमलप्रकाश देवकोटाको जीवनी अन्तर्गत पृष्ठभूमि, जन्म र जन्मस्थान, वंशपरम्परा, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक पारिवारिक स्थिति, पेसा र आर्थिक अवस्था, कार्यक्षेत्रमा प्रवेश, प्रेरणाको स्रोत, रुचि तथा स्वभाव, भ्रमण, सुख, दुःखका क्षणहरू, साहित्यिक मान्यता र जीवनदर्शन, सम्मान र पुरस्कार शीर्षकमा खोजमूलक जानकारी प्रस्तुत गरी निष्कर्ष समेत दिइएको छ ।

**परिच्छेद तीन : विमलप्रकाश देवकोटाको व्यक्तित्व**

यस परिच्छेदमा विमलप्रकाश देवकोटाको साहित्यिक र साहित्येतर व्यक्तित्वका विविध पाटाहरूको चर्चा गरिएको छ । नेपाली साहित्यमा विमलप्रकाश देवकोटाको प्रवेश, पहिलो कविता, फुटकर कविताको विवरण, कलम चलाएका साहित्यिक विधाहरू आदि विविध पक्षमा चर्चा गरिएको छ । उनी आबद्ध रहेका संघ, संस्थाको विवरण प्रस्तुत गरिएको छ । राजनीतिक पार्टीमा रहेर निर्वाह गरेको नेतृत्वदायी भूमिकाको समेत चर्चा गरिएको छ ।

**परिच्छेद चार : विमलप्रकाश देवकोटाको साहित्यिक प्रवृत्तिको अध्ययन**

यस परिच्छेदमा उनका पुस्तकाकार रचनामा पाइने साहित्यिक प्रवृत्तिको चर्चा गरिएको छ । यस परिच्छेदमा उनी नेपाली साहित्यमा कुन साहित्यिक रचनाका

माध्ययमबाट प्रवेश गरे र उनको हालसम्म साहित्यिक यात्रा के-कस्तो रहेको छ ? उनका रचनाहरू **पलपलका तलतलहरू** (गजलसङ्ग्रह २०५९), **विमल-दर्पण** ( हाइकुसङ्ग्रह २०६०), **पलपलका परिमल** (गजलसङ्ग्रह २०६३) मा के-कस्ता साहित्यिक प्रवृत्तिहरू रहेका छन् भन्ने बारे चर्चा गरिएको छ ।

**परिच्छेद पाँच : प्रकाशित पुस्तककार कृतिहरूको मूल्याङ्कन**

यस परिच्छेदमा साहित्यकार विमलप्रकाश देवकोटाका प्रकाशित पुस्तकाकार कृतिहरूको विधागत संरचनाका आधारमा अध्ययन विश्लेषण र विधागतरूपमा मूल्याङ्कन गरिएको छ ।

**परिच्छेद छ : उपसंहार**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसका साथै अन्त्यमा सन्दर्भ ग्रन्थसूची र परिशिष्ट समेत समावेश गरी साङ्गोपाङ्गोपूर्ण शोध प्रतिवेदन प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# विमलप्रकाश देवकोटाको जीवनी

# परिच्छेद : दुई

# विमलप्रकाश देवकोटाको जीवनी

## २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जन्मदेखि मृत्युसम्मको जीवन भोगाइको क्रमलाई सिलासिलाबद्ध रूपमा प्रस्तुत गर्नु सामान्य अर्थमा जीवनी हो । जीवनी मानिसले जीवनभरि गरेका कामकुराहरूको इतिहास हो । कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखलाई जीवनी भनिन्छ (बराल र एटम, २०६२ : ३०४) । जीवनी शब्द 'जीवन' शब्दबाट बनेको हो र अङ्ग्रेजी भाषामा यसलाई बायोग्राफी भनिन्छ । ग्रिसेली शब्द बायो र ग्राफियाको संयोगबाट 'बायोग्राफी' शब्दको निमार्ण भएको हो । 'बायो' ले 'जीवन' लाई र 'ग्राफिया' ले लेखनलाई बुझाउँछ । यसरी यसले कुनै पनि व्यक्तिविशेषको जीवनको लेखन भन्ने अर्थ्याउँछ । सङ्क्षेपमा यसको अर्थ जीवनी नै भन्ने बुझिन्छ । मोहन हिमांशु थापाका अनुसार "जीवनी भनेको एउटा व्यक्ति विशेषको जीवन वृतान्त हो अथवा जीवनभर गरेका कामकुराको क्रमबद्ध लेखन वा कथन हो" (थापा, २०५५ : २०२) ।

जीवनीमा विशेष व्यक्तिको जीवनमा घटेका घटनाहरू तथा चरित्र, पेसा आदि महत्त्वपूर्ण पक्षहरू लिएर उसले समाजमा दिएको योगदान लेखी त्यसको मूल्याङ्कन पनि समावेश गरिएको हुन्छ । त्यसैले यसमा जीवनपर्यन्त उसले गरेका कार्य संस्कारहरू, शिक्षादिक्षा, सेवा, अनुभव, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक गतिविधि, साहित्यिक क्रियाकलाप, धार्मिक-आध्यात्मिक जीवन आदि सम्बन्धित विविध प्रेरणादायी पक्षहरूको उद्घाटन गरिन्छ ।

जीवनी संस्कृत शब्द 'जीवन' बाट स्त्रीत्व बुझाउने तद्धित प्रत्यय 'ई' लागेर बनेको शब्द हो । यसको शाब्दिक अर्थ कुनै व्यक्ति विशेषको जीवनका सम्पूर्ण वा महत्त्वपूर्ण घटनाहरूलाई कालक्रमिक ढङ्गमा लेखिने गद्यरचना भन्ने हुन्छ (श्रेष्ठ, २०६२ : १३१) । साहित्यकै अङ्ग मानिने जीवनीलाई 'जीवनचित्रण' वा 'जीवन चरित्र' पनि भनिन्छ । जीवनी र जीवन चरित्रमा कुनै खास अन्तर छैन । यसमा दार्शनिक, साहित्यिक, राजनीतिक,

सामाजिक खेलकुद आदि क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका व्यक्तिहरूको जीवनी अङ्कन गरिएको हुन्छ ।

जीवनीमा मूलतः कुनै व्यक्तिको आफ्नो जीवनभर गरेका महत्त्वपूर्ण कार्यहरूको क्रमिक रूपमा वर्णन गरिएको हुन्छ । यसमा चरित्र नायकका सम्पूर्ण जीवन र घटनालाई अभिव्यक्त गरिएको हुन्छ । यसो भएन भने चरित्र नायकको महत्त्व र विशेषता मात्रै देखिन्छन् । यसले चरित्रको स्वभाविक विकास र निर्माण हुन सक्दैन । यसैले जीवनीकारले अनुमानका भरमा जीवनी नलेखी चरित्रनायकसँग सम्बन्धित तथ्यपूर्ण सामाग्रीहरू विभिन्न स्रोतबाट सङ्कलन गर्नुपर्दछ । चरित्र नायकका ती सबै तथ्यहरूले जीवनी लेखक तथा पाठकलाई प्रेरणा प्रदान गर्नुका साथै उत्साहप्रद र रोमाञ्चक हुन्छ । त्यसैले जीवनी भनेको कुनै व्यक्तिको जन्मदेखि मृत्युपर्यन्तको इतिवृत्त हो । यस सन्दर्भमा विमलप्रकाश देवकोटाको जीवनीको चर्चा गर्दा जीवनयापनमा भोगेका, देखेका र व्यवहारमा ल्याएका अनुभव, ज्ञान, सीप आदि थुप्रै विषयहरूको अध्ययन गरिएको छ । जीवनका आरोह-अवरोह जस्ता घटनामूलक विवरणहरूलाई विभिन्न शीर्षकमा विभाजित गरी सत्यतथ्य रूपमा यहाँ चर्चा गरिएको छ ।


## २.२ पुर्ख्यौली परिचय

यसभित्र साहित्यकार देवकोटाको जातीय परिचय, जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमिदेखि लिएर उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूका बारेमा वर्णन गएिको छ ।

### २.२.१ जातीय परिचय तथा वंश-परम्परा

भारद्वाज ऋषिका खलकमा जन्मेका विमलप्रकाश देवकोटाले जन्मदेखि मृत्युसम्मका संस्कार र कर्महरू हिन्दूपरम्परा अनुसार गरिने जनाउँदै आफू हिन्दू धर्मावलम्बी भएको बताएका छन् (शोधनायकसँगको अन्तर्वार्ताअनुसार) । वंश परम्पराको कुनै लिखित इतिहास पाइँदैन तथापि शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त भएको जानकारीलाई आधार मान्नु पर्ने हुन्छ । जस अनुसार उनको वंश परम्परा तपशील रहेको देखिन्छ :-

**विमलप्रकाश देवकोटाको वंश परम्परा तालिका**




## २.२.२ जन्म र जन्मस्थान

साहित्यकार विमलप्रकाश देवकोटाको जन्म नेपालको मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चल चितवन जिल्ला अन्तर्गत पटिहानी गा.वि.स. वडा नं-८, गङ्गानगर (हाल भ.उ.म.न.पा- २८) मा वि.सं. २०२७ पौष महिनाको १९ गते पिता लेखनाथ देवकोटा र माता तोरनकुमारी देवकोटाको गर्भबाट दोस्रो सन्तानका रूपमा भएको थियो । जन्मानुसार उनको राशि 'वृष' हो भने उनको न्वारनको नाम विष्णुप्रसाद देवकोटा हो । देवकोटाका तीन दाजुभाइ र दुई दिदी-बहिनीहरू छन् ।

## २.२.३ पारिवारिक पृष्ठभूमि

विमलप्रकाश देवकोटाको जन्म मध्यम वर्गीय किसान परिवारमा भएको थियो । बुवाको पेसा कृषि नै भएको र अन्य आम्दानीको स्रोत केही नभए पनि खाना लाउन कुनै समस्या थिएन । ग्रामिण क्षेत्रमा बसोवास भएको र मुख्य पेसा कृषि तथा पशुपालन रहेकोले उनलाई खेतबारीको काम तथा गाईवस्तुको धन्दा गर्नुपर्थ्यो । लामो बर्खे विदा भएको समय तथा अन्य सार्वजनिक विदाका समयमा घरका गाईवस्तु नजिकको वेलसार र रापती नदी पारी चितवन राष्ट्रिय निकुञ्जको जङ्गलमा चराउन जाने गरेको उनले बताएका छन् । आफ्नै खेतबारीमा अन्न, तरकारी उत्पादन हुने भएकोले खानलाउन कुनै दुःख कष्ट भोग्नु

नपरेको र आफ्ना पाँचै सन्तानलाई बुवा-आमाबाट छिमेकीका सन्तान सरह लालनपोषण र शिक्षादीक्षा दिनमा कुनै कसर बाँकी नरहेको उनी बताउँछन् ।

### २.२.४ बाल्यकाल

विमलप्रकाश देवकोटाका पिता सरकारी जागिरे नभए पनि कर्मठ किसान भएकाले खेतीपाती र पशुपालनबाट राम्रैसँग परिवारको पालनपोषण गर्न सक्षम भएकाले उनको बाल्यकाल सुखद् नै थियो भन्न सकिन्छ । साथीभाइहरूसँग फुटबल, भलिबल, कबर्दी, डण्डीवियो, हाइजम, पौडी जस्ता विविध खेलहरू खेल्न रुचाउँने देवकोटालाई मध्यमवर्गीय परिवारमा जन्मे पनि खासै दु:खको अनुभूति भएन । बाल्यकालदेखि नै लोक सङ्गीत र गायनमा अत्यन्त रुचि भएकाले रेडियोबाट गीतहरू बज्दा गुनगुनाउने गर्थे र उनी पनि कविता र लोकजीवनले ओतप्रोत सुललित गीतहरू लेख्ने र मौलिक लय भरेर मधुर स्वरमा गाउने गर्थे । बाल्यकालदेखि नै विविध साहित्यिक कार्यक्रमप्रति औधी रुचि राख्ने देवकोटा आफ्ना पिता सुन्दर कविता लेख्ने र मीठो भाका हालेर गाउने शास्त्रिय कवि भएकाले उनी प्रभावित भएको बताउँछन् (शोधनायकसँगको अन्तर्वार्ताअनुसार) । यसरी विविध परिवेश हेर्दा उनको बाल्यकाल आमाबाबुको ममतामयी लालनपालन र साथीभाइको आत्मीयतामा सुखानुभूति गर्दै बितेको थियो ।

### २.२.५ आर्थिक स्थिति

विमलप्रकाश देवकोटा मध्यमवर्गीय परिवारमा जन्मे हुर्केका व्यक्ति हुन् । बाबुका पालासम्म राम्रै जग्गा जमिन भए तापनि हाल अंशवण्डामा पन्ध्र कट्ठा जमिन उनको नाममा रहेको छ । जापनिज आकार (मोडल)को एउटा घर छ । देवकोटाकी श्रीमती गृहणी छिन् भने उनी मा.वि. तहका शिक्षक छन् । उनको शिक्षण पेसाबाट प्राप्त भएको तलवले घरखर्चका साथै बाह्र कक्षा पढ्ने छोरा विपिन र एघार कक्षा अध्ययनरत छोरी मनिषाको अध्ययनमा समेत खर्च गर्नु परेकाले आर्थिक व्यय भारले थिच्न लागेको उनी बताउँछन् ।

## २.२.६ सामाजिक परिवेश

वि.सं. २०५९ मा **पलपलका तलतलहरू** कृति लिएर नेपाली साहित्यमा उदाउन पुगेका नवप्रतिभा देवकोटा विभिन्न सङ्घ-संस्थासँग आवद्ध रहेका छन् । वि.सं. २०४३ मा मा.वि. तहको कविता प्रतियोगितामा 'गरिबको जीवन' कविताले प्रथम पुरस्कार प्राप्त गरेपछि उनको साहित्यप्रतिको रुचि बढ्दै गएको थियो । यसले गर्दा उनलाई पुरस्कार र सम्मान पनि एक पछि अर्को प्राप्त हुँदै गयो । अन्याय र अत्यचारलाई नसहने देवकोटा समाजमा मध्यस्थकर्ताको भूमिका पनि खेल्ने गर्दछन् । समाजको हितार्थ समर्पित देवकोटा रसिक र ठट्यौली गर्न मन पराउने भएकोले गाउँघर तथा समाजका मानिसहरू उनीसँग गफिन मन पराउँछन् । सामाजिक, राट्रिय, देशप्रेम, प्रेमवासनालाई केन्द्रविन्दु बनाई साहित्य सिर्जना गर्ने देवकोटाले आफ्ना कृतिमार्फत युवाहरूमा जनचेतना जगाउने काम गरेका छन् । साहित्य सिर्जनामार्फत समाजमा प्रतिष्ठित, आदर्श एवम् इमान्दार व्यक्तिका रूपमा स्थापित हुन चाहने देवकोटा साच्चिकै मिलनसार, सहयोगी, जागरुक सामाजिक व्यक्तित्वका रूपमा परिचित छन् ।

## २.२.७ पारिवारिक शैक्षिक वातावरण

देवकोटाकी आमा निरक्षर भएपनि छोराले सुनाएका रचनाहरू ध्यानपूर्वक सुनिदिने हुनाले साहित्यप्रति उनको रुचि रहेको भन्न सकिन्छ । उनका वाबुले ज्योतिष शास्त्र पढेका छन् । उनका भाइ विश्वप्रकासले स्नातक तहसम्मको अध्ययन गरेका छन् भने कान्छो भाइले वाह्र कक्षा उत्तीर्ण गरेका छन् । उनकी  दिदी देवकी साक्षर मात्र छिन् र कान्छी बहिनीले प्रवेशिका परीक्षासम्मको अध्ययन गरेकी छिन् । देवकोटाले उच्च शिक्षाको लागि घरदेखि लगभग २० किलोमिटर टाढा रहेको चितवनको सदरमुकाम भरतपुरसम्म साईकलमा धाएर स्नातक तहसम्मको अध्ययन पूरा गरी स्नातकोत्तर तहको अध्ययन गर्दै छन् (शोधनायकसँगको अन्तर्वार्ताअनुसार) । उनको पारिवारिक शैक्षिक वातावरणलाई हेर्दा उच्च शिक्षा अध्ययनको क्रममा देवकोटा नै अग्रणी स्थानमा देखिन्छन् ।

## २.२.८ शिक्षादीक्षा

वि.सं. २०३३ मा पटिहानी गा.वि.स. वडा नम्वर ८ (हाल भरतपुर उ.म.न.पा.-२८) को गङ्गानगर नि.मा.वि.मा देवकोटा कक्षा एकमा भर्ना भएका थिए । कक्षा एकमा भर्ना

भएपछि उनको औपचारिक शिक्षायात्रा सुरु भएको थियो । त्यहाँ नि.मा.वि तहको अध्ययन पूरा गरेपछि मा.वि.तहको अध्ययनका लागि अमर उ.मा.वि. पटिहानी मा भर्ना भएका थिए । उनले २०४५ सालमा प्रवेशिका परीक्षा तृतीय श्रेणीमा उत्तीर्ण गरी प्रमाण-पत्र तह वीरेन्द्र बहुमुखी क्याम्पसबाट र स्नातक तह सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरबाट उत्तीर्ण गरेका थिए । घरायसी समस्या र जागिरका कारण स्नातकोत्तर तहको अध्ययनलाई निरन्तरता दिई पूरा गर्न कठिन हुँदा हुँदै पनि हाल अध्ययनकै क्रममा रहेको बताउँछन् ।

## २.२.९ वैवाहिक तथा पारिवारिक जीवन

वि.सं. २०५१ असार २२ मा लमजुङ जीता सातधारेबाट बसाइँ सरी रत्ननगर न.पा.१० मा बसोबास गर्दै आएका पिता बालकृष्ण घिमिरे र माता उमादेवी घिमिरेका दास्रो सन्तानको रूपमा जन्मिएकी इन्दिरा घिमिरेसँग औपचारिक रूपमा देवकोटा विवाह बन्धनमा बाधिएका हुन् । छोरा विपिन र छोरी मनिषा गरी दुई सन्तानका पिता देवकोटालाई विशेषतः उनकी श्रीमती इन्दिराले साहित्यका क्षेत्रमा लाग्न सहयोग गरेको देखिन्छ । घरबासको उचित व्यवस्था मिलाई खुसीसाथ राख्न सफल देवकोटा साहित्य सिर्जना गरेर नेपाली साहित्यको विकासमा लागेकोले परिवारका सबै सदस्यहरू खुसी देखिन्छन् (शोधनायकसँगको अन्तर्वार्ताअनुसार) ।

## २.२.१० जागिरे जीवन र आजीविका

विमलप्रकाश देवकोटा वि.सं.२०५७-२०६१ सम्म जनजागृति उ.मा.वि. पिठुवामा नि.मा.वि. तहको अस्थायी दरवन्दीमा रही शिक्षण पेसा गरेका थिए । त्यसपछि वि.सं. २०६१ देखि हालसम्म गङ्गानगर मा.वि. गङ्गानगरमा मा.वि. तहमा सामाजिक शिक्षा, नेपाली र अर्थशास्त्र विषय अध्यापन गराउँदै आएका छन् । शिक्षा पेसा वाहेक साहित्य रचना तथा कृषि व्यवसायको काम गरेर पनि जीवीका चलाउन केही सहयोग पुगेको कुरा देवकोटाले बताएका छन् ।

## २.२.११ दिनचर्या, बानी र रुचि

विमलप्रकाश देवकोटा शिक्षण पेसाका अतिरिक्त साहित्य सिर्जनामा संलग्न देखिन्छन् । स्वतन्त्र लेखन र पुस्तकाकार कृति लेखन कार्यमा पनि जुटेका छन् । देवकोटा

स्थानीय तथा राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा आफ्ना फुटकर लेख रचनाहरू प्रकाशित गर्दै आएका छन् । साहित्यिक किताब तथा पत्र-पत्रिकाहरू अध्ययन गर्नमा रुचि राख्ने देवकोटा बिदामा घरायसी कामका साथै साथीभाइसँगको भेटघाटमा व्यस्त रहन्छन् भने फुर्सदको समयमा साहित्य रचनामा तल्लीन हुन मन पराउँछन् । गाउँघरमा पूजाआजा हुँदा तथा साथीभाइसँग वनभोज जाँदा होस् वा कुनै साँस्कृतिक कार्यक्रममा होस् उनी स्वयम् आफैं पनि गीत गाउँछन् भने मादल, हार्मोनियम, खैजरी, मुजुरा जस्ता बाजाहरू पनि कुशलताका साथ बजाउँछन् । उनी यस्ता कार्यहरूमा रसिक देखिन्छन् । दाल, भात, माछा, मासुका साथै दूध, दही, हरियो सागसब्जी यिनी बढी मन पराउँछन् ।

## २.२.१२ साहित्यिक रुचि, अध्ययन र सोख

नेपाली साहित्यको विशेषत: कविता विधाको गजलमा कलम चलाउन रुचि राख्ने देवकोटा समाजका प्रतिष्ठित व्यक्तिका साथै साहित्यिक नवप्रतिभा व्यक्तित्वको रूपमा उनको भूमिका प्रखर रहेको छ । यिनले साहित्य सिर्जनाको मूल आधारका रूपमा सामाजिक, विसङ्गति, विपन्नता, नारीसमस्या, देशको राजनीतिक अस्थिरता, प्रेम, समय परिवेशलाई लिएको पाइन्छ । देशको युवाशक्ति र नरनारी बीचको प्रेमाशक्तिमा केन्द्रित रहेर यिनले साहित्य सिर्जना गरेका छन् । साहित्य समारोह, गोष्ठी आदिमा भाग लिन मन पराउनुका साथै आधुनिक गीत गुनगुनाउँदै सुगम सङ्गीत सुन्नमा विशेष रुचि राख्छन् । अरूलाई छिटै विश्वास गरिहाल्ने बानीले गर्दा धेरै कार्यहरूमा बाधा पुगेको बताउने देवकोटालाई राष्ट्रिय तथा विश्वसाहित्यको बारेमा लेखिएका लेख रचनाहरूको खोजी गरी अध्ययन गर्ने र उत्कृष्ट साहित्य सिर्जनामा लाग्ने मोह रहेको छ । जुवातास यिनलाई त्यति मन पर्दैन र निसापानीमा पनि रुचि राख्दैनन् ।

## २.२.१३ भ्रमण

विमलप्रकाश देवकोटा कामको सिलसिलामा छिमेकी राष्ट्र भारतको रक्सौल, चीनको खासासम्म पुग्नुका साथै नेपालको मध्यपश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल बाहेक अन्य नाम चलेका तथा प्रख्यात स्थलहरू भएका जिल्लाहरूको भ्रमण गरेका छन् । आफूले घुमेका र पुगेका ठाउँहरूमध्ये सबैभन्दा मनपरेको ठाउँ ‘पोखरा’ हो भनेका छन् ।

## २.२.१४ लेखनमा प्रेरणा र प्रभाव

विमलप्रकाश देवकोटा बाल्यकालदेखि नै अन्तर्मुखी स्वभावका थिए । एकातिर उनी स्वयं अन्तर्मुखी भएकाले र अर्कोतिर पिता लेखनाथ देवकोटा शाास्त्रीय छन्दमा कविता लेखी सुमधुर स्वरमा वाचन गर्ने हुँदा त्यसबाट प्रभावित भई उनको साहित्यिक यात्रा अगाडि बढेको पाइन्छ । यस धर्तीमा देखिने असङ्गत र बेमेल कुराले आफूलाई छट्पटी बनाएर लेखन कार्यमा थप ऊर्जा थपेको कुरा साहित्यकार देवकोटा बताउँछन् । बाल्यकालदेखि नै छोटा र सहज कविता तथा गजल लेख्ने साहित्यकार देवकोटामा आफ्नै देवकोटा थर भएका लक्ष्मीप्रसादको ‘मुनामदन’ खण्डकाव्यले निकै प्रभाव पारेको रहेछ । विशेषतः नेपाली साहित्यका लेखनाथ पौड्याल, शंकर लामिछाने, हृदयचन्द्रसिंह प्रधान, गोपाल प्रसाद रिमाल, भूपि शेरचन, माधव प्रसाद घिमिरे, पारिजात आदि व्यक्तित्व र तिनका कृतिहरूको प्रेरणाका साथै प्रभाव उनको साहित्यिक लेखनमा परेको छ । यिनका कृतिहरूमा वर्तमान राजनीतिक खिचातानी, देशको अशान्ति, सामाजिक,आर्थिक, जस्ता दुर्दशापूर्ण वातावरणबाट उत्पन्न भएको विषयका साथसाथै मानवमनभित्रका घृणा, रतिरागात्मक प्रेम, यौन भावनाबाट उत्पन्न भएको विषय परिस्थितिको परिणति पनि उनको लेखनकार्यमा उर्जा शक्तिका रूपमा आएको देखिन्छ (शोधनायकसँगको अन्तर्वार्ताअनुसार) ।

यसरी समसामयिक राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशको स्थितिले उनमा आएको छटपटीलाई व्यक्त गर्ने क्रममा साहित्य सिर्जना भएको देखिन्छ । समग्रमा भन्नुपर्दा पिताको व्यक्तिगत प्रभाव, अन्तर्राष्ट्रिय व्यक्तित्वको प्रभाव र आफ्नो यौवनावस्थाका साथै अन्य युवा साथीहरूको भावावेग आदि पक्षहरू उनको साहित्य लेखनको मूल प्रेरणा र प्रभाव हुन् भन्न सकिन्छ ।

## २.२.१५ वैयक्तिक जीवनका विशेष घटना-सन्दर्भ

हरेक मानिसका आ-आफ्नै दिनचर्याहरू हुन्छन् । यही जीवनका उकाली - ओरालीसँगै विभिन्न समयमा भिन्न-भिन्न किसिमले असाधारण रूपमा विशेष घटना घट्ने गर्दछन् । यस्ता घटनाहरू अविस्मरणीय भएर रहेका हुन्छन् । साहित्यकार देवकोटाको जीवनमा पनि विद्यालय पढ्न जाँदा-आउँदा, जङ्गलमा गाईभैंसी चराउन जाँदा साथै

साथीभाइसँग रापतीमा पौडी खेल्दा सानातिना धेरै घट्नाहरू घटेका छन् । ती घटनाहरूमध्ये केही घटनालाई विशेष रूपमा उल्लेख गर्न सकिन्छ ।

आठ कक्षामा पढ्ने ताका भैंसी रापती नदी पारीबाट चरेर आउँदा दलदले भासमा गडेछ । साथीहरूको सहयोगले बल्लतल्ल भैंसीलाई भासबाट त निकालेछन् तर रापती नदी तर्ने क्रममा उनी पानीमा डुबेर झण्डैले मरेनछन् । धन्न उनलाई साथीहरूले बचाउन सफल भएछन् । त्यो घटना सम्झँदा पनि अहिले आङ जिरिङ्ग हुन्छ भन्छन् । वि.सं.२०५० मा रापती नदीमा आएको बाढीले घरनजिकै पर्ने सिसौगैरी डुवाएर बस्तीसम्म पानी सुसाएर आउँदा मनमा भय पलाएको घटना अझै पनि आँखा वरिपरि आउँछ भन्छन् (शोधनायकसँगको अन्तर्वार्ताअनुसार) ।

## २.२.१६ चिन्तन, दर्शन र विचार

मार्क्सवादी चिन्तन, दर्शन र विचारबाट प्रभावित विमलप्रकाश देवकोटा प्रगतिशील र क्रान्तिकारी सर्जक हुन् । श्रमलाई ईश्वर सम्झने देवकोटाले श्रम शोषण गर्नेलाई राक्षसको उपमा दिन्छन् । साहित्यलाई समाजको प्रतिबिम्ब र जीवन दर्शनको रूपमा लिने देवकोटाले सङ्घर्षलाई कर्मको एउटा पाटोको रूपमा हेर्दछन् । मानवताको संरक्षण, मानवीय भावनाको विकास र भौतिकवादी दृष्टिकोणलाई सँगसँगै लैजानुपर्ने उनको विचार छ । अनुभव र कर्मको योग नै जीवन हो भन्ने देवकोटा कर्मबिनाको जीवन निष्प्राण हुन्छ भन्दछन् (शोधनायकसँगको अन्तर्वार्ताअनुसार) ।

## २.२.१७ पुरस्कार तथा सम्मान

आफ्नो व्यक्तिगत स्वार्थ त्यागी सामाजिक काममा योगदान दिएवापत प्रशंसास्वरूप दिइने इनाम नै पुरस्कार हो । विमलप्रकाश देवकोटाले पनि नेपाली साहित्यको कविता विधामा विगत २५ वर्षदेखि निरन्तर गतिशील रूपमा कलम चलाउँदै आएका छन् । यसरी नेपाली साहित्यको श्रीवृद्धिमा योगदान दिने साहित्यकार देवकोटालाई विभिन्न संस्थाबाट विभिन्न पुरस्कारले पुरस्कृत गरिएको पाइन्छ । उनले प्राप्त गरेका पुरस्कार र सम्मान यस प्रकार रहेका छन् :-

क)	२०४३ सालमा मा.वि. तहको कविता प्रतियोगितामा प्रथम पुरस्कार ।

ख)	चितवन गजल मञ्चद्वारा “गजल स्रष्टा सम्मान २०६५” बाट सम्मानित ।

ग)	पल्लव साहित्य प्रतिष्ठानद्वारा “पल्लव साहित्य सम्मान २०७१”मा सम्मानित ।

घ)	विभिन्न समयमा भएका वडा तथा गा.वि.स. स्तरीय भलिवल, फुटबल जस्ता प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भई प्रमाण-पत्र र शिल्ड प्राप्त गरेका छन् ।

## २.२.१८ निष्कर्ष

जन्मदेखि मृत्युपर्यन्त भएगरेका विविध घटना तथा क्रियाकलापको प्रस्तुति नै जीवनी हो । जीवन सधैँ एकनासले चल्दैन र सबैको जीवन एकैनासको पनि हुँदैन । मानिसको जीवनमा विभिन्न सुख-दुःखको आरोह अवरोह भइ नै रहन्छ । यस्ता समस्याहरूसँग सिगौँरी खेल्नै पर्छ । अनेक सुखदुःखको मेललाई क्रमबद्ध रूपमा उल्लेख गर्नु नै जीवनी भएकाले यहाँ विमलप्रकाश देवकोटाले गरेका साहित्यिक योगदानलाई हेरेर उनको जन्मदेखि हालसम्मको सङ्क्षिप्त वृतान्त प्रस्तुत गरिएको छ ।

उनी बाँचेको परिवार, समाज, संस्कृति, परिवेश र सभ्यतासँग उनको अन्योन्याश्रित सम्बन्ध रहेको छ । पिता लेखनाथ देवकोटा र माता तोरणकुमारी देवकोटाका दोस्रो सन्तान जेठो छोराको रूपमा उनी वि.सं. २०२७ पौष १९ गते पटिहानी गा.वि.स. वडा नम्बर ८ (हाल भ.उ.न.पा.-२८) मा जन्मिएका हुन् । स्नातकोत्तर तहसम्मको अध्ययन गरेका देवकोटा विद्यालयीय जीवनदेखि नै साहित्यतर्फ आकृष्ट भएको देखिन्छ । आफ्नै पिता लेखनाथ देवकोटाबाट प्रेरणा र प्रोत्साहन पाएका विमलले आफ्नो प्रतिभालाई सिर्जना मार्फत प्रस्तुत गरेका छन् । २४ वर्षको उमेरमा दाम्पत्य जीवनमा बाँधिएका देवकोटाको वैवाहिक जीवन सफल देखिन्छ । एक छोरा विपिन र एक छोरी मनिषा गरी दुई सन्तानका बाबु विमल आफ्नो पारिवारिक अवस्थासँग सन्तुष्ट छन् । वि.सं. २०५७ सालदेखि अध्यापन कार्यमा संलग्न देवकोटा विभिन्न सङ्घ-संस्थाहरूमा पनि आबद्ध रहेर सामाजिक सेवामा लागेका देखिन्छन् । सहयोगी, उदार र कोमल हृदय भएका विमलप्रकाश देवकोटा समाजको बेथिति,

अन्धविश्वासले आक्रान्त पारेका निम्नवर्गका मानिसप्रति सहानुभूति राख्दछन् । मार्क्सवादी सिद्धान्तसँग निकटता राख्ने उनले सङ्घर्ष भनेको कर्म हो र परिश्रम नै पूजा हो भन्ने ठान्दछन् । लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, पारिजात, गोपालप्रसाद रिमाल जस्ता साहित्यकारहरूबाट उनी बढी प्रभावित भएका देखिन्छन् ।

समग्रमा भन्नुपर्दा विमलप्रकाश देवकोटाको जीवनमा विविध आरोह अवरोह देखिए तापनि सादा जीवन उच्च विचारले सरल र स्वभाविक जीवन बाँच्न रुचाउने उनको जीवनी र साहित्य - सिजर्नाका बीच सुमधुर सम्बन्ध रहेकाले समग्रमा हेर्दा उनको जीवनीका विविध पक्षहरू बीच सु-सम्बन्ध देखिन्छ ।

# परिच्छेद : तीन

# विमल प्रकाश देवकोटाको व्यक्तित्व

# परिच्छेद : तीन

# विमल प्रकाश देवकोटाको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण वा व्यक्तिमा हुने निजी विशेषतालाई व्यक्तित्व भनिन्छ (शर्मा, २०६८ : १२६७) । कुनै पनि व्यक्तिको व्यक्तित्व सामाजिक जीवनको भोगाइको क्रममा जीवनमा देखा परेका सामान्य एवम् असामान्य स्थितिबाट निर्माण भएको हुन्छ । व्यक्तित्व निर्माणमा समाज, परिवार, अध्ययन आदिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । निजी व्यक्तित्वमा व्यक्ति विशेषको निजीपनका साथै व्यक्तिले अरूलाई प्रभावित पार्ने विशेषता निहित हुन्छ । सामाजिक परिवेश, राष्ट्रिय, अन्तराष्ट्रिय घटनाक्रमहरू पनि व्यक्तित्व निर्माणका प्रमुख कारक तत्त्व हुन सक्छन् । व्यक्तित्व अनुभवमूलक प्रवृत्ति तथा आर्जित गुण एवम् प्रवृत्तिहरूको समूह हो (पोखरेल, २०५८ : ११७५) । कुनै पनि व्यक्तिले उसको जीवनका ज्ञान र अनुभवका आधारमा कृतिहरूको रचना गर्दछ । रचनामा व्यक्तित्वको प्रत्यक्ष वा परोक्ष प्रभाव पर्दछ ।

हरेक व्यक्तिमा फरक-फरक प्रतिभा, विचार वा चरित्रमा अनेकता पाइने हुनाले व्यक्तिका निजीपनका आधारमा उसको व्यक्तित्वका पाटाहरूलाई नियाल्नु पर्ने हुन्छ । हरेक व्यक्तिका वाह्य र आन्तरिक गरी व्यक्तित्वका दुईपाटा हुन्छन् । दुनियाँका चर्मचक्षुले नियाल्न मिल्ने बाहिरी स्वरूप वा वनावटलाई बाह्य व्यक्तित्व भनिन्छ भने मानसिक रूपमा निर्मित व्यक्तित्वलाई आन्तरिक व्यक्तित्व भनिन्छ । यिनै वाह्य र आन्तरिक व्यक्तित्वले नै हरेक व्यक्तिलाई समाजमा स्थापित र मर्यादित बनाउँछ ।

व्यक्तित्वका आधारमा मानिसको मूल्याङ्कन गरिएको हुन्छ । वाह्य व्यक्तित्वभन्दा व्यक्तिको आन्तरिक व्यक्तित्व सबल रहेको हुन्छ । त्यसैले व्यक्तिको बाह्य व्यक्तित्वलाई आन्तरिक व्यक्तित्वले आभूषणका रूपमा सजाएको हुन्छ । समाजमा प्रतिष्ठित र कहलिएका व्यक्तिहरूको व्यक्तित्वले अरूलाई प्रत्यक्ष प्रभाव पार्ने भएको हुँदा प्रभावशाली व्यक्तित्वको ज्यादै महत्त्व रहेको हुन्छ । नेपाली साहित्यको मझेरीमा देखा परेका विभिन्न साहित्यिक

व्यक्तित्वहरूमध्ये विमलप्रकाश देवकोटा पनि एक हुन् । यहाँ उनकै व्यक्तित्वका विविध पाटाहरूलाई अध्ययन गरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व

कुनै पनि व्यक्तिलाई बाहिरबाट हेर्दा स्पष्ट देखिने शारीरिक वनावटलाई नै बाह्य व्यक्तित्व भनिन्छ । शारीरिक अवस्थासँग आन्तरिक व्यक्तित्व जोडिँदा व्यक्तिको वास्तविक पहिचान छर्लङ्ग हुन्छ । ५ फिट ५ इन्च उचाइ, ६८ के. जी. तौल, सफा गहुँगोरो वर्ण, छरितो शरीर, ठूलो निधार, सुन्दर मोहडाका साहित्यकार विमलप्रकाश देवकोटाको हँसिलो अनुहार, मृदुभाषी र नम्र स्वभावले उनलाई बाह्य व्यक्तित्वमा थप टेवा पुगेको छ । प्रायःजसो देवकोटा जुँगा पाल्ने गर्दछन् भने कहिलेकाहिँ दाह्री पनि पाल्ने गर्दछन् । यो नै उनको वाह्य व्यक्तित्व हो ।

मिलनसार, सरल, निष्कपट व्यवहार र आकर्षक शारीरिक वनावटले देवकोटाको व्यक्तित्व प्रभावशाली बनाएको छ । विद्यालय जाँदा वा अन्यत्र कतै काममा जाँदा सर्ट, पाइन्टका साथै विशेष अवशरमा कोट, टाई र घरमा बस्दा गञ्जी र हाफ पाइन्ट लगाउने देवकोटाको रुची रहेको देखिन्छ । विशेष परिस्थिति र अवसरमा विविध पोशाकले आफूलाई सजाउन रुचाउने देवकोटा तडकभडक नभएका सफा लुगा लगाउन मन पराउँछन् । हँसिलो अनुहार भएका कोही कसैलाई अन्याय र अत्याचार नगर्ने र नसहने देवकोटा उच्च मनोबल भएका व्यक्ति हुन् । देखेजानेका कुरा नढाँटी बोल्ने स्पष्ट वक्ता अनि कसैसँग लोलोपोतो गर्न नचाहने निर्भीक र स्वाभीमानी व्यक्ति पनि हुन् ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिमा अन्तर्निहित गुण, प्रतिभा र विशिष्टतालाई त्यस व्यक्तिको आन्तरिक व्यक्तित्व भनिन्छ । कुनै पनि मानिसको व्यक्तित्व उसको जीवनको उतारचढाव, क्रिया-प्रतिक्रिया र जीवन भोगइमा निर्भर गर्दछ । व्यक्तिको आन्तरिक व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, आर्थिक, साँस्कृतिक एवम् राजनीतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, जीवनप्रतिको दृष्टिकोण पनि

व्यक्तित्व निर्माणमा सहायक हुन्छन् । विमलप्रकाश देवकोटाको समस्त व्यक्तित्वको अध्ययन गर्दा उनको आन्तरिक व्यक्तित्व बहुमुखी देखिन्छ । उनले नेपाली साहित्यको श्रीवृद्धि, समाजसेवा र राष्ट्रोन्नतिमा के-कति योगदान दिएका छन् भन्ने कुरा बुझ्न उनका जीवनका विभिन्न पक्षहरूको अध्ययन गर्नुपर्ने हुन्छ । यहाँ उनको आन्तरिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

वि. सं. २०४३ मा मा.वि. स्तरीय कविता प्रतियोगितामा 'गरिबको जीवन' नामक कविताले प्रथम पुरस्कार प्राप्त गरेपछि साहित्य सिर्जना तथा अध्ययनमा लागेका साहित्यकार विमलप्रकाश देवकोटाको पहिलो प्रकाशन कृति **पलपलका तलतलहरू** गजलसङ्ग्रह (२०५९) हो । अहिलेसम्म देवकोटाका आधादर्जन जति पुस्तकाकार कृतिहरू र थुप्रै फुटकर रचनाहरू प्रकाशित भइसकेका छन् । यसले गर्दा उनको साहित्यिक व्यक्तित्व अझ तीव्रतर गतिमा अगाडि बढ्दै गएको पाइन्छ । यसका अतिरिक्त देवकोटाले विभिन्न साहित्यिक कार्यक्रम र गोष्ठिहरूमा भाग लिएर आफ्नो साहित्यप्रतिको अनुरागलाई बढाइरहेका छन् । शिक्षण पेसामा आबद्ध भएर पनि साहित्यको क्षेत्रमा आफ्नो दक्षता प्रस्तुत गर्नु यिनको विशिष्ट गुण हो । विभिन्न साहित्यिक जमघट, बौद्धिक ज्ञान र अनुभवले उनको व्यक्तित्व झन् तिखारिएको छ । आख्यान र कविताका क्षेत्रमा परिचित युवा साहित्यकार देवकोटाको कलम साहित्यको श्रीबृद्धिमा निरन्तर क्रियाशील रहेको छ ।

#### ३.३.१.१ गजलकार व्यक्तित्व

युवा साहित्यकार देवकोटा मुलतः गजलकारका रूपमा कलम चलाउने स्रष्टा हुन् । अरू विधामा पनि कलम नचलाएका भने होइनन् तर गजलमा उनी सफल मानिन्छन् । उनका **पलपलका तलतलहरू** (२०५९) गजलसङ्ग्रह, **गजल दीपिका शोककाव्य** (२०६०), गजल व्याकरण, **पलपलका परिमल** (२०६३) गजलसङ्ग्रह, **बहरमाला** (२०६३) संयुक्त गजलसङ्ग्रह, **समकालीन नेपाली गजल** (२०६४) संयुक्त गजलसङ्ग्रहका साथै विभिन्न पत्रपत्रिकाहरूमा समेत गजलहरू प्रकाशित भएका छन् । उनका गजलहरूमा देश दुखेको कथा पाइन्छ । प्रियसीलाई मात्र होइन आफू जन्मिएको माटोलाई पनि उनी उत्तिकै माया

गर्दछन् । वर्तमान समयमा सिङ्गो मानवता, नेपाली समाज आततायी समयको शिकार बन्न गएको अनि मेची-महाकाली क्षतविक्षत बनेको र स्वर्ग जस्तो नेपाल अशान्तिको कारण नरकजस्तो बन्न पुगेको तीतो अनुभूति उनका गजलमा पाइन्छन् । रुढीवादको विरोध, कुरीति, जातीय विभेद, प्रणय, प्रकृतिप्रेम, देशप्रेम, भष्ट्रचारी नेताप्रति खबरदारी जस्ता विषयहरूलाई उठान गर्नुका साथै गजलका मतला, मकता, तखल्लुस, रदीफ, काफिया जस्ता तत्त्वहरूको पूर्ण संयोजनमा संरचित देवकोटाका गजलले समसामयिक विषयलाई समेत समेट्ने जमर्को गरेको पाइन्छ । उनका प्रकाशित यिनै गजलसङ्ग्रहहरूले उनलाई गजलकार व्यक्तित्वको रूपमा स्थापित गराउन सफल रहेको पाइन्छ ।

### ३.३.१.२ हाइकुकार व्यक्तित्व

जापानी साहित्यबाट विकसित हुँदै क्रमिक रूपमा नेपाली साहित्यमा समेत मौलाउन पुगेको हाइकु कविता साहित्यको कान्छो विधा मानिन्छ । साहित्यको विभिन्न विधामा कलम चलाएका विमलप्रकाश देवकोटाको **विमल दर्पण** (२०६०) हाइकुसङ्ग्रह प्रकाशित भएको छ । विन्दुमा सिन्धु अटाउन सकिने साहित्यको एउटा उपविधाको रूपमा देखिएको हाइकुमा कुनै दृश्य, त्यो दृश्यबाट उद्वेलित भावना, त्यो भावना अभिव्यक्तिको लागि अपनाएको बिम्बले औंलाएको सङ्केत र त्यो सङ्केतबाट पाठकमा लाग्ने घत नै हाइकुमा रहने तत्त्व हुन् भन्ने जापानी मान्यतालाई देवकोटाले आत्मसात गरेको पाइन्छ । देवकोटाले आफ्ना हाइकुहरूमा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गरी वर्तमान सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्यवाण प्रहार गर्नुका साथै सुधारको लागि आग्रह, प्रणयप्रेमको अभिव्यक्ति अनि राष्ट्रप्रेम, प्रकृतिप्रेम जस्ता विचारहरू छताछुल्ल हुने गरी पोखेका छन् । **चितवन-मुद्रण स्मारिका** (२०६०) लगायत विभिन्न पत्रपत्रिकाहरूमा समेत हाइकुहरूलाई स्थान सुरक्षित गरेका देवकोटा थोरै हाइकुकार माझमा उत्कृष्ट ठहरिएका छन् ।

### ३.३.१.३ कवि व्यक्तित्व

साहित्यकार विमलप्रकाश देवकोटा विशेषतः गजलकार र हाइकुकारका रूपमा परिचित छन् । यसको पुष्टि उनका प्रकाशित कृतिहरूबाट प्रस्ट हुन्छ । यसको अलवा कविताका क्षेत्रमा पनि उनको संलग्नता पाइन्छ । हालसम्म उनको कविता सङ्ग्रहको

प्रकाशन नभए तापनि फुटकर रूपमा विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका एवं विभिन्न संघसंस्थाका स्मारिकाहरूमा प्रकाशन भएको पाइन्छ । विद्यालय अवस्थादेखि नै साहित्यतर्फ उन्मुख भएका देवकोटाले २०४३ सालमा 'गरिबको जीवन' कविताबाट मा. वि. तहको कविता प्रतियोगितामा भाग लिएर प्रथम स्थान समेत हात पारेका थिए । गरिबहरूको अभाव र दुर्दशादेखि द्रविभूत र संवेदित भएर तिनलाई मुक्त र उत्थान गर्न आवाज उठाउने देवकोटा प्रगतिशील स्रष्टा हुन् । तलको कवितामा उनले धनी र गरिबबीचको भिन्नतालाई यसरी व्यक्त गरेका छन् :

एउटा भव्य समारोह
चिल्ला कार र सुकिला मानिसहरू
आउँदै र भरिँदै छन् हरेक लहरहरू
त्यसै छेउमा देखिँदै छ
मैला भ्रुत्राले सजिएको
टिठलाग्दो मानव अस्थिपञ्जर

(*असम्पृक्त दृश्य,* **जागृति** साप्ताहिक पत्रिका, वर्ष-१ अङ्क १, २०५८, पृ. १०)

त्यस्तै गरी जागृति मासिक पत्रिकामा **कटु तिक्तता** शीर्षकको कवितामा साहित्यकारप्रति गरिएको अपमानलाई यसरी व्यक्त गरिएको छ :

देख्छु कहिले जीउँदा देवकोटाहरू
अपहेलित भएका छन्
कहिले फ्याकिँएका छन्
भानुभक्त र लेखनाथहरू
कतै थुप्रै पारिजातहरू
ओझेलमा परेका छन् त
कतै मिचिएका छन्
थुप्रै जीउँदा रिमाल र कटुवालहरू ।

(**जागृति** मासिक पत्रिका २०५८, वर्ष १ अङ्क २, पृ. ८)

देवकोटाका यस्तै यस्तै मार्मिक कविताहरू **छहारी** साहित्यिक मासिक वर्ष १, अङ्क ५-२०६० मा *बुद्धका सन्देश घन्काउँदै आऊ,* **रेयुकाई पत्र** २०५८ को २१ औं अङ्कमा *जसले जे भनेपनि हुन्छ* जस्ता कविताहरू प्रकाशित भएका छन् । जीवनको जटिलता, बाँच्नुको यथार्थता, भ्रष्टचार, कालोबजार, विसङ्गति, विकृति, अन्धविश्वास, सामाजिक, धार्मिक, राजनैतिक आदि विषयमा विद्रोही स्वर दिनु उनका कविताका विषयगत परिधि हुन् । तसर्थ साहित्यकार देवकोटामा कवि व्यक्तित्व प्रष्ट देख्न सकिन्छ ।

### ३.३.१.४ मुक्तककार व्यक्तित्व

विमलप्रकाश देवकोटाको साहित्यिक विविध व्यक्तित्वमध्ये मुक्तक व्यक्तित्व पनि उच्च स्थानमै रहेको पाइन्छ । मुक्तक कविताको एउटा स्वरूप हो । मुक्तकमा पनि उनको कलम चलेको हुनाले मुक्तककार व्यक्तित्व भनेर छुट्टै व्यक्तित्वमा वर्णन गरिएको छ ।

२०५६ सालमा चितवन साहित्य परिषद्ले प्रकाशन गरेको **वागीश्वरी** (समसामयिक सङ्कलन) वर्ष १९ अङ्क १६ मा *मुक्तकमाला* शीर्षकको मुक्तकले उनी सफल मुक्तककारका रूपमा देखिन्छन् ।

प्रत्येक छानामाथिको भागलाई गजुर भन्न सकिन्न
हरेक रङ्गीन वन-चरालाई मयुर भन्न सकिन्न
माथिबाटै भ्रष्टचार मौलाएको यो बेला
प्रत्येक हाकिमलाई यहाँ हजुर भन्न सकिन्न ।

त्यस्तै गरी **वनज्योति स्वर्ण स्मारिका** (२०६९) मा प्रकाशित देशमा भएको राजनीतिक खिचातानीले देशमा देखिएको समस्यालाई उजागर गरेको *तीन थुँगा* नामक मुक्तकले पनि देवकोटाको मुक्तककार व्यक्तित्वलाई प्रष्ट पार्दछ ।

देश चलाउने खेल जति भो साथी
षड्यन्त्रको प्रपञ्चना अति भो साथी
अखण्डताको मन्त्र अलापेर के गर्नु
अब त देश टुक्रने मति भो साथी ।

अभिव्यक्तिका दृष्टिले लाक्षणिकता, आवृत्ति, प्रतीक र व्यञ्जना जस्ता मुक्तकका अन्तरवस्तुले मानसपटलमा संवेदना पैदा गर्दछ भन्ने विचार राख्ने देवकोटाका पुस्तकाकारमा

मुक्तकहरू प्रकाशित नभए तापनि विभिन्न समयमा पत्रपत्रिकामा प्रकाशित विविध मुक्तकले यिनी सबल मुक्तककार हुन् भन्ने पुष्टि हुन्छ ।

### ३.३.१.५ गीतकार व्यक्तित्व

विमलप्रकाश देवकोटा गीतकार पनि हुन् । उनी गाउँघरमा, वनभोज, पूजाआजामा मादल, खैजडी बजाएर गीत पनि गाउने गर्दछन् । तसर्थ उनमा कवि, गीतकार र गायक तीनवटै प्रतिभाहरू अन्तर्निहित छन् । उनले लोकजीवनमा प्रभाव पार्ने सुललित गीतहरू लेखेको पाइन्छ । उनी गीतमा पनि व्यङ्ग्य घोलेर श्रोताहरूलाई आनन्द दिलाउँछन् । यतिमात्र नभएर उनका गीतमा राष्ट्रप्रेम अनि शृङ्गारिकता पनि पाइन्छ । **नव रचना** साहित्यिक त्रैमासिक वर्ष १, अङ्क १, २०५८ प्रवेशाङ्कको पृष्ठ ८ मा प्रकाशित गीतलाई हेरौँ :

मलाई भन्ने धेरै होलान् प्रेम-कलाकार
तिमी आउने बाटो बन्द राखी लगाइदिन्छु बार ।

त्यस्तै गरी प्रेम प्रसङ्गलाई व्यक्त गरेको गीतको नमुना तल उल्लेख गरिएको छ । उक्त गीत **छहारी** मासिक वर्ष १ अङ्क ६-२०६० मा पृष्ठ १२ मा प्रकाशित भएको थियो ।

मखमली भनूँ मात्रै चमेली पो प्यारो रै'छ
रूपै मात्र राम्रो मन ढुङ्गाभन्दा साह्रो रै'छ
दोबाटोमा आँखा जुधाईं जहरमा हेलिदिन्छ्यौ
मेरो मनको मृगतृष्णा भन कहिले मेटिदिन्छ्यौं ?

### ३. ३.१.६ सम्पादक व्यक्तित्व

साहित्यकार विमलप्रकाश देवकोटा व्यवसायिक पत्रकार त होइनन् तर उनले साहित्यिक पत्रपत्रिका तथा स्मारिकाहरूको सम्पादन गरेका छन् । विद्यार्थीकालदेखि नै साहित्यप्रति अनुराग भएका र नेतृत्वदायी भूमिका निर्वाह गरेका विमलको सम्पादक व्यक्तित्वको छुट्टै परिचय रहेको छ । वि.सं. २०६५ मा मध्यक्षितिज बाङ्मय प्रतिष्ठान पटिहानी चितवनद्वारा प्रकाशित **मध्यक्षितिज** साहित्यिक पत्रिकाको सम्पादक संयोजक रहेर

काम गरेका छन् भने **हाम्रो पटिहानी राम्रो पटिहानी स्मारिका** (२०७०) को सम्पादन समेत गरेका छन् । यसबाट पनि उनी सम्पादक व्यक्तित्व हुन् भन्ने कुरा प्रष्ट हुन्छ ।

### ३.३.१.७ द्रष्टा व्यक्तित्व

साहित्यकार देवकोटा स्रष्टा मात्र नभई द्रष्टा व्यक्तित्वको रूपमा पनि परिचित छन् । उनको स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका एवं स्मारिकाहरूमा लेख, निबन्ध, समीक्षा आदि प्रकाशित भएका छन्  भने **जनजागृति स्वर्ण स्मारिका** (२०६९) मा महाकवि देवकोटा र *सुलोचना महाकाव्य : एक अध्ययन शीर्षकको समालोचना* समेत प्रकाशित भएको पाइन्छ । त्यस्तै गरी **हाम्रो छहारी** वर्ष १, अङ्क २, (२०६१) मा सम्पादक सुकदेव गिरीसँग हाइकु सम्बन्धी अन्तरवार्ता *हाइकु भावनाको सङ्केत हो वर्णन होइन*  शीर्षकमा छापिएको थियो । उनको *राष्ट्रिय निकुञ्ज संरक्षण र चुनौती* शीर्षकको लेख **चितवन महोत्सव स्मारिका** २०६७ (पृष्ठ १५५-५७) मा अनुसन्धानात्मक लेख छापिएको छ । यसबाट पनि उनी द्रष्टा व्यक्तित्वका रूपमा पनि अगाडि छन् भन्न सकिन्छ ।

## ३.४ साहित्येतर व्यक्तित्व

एउटै साहित्यकारभित्र अनेक व्यक्तित्व हुन सक्छ । साहित्यकार विमलप्रकाश देवकोटामा साहित्यिक र साहित्येतर व्यक्तित्त्व दुबै समानान्तर रूपमा देखा पर्दछन् । यस शीर्षक अन्तर्गत तल विविध पक्षहरूमा केन्द्रित रही उनको साहित्येतर व्यक्तित्वलाई केलाउन सकिन्छ ।

### ३.४.१ शिक्षक व्यक्तित्व

विमलप्रकाश देवकोटाको प्रमुख व्यक्तित्वमध्ये शिक्षक व्यक्तित्वले महत्त्वपूर्ण स्थान राख्दछ । वि.सं. २०५७ मा जनजागृति उ.मा.वि. पिठुवामा नि.मा.वि. तहमा शिक्षण कार्यको आरम्भ भएको देखिन्छ । उनले त्यहाँ शिक्षकले पूरा गर्नुपर्ने दायित्व वि. सं. २०६१ सम्म गरेपछि घरनजिकै रहेको र आफूले शिक्षारम्भ गरेकै विद्यालय गङ्गानगर मा.वि. मा वि.सं. २०६१ देखि हालसम्म अविछिन्न रूपमा शिक्षण गर्दै आएका छन् । हालसम्म १६ वर्ष शिक्षण

पेसामा समय व्यतित गरेका देवकोटालाई यो पेसा अति नै प्यारो लाग्ने बताउँछन् । उनी यो पेसामा अझै अघाएका छैनन् । यो पेसामा उनी ठूलो गर्व गर्छन् । यो पेसाकै कारण उनलाई साहित्य सिर्जनामा समेत टेवा मिलेको छ (शोधनायकसँगको अन्तर्वार्ताअनुसार) ।

### ३.४.२ साहित्यिक सङ्घ-संस्थाहरूसँग संलग्न व्यक्तित्व

विमलप्रकाश देवकोटा विभिन्न साहित्यिक सङ्घसंस्थाहरूसँग संलग्न रहँदै आएका छन् । उनी अभिव्यञ्जना साहित्य प्रतिष्ठानका सचिव, साहित्य सङ्गम चितवनका कार्यसमिति सदस्य, प्रगतिशील लेखक संघ चितवनको सचिव पदमा रहेर काम गर्दै आएको पाइन्छ । त्यस्तै गरी चितवन साहित्य परिषद्का आजीवन सदस्य, बाल्मीकि साहित्य सदन चितवनका सह-सचिव, मध्यक्षितिज वाङ्मय प्रतिष्ठान चितवनको अध्यक्ष जस्ता थुप्रै साहित्यिक सङ्घसस्थाहरूमा आवद्ध रही सक्रिय रूपमा काम गर्दै आएका छन् ।

### ३.४.३ सामाजिक सङ्घ-संस्थाहरूसँग संलग्न व्यक्तित्व

विमलप्रकाश देवकोटाको संलग्नता विभिन्न सामाजिक संघसंस्थाहरूमा पनि देखिन्छ । उनी पटिहानी सामुदायिक पुस्तकालयको आजीवन सदस्य, नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य रहेर मानवीय कार्यमा सहयोग पुऱ्याईरहेका छन् । यस्तै गरी प्रगति जन क्लवका आजीवन सदस्य अनि लक्ष्मी उ. मा. वि. जगतपुरका सल्लाहकार जस्तो गरिमामय पदमा रहेर र आफ्नो गाउँ, टोल, छरछिमेकका यस्तै अन्य थुप्रै संघसंस्थामा आबद्ध रहेर शैक्षिक, सामाजिक, आर्थिक विकास निर्माण सम्बन्धी कार्यमा प्रत्यक्ष संलग्न भई सहयोग पुऱ्याएको पाइन्छ ।

### ३.४.४ राजनीतिक व्यक्तित्व

विमलप्रकाश देवकोटा राजनीतिक व्यक्तित्व पनि हुन् । पारिवारिक राजनीतिक पृष्ठभूमि नभएपनि विद्यार्थी जीवनदेखि नै राजनीतिक क्रियाकलापमा संलग्न रहँदै आएका देवकोटाको मान्यता वामपन्थी विचारधारा हो । मार्क्सवादी चिन्तन-दर्शनबाट प्रेरित देवकोटा शोषित, पीडित जनताका पक्षमा साहित्य सिर्जना गर्छन् । शैक्षिक संस्थामा आबद्ध भएर

लामो समय नेपाली भाषा, साहित्य र शैक्षिक उत्थानका लागि योगदान दिएका देवकोटाले राजनीतिक पृष्ठभूमिमा रहेर साम्यवादी दर्शन व्यवहारमा उतार्न लागि परेको देखिन्छ । उनी देशको वर्तमान राजनीतिक विकृति र विसङ्गतिप्रति चिन्ता व्यक्त गर्दछन् । देवकोटाको राजनीतिक मान्यता आफ्ना लेख रचनाको माध्यमबाट पनि प्रकट भएको पाइन्छ ।

### ३.४.५ साहित्यकारहरूका दृष्टिमा विमलप्रकाश देवकोटा

साहित्यकार विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा उपलब्ध पुस्तक, लेख, रचना एवं मौखिक अन्तर्वाताका क्रममा विभिन्न विद्वान्हरूबाट अभिव्यक्त भएका लिखित तथा मौखिक दृष्टिकोणहरूको अध्ययन गर्न सकिन्छ । साहित्यकार इन्द्रप्रसाद रेग्मीका अनुसार स्वभावले उनी मिलनसार र प्रवृतिगत दृष्टिले जुझारु, हकी र खरा प्रकृतिका प्रगतिवादी साहित्यकार हुन् । यिनी आफूलाई मनमा लागेका कुरा जहाँ पनि स्पष्ट राख्न सक्ने, शोषण, दमन र सामाजिक उत्पीडनको विरुद्ध आवाज बुलन्द पार्न सक्ने व्यक्ति हुन् (इन्द्रप्रसाद रेग्मीसँगको मौखिक अन्तर्वार्ताअनुसार) । वरिष्ठ समालोचक डी. आर. पोखेलका अनुसार आफ्नो वरिपरिको परिवेशप्रति सजग भएर सामाजिक विकृति, विसङ्गतिप्रति आक्रामक बन्दै र सुन्दर समाजको निर्माणार्थ गजल र हाइकुमार्फत अघि बढेका विमलप्रकाश प्रगतिशील साहित्यकार हुन् (पोखरेल, २०७० : २) । साहित्यकार गोर्खे साइँलोका अनुसार विमलप्रकाश देवकोटा सरल, आत्मिक कुनै पनि इष्टमित्रका घरिपरिवारसँग चाँडै घुलमिल हुने मिजासिलो स्वभावका व्यक्ति हुन् । अनि आफ्नो विचारअनुसार काम हुन नसके फरक मत राखी उनी टाढा भैहाल्छन् (गोर्खे साइँलोसँगको मौखिक अन्तर्वार्ताअनुसार) । वरिष्ठ साहित्यकार धनराज गिरीका अनुसार स्पष्टवादिता, मानवीय भावना, अनुजहरूप्रति देखाउने स्नेहभाव साहित्यप्रति समर्पणको भाव, प्रकृतिप्रेम, प्रेमप्रणयको भाव, समाजिक र राजनीतिक विसङ्गतिप्रति चिन्ताभाव उनका साहित्यिक विशेषताहरू हुन् (धनराज गिरीसँगको मौखिक अन्तर्वार्ताअनुसार) । सुरेन्द्र अस्तफलका अनुसार विमलप्रकाश देवकोटा मिहिनेती, सहयोगी भावना भएका, साथीभाइसँग रमाइलो गर्न मन पराउने अनि असल साथीको गुण भएका, पेसाप्रति निष्ठावान्, नेपाली साहित्यमा

केही गर्नुपर्छ भन्ने चिन्तन बोक्ने युवा सर्जक हुन् (सुरेन्द्र अस्तफलसँगको मौखिक अन्तर्वार्ताअनुसार) । नारायणप्रसाद खनालका अनुसार विमल विशेषतः नेपाली साहित्यको गजल र हाइकुका क्षेत्रका उर्जाशील युवा स्रष्टा हुन् (नारायणप्रसाद खनालसँगको मौखिक अन्तर्वार्ताअनुसार) । रमेश प्रभातका अनुसार विमलप्रकाश देवकोटा साहित्यकारहरूको संसर्ग र साहित्यअनुरागका माध्यमबाट साहित्य सर्जकका रूपमा देखिएका र विभिन्न साहित्यिक संघसंस्थाको जिम्मेवारीबाट खारिएका व्यक्ति हुन् (रमेश प्रमातसँगको मौखिक अन्तर्वार्ताअनुसार) । केशवराज आमोदीका अनुसार केही गरेर चिनिन खोज्ने, आशालाग्दो, भर्भराउँदो, प्रौढ हुन बाँकी नेपाली साहित्यका उज्ज्वल नक्षत्र हुन् (केशवराज आमोदीसँगको मौखिक अन्तर्वार्ताअनुसार) । कपिल अज्ञातका अनुसार विमलप्रकाश देवकोटा गतिशील व्यक्तित्व भएका समाज परिवर्तनको चाह राख्ने, अनेकतामा एकताको स्वर उराल्ने, शोषण, दमन र उत्पीडनका विरुद्ध न्यायको वहस गर्ने जोसिला, जाँगरिला, फुर्तिला व्यक्ति हुन् (कपिल अज्ञातसँगको मौखिक अन्तर्वार्ताअनुसार) । जसले जेसुकै भने पनि वास्तवमा देवकोटा कर्तव्यप्रति जिम्मेवार, समाजप्रति वफादार तथा इमान्दार प्रकृतिप्रेम, साहित्यप्रेमी अनि राष्ट्रप्रेमी नागरिक हुन् भन्नमा कुनै अतियुक्ति नहोला ।

## ३.४.६ विमलप्रकाश देवकोटाका फुटकर रचनाहरूको विवरण

प्रगतिवादी विचारधाराले भरिपूर्ण नेपाली साहित्यका नवप्रतिभा देवकोटाको स्वलेखनका तीनवटा र केशवराज ओमोदीसँगको सहलेखनमा एउटा गरी जम्मा चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त उनका केही फुटकर रचनाहरू पनि प्रकाशित छन् । विविध कृतिहरूका माध्यमबाट साहित्यिक क्षेत्रमा आफ्नो उचाइ राख्न सफल देवकोटाका प्रकाशित फुटकर रचनाहरू यस प्रकार रहेका छन् :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित भएको पत्रिका |
|---|---|---|---|
| १. | साहित्यिक गोष्ठीलाई फर्केर हेर्दा | संस्मरण लेख | वागीश्वरी (संस्मरण विशेषाङ्क) वर्ष १३, अङ्क ९, चितवन साहित्य परिषद्, पृष्ठ १२९-१३८ । |

| | | | |
|---|---|---|---|
| २. | मुक्तकमाला | मुक्तक | वागीश्वरी (समसामयिक सङ्कलन) २०५६, वर्ष १९, अङ्क १६, चितवन साहित्य परिषद् । |
| ३. | कटुतिक्तता | कविता | जागृति मासिक पत्रिका २०५८, वर्ष १, अङ्क २, पृ. ८ । |
| ४. | गीत | गीत | नव रचना साहित्यिक त्रैमासिक, २०५८, वर्ष १, अङ्क १ प्रवेशाङ्क, पृ. ८ । |
| ५. | असम्पृक्त दृश्य | कविता | जागृति साहित्यिक मासिक, २०५८ वर्ष १, अङ्क १, पृ. १० । |
| ६. | गजल | गजल | जागृति साहित्यिक मासिक, २०५८ वर्ष १, अङ्क १, पृ. ९ । |
| ७. | गजल | गजल | छहरा साहित्यिक मासिक पत्रिका, २०५८, वर्ष १ अङ्क २, पृ. ९ । |
| ८. | गजल | गजल | छाँगा छहरा साहित्यिक मासिक, २०५८, वर्ष १, अङ्क ४, पृ. १० । |
| ९. | गजल | गजल | छाँगा छहरा साहित्यिक मासिक , २०५८, वर्ष १, अङ्क ७, पृ. १५ । |
| १०. | जसले जे भने पनि हुन्छ | कविता | रेयुकाई पत्र २०५८, अङ्क २१, पृ. ७। |
| ११. | गजल | गजल | त्रिवेणी द्वैमासिक पत्रिका, चितवन : २०५९, वर्ष १, अङ्क ३१ । |
| १२. | गजल | गजल | अनामिका साहित्यिक पत्रिका, नवलपरासी, २०५९ वर्ष २ अङ्क ४, ( पृ. ५) । |
| १३. | कुन दिन म फेन्ट हुन्छु | निबन्ध | आदर्श समाज दैनिक, २०५९, अङ्क १०४ । |

| | | | |
|---|---|---|---|
| १४. | बुद्धका सन्देश घन्काउँदै आऊ | कविता | छहारी साहित्यिक मासिक २०६०, वर्ष १, अङ्क ५, पृ. २ । |
| १५. | गीत | गीत | छहारी मासिक, वर्ष १, अङ्क ६, २०६०, पृ. १२ । |
| १६. | केही हाइकु | हाइकु | चितवन-मुद्रण स्मारिका-२०६०, ( प्र.सम्पा विनय श्रेष्ठ) |
| १७. | हाइकु भावनाको सङ्केत हो, वर्णन होइन | अन्तरवार्ता | हाम्रो छहारी-वर्ष १, अङ्क २, २०६१ ( संम्पा. सुकदेव गिरीसँग) |
| १८. | केही मुक्तक | मुक्तक | अन्नपूर्ण स्मारिका-२०६१, चितवन, पृ. ३१ । |
| १९. | गजल | गजल | कर्मचारी सन्देश चितवन स्मारिका, २०६१, पृ. ३८ । |
| २०. | गजलको स्वरूप र छोटो समीक्षा | लेख | क्षितिज स्वर्ण स्मारिका-२०६१, पृ. ९७ । |
| २१. | कवि काका नेपाली अनिल सिग्देल र सम्मान समारोह | लेख | चितवन पोष्ट, वर्ष ५, अङ्क २८ । |
| २२. | मानव वस्तीमा एउटा अरण्य रोदन | समीक्षा | चितवन पोष्ट-२०६२, वर्ष ८, अङ्क १६८ । |
| २३. | हाइकुको विकास र चितवनको परिवेश | लेख | कालिका यात्रा-२०६२, वर्ष ८, अङ्क १६८ । |
| २४. | गजल | गजल | 'मारुनी' दशौँ फन्को, नारायणी कलामन्दिर, २०६२, पृ. ६२ । |
| २५. | क्यालकुलेटरको बेटर प्रयोग | निबन्ध | चितवन महोत्सव स्मारिका-२०६३, पृ.१५७ । |
| २६. | बहरमा लठ्ठिएको गोर्खेको मुस्कान | समीक्षा | पल्लव साहित्यिक पत्रिका, वर्ष ४, पूर्णाङ्क १३, २०६४ । |

| | | | |
|---|---|---|---|
| २७. | गजल | गजल | कालिका रचना स्मारिका २०६५, पृ. १०३ । |
| २८. | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु र ग्रामिण बसोबास | लेख | चितवन स्मारिका-२०६५, पृ. १९९-२०५ । |
| २९. | केही मुक्तक | मुक्तक | हाम्रो पाइला स्मारिका-२०६६, पृ. २० । |
| ३०. | राष्ट्रिय निकुञ्ज संरक्षण र चुनौती | लेख | चितवन स्मारिका २०६७, पृ. १५५-१५७। |
| ३१. | महाकवि देवकोटा र सुलोचना महाकाव्य : एक अध्ययन | समालोचना | जनजागृति स्वर्ण स्मारिका-२०६९, पृ १३०-१३५ । |
| ३२. | तीन थुँगा मुक्तक | मुक्तक | जनज्योति स्वर्ण स्मारिका-२०६९, अमृतनगर, पृ.४ । |
| ३३. | मुक्तक | मुक्तक | हिमशिखर १३, हेमजा साहित्य प्रतिष्ठान-२०६९, कास्की, पृ. ९९ । |
| ३४. | आषाढ तिमीलाई सलाम | कविता | कालिका कविता सङ्ग्रह २०७०, पृ. ८३ । |
| ३५. | केही मुक्तकहरू | मुक्तक | 'तिलिचो' कर्मचारी मिलन केन्द्र, मनाङको उन्नाइसौँ मुखपत्र-२०७०, पृ. १८१ । |
| ३६. | मुक्तकमाला | मुक्तक | पल्लव साहित्यिक पत्रिका वर्ष ९, अङ्क १८, २०७०, पृ. १३० । |
| ३७. | नेपाली साहित्यमा | लेख | हाम्रो पटिहानी राम्रो पटिहानी स्मारिका- पटिहानीको योगदान, २०७०, पृ. ५५-६१ । |
| ३८. | केही मुक्तक | मुक्तक | पल्लव साहित्यिक पत्रिका, वर्ष १०, अङ्क १९, २०७१, पृष्ठ ६८ । |

## ३.५ निष्कर्ष

विमलप्रकाश देवकोटाको जीवनीका विविध पक्षहरूलाई केलाउँदा उनको जीवनका भोगाइ, अनुभूति र उपलब्धीहरू महत्त्वपूर्ण देखिन्छन् । उनको वाह्य व्यक्तित्व शारीरिक सुगठन, उज्यालो चेहरा, जिज्ञासु नेत्र तथा राष्ट्रिय चिन्तनको भावभङ्गिले जति आकर्षक देखिन्छ त्यति नै आन्तरिक व्यक्तित्व पनि बहुमुखी देखिन्छ । स्पष्टवादिता, मानवीय भावना अनुजहरूप्रति देखाउने स्नेहभाव, समर्पणको भाव, राष्ट्रप्रेम, आत्मीयता ग्रहण गर्नसक्ने क्षमता, निर्भीकता उनका स्थायी गुणहरू हुन् । उनका साहित्यिक व्यक्तित्वका रूपमा कवि व्यक्तित्व, गीतकार व्यक्तित्व, हाइकुकार व्यक्तित्व, गजलकार व्यक्तित्व आदि मध्ये उनको गजलकार व्यक्तित्व प्रभावशाली र उच्च रहेको देखिन्छ । त्यस्तै उनको साहित्येतर व्यक्तित्वमा शिक्षक व्यक्तित्व, सम्पादक व्यक्तित्व, अनुसन्धानात्मक व्यक्तित्व, सम्पादक, राजनीतिक आदि व्यक्तित्वमध्ये शिक्षक व्यक्तित्व माथि देखिएपनि समग्रमा सबै व्यक्तित्व उत्तिकै महत्त्वपूर्ण रहेका छन् । समग्रमा उनी गजलकार, हाइकुकार, निबन्धकार, गीतकार, शिक्षक, सामाजिक जस्ता बहुआयमिक व्यक्तित्वका धनी देखिन्छन् । उनी गतिशील व्यक्तित्व भएकाले यथास्थितिवादका विरुद्ध अग्रगमनको साथ दिने, रुढिबुढीका विरुद्ध वैज्ञानिकताको पहल गर्ने, शोषण, दमन र उत्पीडनका विरुद्ध न्यायको बहस गर्ने, नारी चेतना जगाउने, जीवनका माया, प्रेम, प्रेमप्रणयको भावनाको उजागर गर्ने, शोषित, गरिब निमुखाप्रति सहानुभूतिको भावना राख्ने जोसिला, जाँगरिला, स्पष्ट र प्रखर व्यक्तित्व हुन् । समाजको अनुहार चियाउन साहित्य नै विश्वसनीय हुने भएकोले सामाजिक धरातलमा उभिएर साहित्य सिर्जना गर्नुपर्ने उनको धारणा रहेको छ ।

## परिच्छेद : चार

# विमल प्रकाश देवकोटाको साहित्य यात्रा र प्रवृत्ति

# परिच्छेद : चार

# विमल प्रकाश देवकोटाको साहित्य यात्रा र प्रवृत्ति

## ४.१ विमलप्रकाश देवकोटाको साहित्य-यात्रा

विमलप्रकाश देवकोटाले जीवन भोगाइका क्रममा धेरै प्रकारका अनुभवहरूको अनुभूत गर्दै औपचारिक रूपमा स्नातक तह उतीर्ण गरेका छन् र हाल सप्तगण्डकी बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहको अध्ययन गर्दैछन् । महाकवि देवकोटाका रचनाहरू मन पर्ने भएकाले र आफ्ना पिताले शास्त्रीय छन्दमा कविता लेखी सुमधुर स्वरमा वाचन गर्ने हुँदा त्यसबाट प्रभावित भई सानैदेखि उनको झुकाव साहित्यतिर थियो । नेपाली साहित्यप्रति हुरुक्क हुने देवकोटाले साहित्यका माध्यमबाट समाजमा विद्यमान बेथिति, कुसंस्कार, राजनीतिक खिचातानी आदिलाई देखाउने काम गरेका छन् । प्रणय, प्रकृतिप्रेम, सामाजिक असङ्गतिप्रति विरोध भाव, देशप्रेम, राष्ट्रिय स्वाभिमान जस्ता विषयलाई प्रधानता दिएर लेखिएका उनका **पलपलका तलतलहरू** (२०५९) गजलसङ्ग्रह र **पलपलका परिमल** (२०६३) गजलसङ्ग्रहले नेपाली गजल विधालाई उँचो तुल्याउने काम गरेका छन् भने **विमल-दर्पण** ( २०६०) हाइकु सङ्ग्रहमा देशमा परिवर्तनको चाहना, वर्गीय समन्वयको चिन्तनबाट शान्ति प्राप्त नहुने जस्ता भावनाहरू मुखरित भएका छन् । देशमा व्याप्त आर्थिक अभावले गरिब जनताको जीवनमा देखापरेको निराशा र निरङ्कुशतन्त्रले बढाउँदै लगेको स्वेच्छाचारी शासन-पद्धतिका विरुद्धमा जनमानसमा उर्लिएको विरोधी भावना नै उनका कृतिहरूमा अभिव्यक्त भएका छन् ।

पिता र श्रीमतीको साहित्यप्रतिको रुचिका साथै उनका रचनाहरू सुनिदिने भएकाले साहित्य रचनाका लागि वातावरण अनुकूल भएको पाइन्छ । वि.सं. २०४३ मा मा. वि. तहको कविता प्रतियोगितामा **गरिबको जीवन** कविता लेखेर नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका देवकोटा गजल सिर्जनामा बढी रमाउने गर्छन् र त्यसैमा प्रफुल्लित हुन्छन् । नव प्रतिभाका रूपमा उदाएका देवकोटाको साहित्य यात्राको विकासक्रम एकैनासले अगाडि बढेको देखिँदैन । त्यसैले देवकोटाको साहित्य यात्रा मोटामोटी रूपमा दुई चरणमा बाँडेर हेर्न सकिन्छ ।

## ४.१.१ विमलप्रकाश देवकोटाको साहित्ययात्राको चरण विभाजन

विद्यालय जीवनकालदेखि साहित्य लेखनमा विशेष अभिरुचि देखाउने देवकोटाले २०४३ सालमा 'गरिबको जीवन' कविता रचना गरी विद्यालयको कार्यक्रममा वाचन गरी प्रथम पुरस्कार प्राप्त गरेपनि औपचारिक रूपमा साहित्यिक यात्राको सुरुवात २०५९ सालमा **पलपलका तलतलहरू** गजलसङ्ग्रहको प्रकाशनसँगै भएको मान्न सकिन्छ । सुरुका दिनहरूका उनका कृतिहरूमा घरायसी, आर्थिक समस्या एवम् देशप्रेमका साथै हाम्रो सामाजिक र राष्ट्रिय जीवनमा देखिएका वेथिति, हत्या, बलत्कार, आतङ्क, लुटपाटप्रति तीव्र घृणा र चिन्ता व्यक्त गर्दै त्यसलाई कसरी सुधार गर्न सकिन्छ भन्ने कुराको आभाष पाइन्छ भने त्यसपछिको चरणमा देशप्रति माया, नेताहरूको अदूरदर्शिता, राष्ट्रिय स्वाभिमानप्रति चासो राखी थोरै प्रगति तथा समाजचेतनातर्फ उन्मुख भएका कृतिहरू लेखनमा उनको झुकाव रहेको देखिन्छ । देवकोटाका साहित्यिक कृतिहरूमा समावेश भएका विभिन्न तत्त्व एवम् प्रवृतिजन्य विषयवस्तु र लेखन विधाका आधारमा कृतिहरूलाई दुई चरणमा विभाजन गरेर अध्ययन एवम् विश्लेषण गर्न सकिन्छ ।

क) प्रथम चरण (वि. सं. २०४३ देखि २०५९ सम्म)

ख) द्वितीय चरण (वि. सं. २०६० देखि हाल सम्म)

## ४.१.२ प्रथम चरण (वि. स. २०४३ देखि २०५९ सम्म)

यो चरण साहित्यकार देवकोटाको साहित्यिक यात्राको प्रारम्भिक चरण हो । यो चरणमा उनको एकमात्र कृति **पलपलका तलतलहरू** (२०५९) गजलसङ्ग्रह रहेको छ । यसमा जम्माजम्मी अठ्चालीसवटा गजलहरू सङ्कलित छन् । यस गजलकृतिमा विशेषतः उच्च प्रणय भावका साथै नेताहरूको स्वार्थीपन, भ्रष्टाचारी प्रवृतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । देशमा भएको अशान्तिको ज्वाला पन्छाएर स्वच्छ, शान्त राष्ट्र निर्माणको परिकल्पना र सङ्कल्प छ अनि आफ्नो जीवन भोगाइका विविध पक्षहरूको यथार्थ चित्रण छ । जेजस्तो भएतापनि पूर्वाद्धको यस चरणमा आफ्नै लगन, परिश्रम र मिहिनेतलाई देवकोटाले पाठक सामु प्रस्तुत गर्न सफल भएका छन् ।

विद्यालयमा कक्षा ९ अध्ययन गर्दा मा. वि. तहको कविता प्रतियोगितामा सहभागी **गरिबको जीवन** कविता लेखेर नेपाली साहित्यमा प्रवेश गरे तापनि कृतिकाकारका रूपमा भने वि. सं. २०५९ को **पलपलका तलतलहरू** गजलसङ्ग्रह देखा परेको हो । समय समयमा फुटकर रचनाहरू लेखे तापनि वि. सं. २०४३ देखि २०५९ सम्मको १६ वर्षको अन्तरालमा एक कृति मात्र प्रकाशन गर्नुले यो अवधिमा उनको साहित्यिक यात्रा शिथिल प्रायः देखिन्छ । देवकोटाका यस चरणका प्रवृत्तिहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

क) सिकारूपन

ख) अपरिपक्वता

ग) अनुरागमय प्रणयचेतना

घ) राष्ट्रप्रेम

ङ) सामाजिक यथार्थता

च) अन्याय र अत्यचारप्रति विरोध

छ) सामाजिक विसङ्गतिप्रति व्यग्रता

ज) प्रकृति-प्रेम

### ४.१.३ द्वितीय चरण (वि. सं. २०६० देखि हालसम्म)

देवकोटाको साहित्य यात्राको दोस्रो चरण वि. सं. २०६० बाट शुरुवात भएको देखिन्छ । वि. सं. २०६० मै उनले गजलको हस्ती मानिने केशवराज आमोदीसँगको सहलेखनमा **'गजल-दीपिका'** शोधकाव्य लेखेका छन् । गजल विधामा देखा परेका सामान्य मतमतान्तर देखि लिएर गजलविधाप्रतिको भ्रमहरूलाई यथेष्ट निरूपण गर्दै अर्कोतिर गजलको परिभाषाका साथै गजल सिद्धान्तको विवेचनामा गजलकै माध्यमबाट एउटै एकाक्षरी 'ऊ' काफियाको एकसय त्रिसठ्ठी सम्मको शेरहरूको सुन्दर प्रयोग गरी शोधकाव्य तयार पार्नु नै आजसम्मको उर्दू, फारसी, हिन्दी र नेपाली आदि भाषामा लेखिएको गजलका पुस्तकहरू मध्ये नितान्त नौलो र ऐतिहासिक पहिलो गजल काव्यात्मक कृतिको रूपमा स्थापित हुन यो कृति सफल भएको छ (गिरी, २०६० : ४) ।

यसै चरणमा उनले गजलका साथै तेस्रो कृतिको रूपमा **विमल-दर्पण** हाइकुसङ्ग्रह प्रकाशन गरेका छन् । छोटा र मीठा तीन हरफे कवितात्मक शैलिको दुई सय वाइस ओटा हाइकुहरूको उक्त सङ्ग्रहमा समाजका विद्यमान विकृति, कुसंस्कार, प्रेम-घृणा, गरिबी, अशिक्षा आदिलाई छर्लङ्ग पारेर देखाउन सफल भएका छन् भने प्रणयचेत, शृङ्गारिक भावले सजिएको बहरबद्ध प्रान्तमा १८, समसामयिक प्रान्तमा ३७ र शृङ्गारिक प्रान्तमा १४ गरी जम्मा ६९ ओटा जगलहरूले गुथिएको गजलसङ्ग्रह **पलपलका परिमल** (२०६३) पनि प्रकाशित गरेर यस चरणमा देवकोटाले आफूलाई सफल जगलकारका रूपमा स्थापित गर्न सफल भएका छन् । यसका साथै यस चरणमा खोजमूलक लेखहरू साथै विभिन्न साहित्यिक पत्र-पत्रिकाहरूको सम्पादन समेत गरेका छन् । उनले संयुक्त गजलसङ्ग्रहका रूपमा **बहरमाला** (२०६३), **समकालीन नेपाली गजल** (२०६४) मा समेत आफूलाई उभ्याएका छन् । यस चरणमा देवकोटा विशेष सजक भई विचार, भाषा, भाव, आदिले खारिएका रचनाहरू सिर्जना गर्न पुगेको देखिन्छ । बुँदागत रूपमा यस चरणका प्रवृतिहरूलाई यसरी देखाउन सकिन्छ :

क) परिपक्वता

ख) समसामयिकता

ग) प्रगतिशीलता

घ) राजनीतिप्रति व्यङ्ग्य

ङ) प्रेमपरकता

च) परिष्कृतता

छ) राष्ट्रियता

ज) लेखनमा विविधता

## ४.२ विमलप्रकाश देवकोटाको साहित्यिक प्रवृत्ति

हितेन सह सहित : सहितस्य भावः साहित्य अर्थात् हितले, समाज-कल्याणको भावनाले भरिएको भाव वा लिखित रचना साहित्य हो (उपाध्याय, २०४९ : १४) । साहित्यको विशाल सागरभित्र कथा, कविता, उपन्यास, नाटक आदि अटाएका हुन्छन् । यिनै साहित्यका विविध विधाहरूको माध्यमबाट सर्जकले आफ्ना मनभित्र गुम्फिएका विचार वा भावनाहरूलाई प्रस्तुत गर्ने गर्दछन् ।

साहित्यको धेरै विधामध्ये कविद्वारा आफूभित्रको विचारलाई सौन्दर्य चेतनासहित लयात्मक ढङ्गले विशिष्ट भाषाका माध्यबाट अभिव्यक्त गरिने कविता पनि एक हो । मनलाई प्रभावित पार्ने रमणीय पद्यमय वा गद्यमय भाषिक प्रस्तुतिको कविताभित्र पनि हाइकु, मुक्तक, गजल, गीत जस्ता विविध उपविधाहरू पाउन सकिन्छ । वि.सं. २०४३ मा 'गरिबको जीवनी' नामक कविता लेखेर साहित्य सिर्जनामा देखा परेका विमलप्रकाश देवकोटाले कविता विधाको उपविधा गजल र हाइकु सङ्ग्रह रचना गर्नुका साथै प्रकाशन समेत गरी आफूलाई अब्बल साहित्यकारका रूपमा परिचित गराएका छन् ।  साहित्य सर्जकहरूको  आ-आफ्नै मौलिक साहित्यिक प्रवृतिहरू हुन्छन् । देवकोटाका पनि आफ्नै प्रवृत्तिहरू रहेका छन् । साहित्यको विविध विधामा कलम चलाउने भए तापनि देवकोटाको साहित्यिक प्रवृत्तिलाई हेर्दा विशेषतः काव्यिक देखिन्छ । सामाजिक यथार्थवाद, मानवतावाद, विसङ्गतिवाद, स्वच्छन्दतावाद र स्वमूल्य मान्यताको खोज, नारी सौन्दर्यको वर्णन देवकोटाको गजल सङ्ग्रह र हाइकु सङ्ग्रहका मूल प्रवृत्ति हुन् । भावमा गहनता, विचारमा उच्चता, चिन्तनमा स्वाभिकता र अभिव्यक्तिमा सरलता उनका कृतिगत विशेषताहरू हुन् । समयसापेक्ष किसिमले उनका कृतिहरूले युगबोधलाई प्रतिबिम्बित गरेका छन् । प्रकृतिका सरल र स्वभाविक गुणलाई मानवीय भावनासँग अनुकूलन गर्दै प्रकृतिको मानवीकरण गर्नु उनका काव्यगत विशेषता हुन् ।

**पलपलका तलतलहरू** (२०५९) गजलसङ्ग्रहमा प्रेमप्रणयका रागहरू छर्दै अनि देशप्रेम, राजनीतिक खिचातानीले गर्दा जनतालाई परेको पीडा भावका साथै मानवतावादी र बन्धुत्ववादी विचारलाई अँगाल्नु पर्ने सन्देश मुखरित भएको छ । बुद्धको देश नेपालमा अशान्तिको आगो सल्केकाले यसलाई निभाउन सबै एकजुट हुनुपर्ने, भीमसेन, बलभद्र, भक्ति थापा जस्ता वीरहरूको त्याग र बलिदानी सम्झेर सगरमाथाको शिरलाई डगमगिन दिन नहुने भाव समेत व्यक्त गरेका छन् । केशवराज आमोदी समेतको सहलेखन **गजल दीपिका शोधकाव्य** (२०६०) प्रकाशन भएपछिको  उनको तेस्रो प्रकाशित कृति **विमल-दर्पण** (२०६०) हाइकु सङ्ग्रहमा विभिन्न प्रतीकहरूको प्रयोगहरूको माध्यमबाट वर्तमान राजनीतिक, सामाजिक विकृतिप्रति व्यङ्ग्य हान्नुका साथै प्रणयपरक अभिव्यक्ति एवम् राष्ट्रिय चेतना, सामाजिक तथा व्यक्तिगत चरित्र निर्माणका साथ साथै सामाजिक सुधारको अपेक्षा समेत प्रकट भएको छ । **पलपलका परिमल** (२०६३) गजल सङ्ग्रहलाई बहर प्रान्त, समसामयिक र

शृङ्गारिक प्रान्त गरी तीन भागमा विभाजन गरिएको छ भने वर्तमान सामाजिक विसङ्गतिप्रति वितृष्णा, प्रेमप्रणयका रागात्मक अभिव्यक्ति, नैतिकताको ह्रास, नारी चेतनाको प्रवाहका साथै स्वतन्त्रता र क्रान्ति चेतनाको स्वाभिमानपूर्ण अभिव्यक्ति प्रस्तुत भएका छन् । स्वतःस्फूर्त रूपमा साहित्य रचना गर्ने देवकोटा काव्यात्मक क्षेत्रमा नवीन उदयीमान र दरिलो व्यक्तित्वका रूपमा स्थापित भएका छन् । उनका कविता-काव्यात्मक प्रवृतिहरू यस प्रकार रहेका छन् ।

क) रतिरागात्मक प्रेम

ख) प्रगतिवादी चिन्तन

ग) राष्ट्रप्रेम

घ) नारी संवेदना

ङ) मानवतावादी प्रवृति

च) समाजिक यथार्थवादी प्रवृति

छ) जनचेतना

ज) स्वास्थ्यप्रतिको चिन्तन

झ) आत्म स्वाभिमानी प्रवृति

ञ) वीर पुर्खाहरूप्रति सम्मान

ट) बन्धुत्वको भावना

ठ) प्रकृतिप्रेम

## ४.३ नेपाली साहित्यको क्षेत्रमा विमलप्रकाश देवकोटाको स्थान

विमलप्रकाश देवकोटा नेपाली साहित्य जगत्का एक उदीयमान स्रष्टा हुन् । प्रगतिवादी विचारधाराका स्रष्टा देवकोटाका रचनाहरू जनचेतनामूलक रहेका छन् । यिनका रचनाहरू  नेपाली युवावर्ग तथा नेपाली समाजका लागि मार्गदर्शक बन्ने छन् भन्नेमा कुनै अत्युक्ति रहँदैन । नेपाली साहित्यप्रतिको लगावका कारण एकपछि अर्को कृति प्रकाशित हुनुका साथै अन्य साहित्यिक पत्रिकाहरूको लेखन तथा सम्पादन कार्य निरन्तर भइरहेका छन् । यसले गर्दा यिनको लेखनी क्षमता दिनानुदिन तिखारिँदै गएको छ । नेपाली साहित्यमा आगन्तुक विधाका रूपमा देखा परेको गजल विधामा सशक्त रूपमा कलम चलाई नेपाली साहित्यमा योगदान दिन सफल देवकोटाले कविताको सानो रूप हाइकु समेत रचना गरी

ठूलो गुन लगाएका छन् । साहित्यका विविध आयामलाई समेटेर लेख रचना गर्न सक्ने देवकोटाको नेपाली साहित्यको क्षेत्रमा एउटा छुट्टै विशिष्ट स्थान रहेको छ । जसले नेपाली साहित्यको श्रीवृद्धिमा इँटा थप्ने काम गरेको छ ।

## ४.४ निष्कर्ष

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने प्रगतिवादी धाराका देवकोटा साहित्य साधनामा तल्लीन रहेका छन् । आफ्नो व्यस्त शिक्षण जस्तो जागिरे जीवनमा पनि साहित्यका निम्ति समय  छुट्याएर साहित्य सिर्जनामा तल्लीन रहनुले उनको साहित्यप्रतिको अनुराग स्पष्ट हुन आउँछ । कथा, निबन्ध, गीत, कविता, गजल, हाइकु, लेखेर आफ्नो साहित्यिक व्यक्तित्वको दायरालाई फैलाउनुका साथै द्रष्टा व्यक्तित्वलाई समेत निखार्ने कार्यमा पनि क्रियाशील रहेका छन् । आफ्ना साहित्यमा विशेषतः सामाजिक, आर्थिक, राजनैतिक र प्रणयमुलक भावनाहरू अभिव्यक्त गर्ने देवकोटाले सामाजिक विसङ्गतिका विरुद्ध दरिला र चोटिला झटाराहरू बर्षाएका छन् । उनको साहित्यिक लेखनको मूल पाटो समाज, प्रकृति र प्रेम रहेका छन् । सामाजिक विकृति र विसङ्गतिका साथै प्रेममा आउने उतारचढाव, सङ्घर्ष, त्याग, विछोड एवम् वीर पूर्खा र शहीदहरूको वलिदानीलाई सिर्जनामार्फत पाठक सामु प्रस्तुत गरेका छन् । पञ्चायती व्यवस्थाको पतनपछि पनि नेपालमा राजनैतिक, सामाजिक, प्रशासनिक सबै क्षेत्रमा सामन्तवादी प्रवृति नै हाबी भएको अवस्थााई पनि यिनले आफ्ना कृतिहरूमा दर्शाएका छन् । राजदरबार हत्याकाण्ड (२०५८) पश्चात नेपाली जनतामा  छाएको निराशा र देशमा व्याप्त आर्थिक अभावले गरिब जनताको जीवनमा देखा परेको निराशा र निरङ्कुशतन्त्रले बढाउँदै लगेको स्वेच्छाचारी शासन-पद्धतिका विरुद्धमा जनमानसमा उर्लिएको विरोधी भावना नै उनका कविता, गजल, हाइकुमा अभिव्यक्त भएका छन् ।

वि.सं. २०४३ मा 'गरिबको जीवन' कविताबाट साहित्य सिर्जनाको विजारोपण भए तापनि लामो समय पश्चात् मात्र २०५९ सालमा पहिलो कृतिको रूपमा **पलपलका तलतलहरू** गजलसङ्ग्रह प्रकाशित गर्नु र २०६३ सालमा **पलपलका परिमल** गजलसङ्ग्रह प्रकाशित भएपछि हालसम्म फुटकर गजल, मुक्तक, हाइकु बाहेक कुनै कृति प्रकाशित नहुनुले उनको साहित्यिक यात्राको विकासक्रम एकैनासले अगाडि बढेको देखिँदैन । तथापी देवकोटाको उत्तरार्ध चरण कृतिगत तथा प्रवृतिगत दुवै हिसाबले सफल देखिन्छ ।

# परिच्छेद : पाँच

# विमलप्रकाश देवकोटाका कृतिहरूको अध्ययन तथा विश्लेषण

# परिच्छेद : पाँच

# विमलप्रकाश देवकोटाका कृतिहरूको अध्ययन तथा विश्लेषण

## ५.१ साहित्यको परिचय

सहित शब्दमा (ष्युत्/यत्) य प्रत्यय लगाई आदि वृद्धि गरेर साहित्य शब्दको निर्माण गरिन्छ (पौडेल, २०५७ : २५) । साहित्य भाव र भाषाको त्यो रूप हो जसले मानवीय अन्तर र बाह्य चेतनामा रमणीयता सृष्टि गरेर भावकलाई आह्लादित तुल्याउँछ (पौडेल, २०५७ : ३५) । साहित्यमा जीवन भोगाइका यथार्थ रूपहरू प्रस्फुटन गरिएका हुन्छन् । साहित्यको व्युत्पत्ति दुई प्रकारले हुन सक्छ :

क) हितेन सह सहित : सहितस्य भाव : साहित्य (उपाध्याय, २०४९ : १४) । ( हितले, समाज कल्याणको भावनाले भरिएको भाव वा लिखित रचना साहित्य हो । )

ख) सहितस्य शब्दार्थ संयुक्तस्य भाव : साहित्य (उपाध्याय, २०४९ : १४) । (शब्द र अर्थ दुवैको सहयोगले जहाँ कुनै भाव व्यक्त गरिएको हुन्छ, त्यो साहित्य हो । )

साहित्यको परिभाषा विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमले दिएका छन् । हड्सनले मूलत : साहित्य भाषाको माध्यमले जीवनको अभिव्यक्ति हो भनेका छन् । प्लेटोले साहित्य अनुकरणको पनि अनुकरण हो र यो सत्यभन्दा दुईगुना टाढा हुन्छ भनेका छन् ( अवस्थी, २०५४ : ८) । त्यस्तै गरी अरिष्टोटलका अनुसार साहित्य भाषाको माध्यमले प्रकृतिको अनुकरण हो भनिएको छ । नेपाली साहित्यकार रुद्रराज पाण्डेले साहित्य एक व्यक्तित्वको अभिव्यक्ति मानेका छन् भने पण्डितराज सोमनाथ सिग्देलले साहित्यलाई काव्यशैलीमा लेखिएको ग्रन्थ वा मनमा निस्किएका भावलाई सुन्दर, सुचारु, रञ्जक भाषामा लेखिएको अभिव्यक्ति हो भनी परिभाषित गरेका छन् (उपाध्याय, २०४९ : १८) ।

पूर्वीय साहित्यमा **ऋग्वेद** र **अग्निपुराण**बाट कवि शब्दको चर्चा हुँदै आएको छ । काव्यप्रयोजन सम्बन्धी चर्चा सर्वप्रथम भरतमुनिको नाट्यशास्त्रमा भएको पाइन्छ । भरतमुनिले नाटकलाई समग्र ललित सौन्दर्य चिन्तनका साथै ज्ञान, शिल्प, विद्या, योग र

कर्मसम्बन्धी उपदेश प्रदान गर्दछ भनी चर्चा गरेका छन् (पौडेल, २०५७ : १०) । भामहले काव्यबाट धर्म, अर्थ, काम, मोक्ष एवम् अलङ्कारले काव्यमा रस सिञ्चित गराएर आनन्द प्राप्त हुन्छ भनेका छन् (शर्मा, २०६३ : १०) । कुन्तकले शब्द र अर्थको सहभावयुक्त वक्रोक्ति भएको, काव्यज्ञातालाई आनन्द दिने व्यवस्थित रचनाका रूपमा काव्यलाई लिएका छन् भने विश्वनाथले भामहको विचारलाई आत्मसाथ गर्दै रसात्मक वाक्य नै काव्य हो, जसले चर्तुवर्ग सुख र काव्यानन्द दिन्छ भनेका छन् (शर्मा र लुइटेल, २०६६ : ४) । पूर्वीय साहित्यमा विभिन्न काव्यचिन्तकहरूले दिएका परिभाषाहरू हेर्दा काव्यमा यश, आयु, धर्म, अर्थ, काम, मोक्ष, उपदेश, कलामा निपूर्णता, लोककल्याणकारी गुणसहित, दोषरहित, हार्दिक चमत्कार, भावमा परिष्कारजस्ता काव्यिक गुणहरू हुनुपर्ने देखिन्छ । साहित्यले वाक्कलाको विकास गर्नुका साथै जीवनका यथार्थ भोगाईका साथै मानिसका आन्तरिक र बाह्य पक्षको उद्घाटन गर्न सक्नुपर्छ । साहित्य निश्चित घेराभित्र रहन सक्दैन । यो त स्वस्फूर्त रूपले अविरल बगिरहन्छ, यसले युगबोध गराउँछ । समयसापेक्ष साहित्यमा नयाँ-नयाँ विचार र अवधारणाहरू आएका छन् । यस्तै साहित्यका मूलभूत मान्यताका परिधिमा रहेर पूर्वीय र पाश्चात्य साहित्यकारले काव्य प्रयोजन सम्बन्धी आफ्ना अवधारणहरू व्यक्त गरेका छन् ।

साहित्य जीवन र जगत्को दर्पण हो तथा साहित्यकारको भावना र विचारको प्रकटीकरण हो । साहित्यमा समाजको यथार्थ चित्रण हुन्छ, जनजीवनको अवलोकन हुन्छ र मानसिकताको विश्लेषण हुन्छ । यसै पृष्ठभूमिमा साहित्यमा समयको घात र प्रतिघात हुन्छ, युगको द्वन्द्व प्रतिद्वन्द्व हुन्छ र समाजको दर्पणका रूपमा मात्र नलिएर समाजको एक्सरेका रूपमा लिनु उपयुक्त र सामयिक हुन्छ । यसैले साहित्यमा मानव र समाजको बाह्य चित्रण मात्र नभएर आत्मनिरीक्षण पनि हुन्छ । अर्को शब्दमा साहित्यमा प्रकृतिको अनुकृति हुन्छ । यसैले एरिष्टोटलले कला वा साहित्यलाई प्रकृतिको अनुकरण वा पुनः सृजना हो भनेका छन् (अवस्थी, २०५४ : ८) ।

यसरी पूर्वीय र पश्चिमी साहित्यकारहरूले विभिन्न साहित्यिक कृतिहरूको रचना गरेर साहित्यको भाण्डारलाई भर्ने काम गरेका छन् । आफ्ना अमूल्य कृर्तिहरूले वाङ्मयलाई हराभरा बनाएका छन् । साहित्यका यिनैमध्ये केही विशेषतालाई आत्मसात् गरी नेपाली साहित्यको क्षेत्रमा देखिएका एक स्रष्टा हुन् देवकोटा । उनी आफ्नो प्रतिभाद्वारा साहित्य लेखन कलालाई उजागर गर्ने क्रममा अहोरात्र खटिरहेका छन् । साहित्यका मूल्य र

मान्यतालाई यथासम्भव पालना गरी लेखिएका उनका कृतिहरू नेपाली साहित्यको विकासमा केही इँट्टा हुनेछन् । आफ्नो सेरोफेरोका यथार्थहरूलाई टपक्क टिपेर काव्यिक भाषामा सिङ्गारेर प्रस्तुत गरिदिने आदरणीय व्यक्तित्वहरू नै साहित्य सर्जकहरू हुन् । आफ्ना अमूल्य कृतिहरू पाठकसामु पस्किएर साहित्यिक क्षेत्रमा विशेष योगदान दिने स्रष्टाहरूको लेखकीय योगदान र मूल्याङ्कनको उचित कदर गरी समाज सामु उनीहरूको साहित्यिक व्यक्तित्वलाई उज्यालो तरिकाले प्रकाश पार्नु परमकर्तव्यका साथै साहित्यकार र साहित्यिक कृतिप्रतिको सम्मान पनि हो । स्रष्टाको लेखकीय क्षमताको परिधिमा रहेर साहित्यकारको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेटी उसको योगदानलाई निरूपण गर्नका लागि विस्तृत अध्ययन अनुसन्धान र विश्लेषण शोधकार्यमा गरिन्छ ।

सर्जक सुमन हो । जसले सुवास छरेर मानव हृदयलाई आह्लादित बनाउने काम गर्दछ । सर्जकले आफ्ना सिर्जनाका माध्यमबाट सुवास छरेर नयाँ कृति राख्न चाहन्छ । यसकारण सर्जक मरेर गए पनि सिर्जना कहिल्यै मर्दैन । युगयुगान्त जीवित भएर साहित्यले सुवास दिइरहेको हुन्छ । सर्जकले आफू बाँचेको युगको परिवेशलाई आफ्ना रचनामा प्रतिबिम्बित गराई साहित्य समाजको दर्पण हो भन्ने भनाइलाई यथार्थमा परिणत गरी आफूलाई कालजयी बनाउने गर्दछ । तसर्थ, त्यस्तो रचनाले साहित्यिक मूल्य प्राप्त गरिरहेको हुन्छ ।

## ५.१.१ साहित्यकार विमलप्रकाश देवकोटाको काव्यहरूको अध्ययन

नेपाली साहित्यको विविध विधामा कलम चलाएका देवकोटाले आफ्नो साहित्ययात्रामा विशेषतः : गजल लेखनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । वि.सं. २०४३ मा विद्यालयमा भएको कविता प्रतियोगितामा 'गरिवको जीवन' नामक कविताले प्रथम स्थान हाँसिल गर्दा साहित्यतिर लाग्ने भावना मनमा जागृत भए पनि वि.सं.२०५९ मा मात्र **पलपलका तलतलहरू** गजल सङ्ग्रह पहिलो कृतिका रूपमा प्रकाशित गरेका छन् । त्यसपछि भने उनले आफ्नो साहित्यिक यात्राको रफ्तार **गजल-दीपिका शोधकाव्य** (२०६०) गजल व्याकरण, **विमल दर्पण** (२०६०) हाइकुसङ्ग्रह, **बहरमाला** (२०६३) संयुक्त गजल सङ्ग्रह, पुस्तकाकार कृतिहरू प्रकाशन गरिसकेका छन् । यहाँसम्म आइपुग्दा देवकोटाले नयाँ

काव्यिक उचाई प्राप्त गरेका छन् । यिनका कृतिहरूले वर्तमान समयमा युवावर्गमा देखिएका विकृति, विसङ्गति, देश हाँक्ने नेताहरूको अकर्मण्यताको चिरफार गर्दै जनचेतना जगाउने र नारी सौन्दर्य वर्णन गर्ने काममा सफलता प्राप्त गरेका छन् ।

यी माथि उल्लेख गरिएका कृतिहरूका अलवा उनका विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न विधाका दर्जनौं लेख रचनाहरू प्रकाशित हुँदै आएका विभिन्न कृतिहरूमध्ये यहाँ निम्न तीन कृतिहरूको मात्र अध्ययन र विश्लेषण गरिएको छ ।

क) पलपलका तलतलहरू (गजलसङ्ग्रह २०५९)

ख) विमल दर्पण (हाइकुसङ्ग्रह २०६०)

ग) पलपलका परिमल (गजलसङ्ग्रह २०६३)

## ५.१.२ काव्यगत विषय प्रवेश

वि.सं. २०४३ मा 'गरिबको जीवन' नामक कविता रचना गरेका र विभिन्न साहित्यिक कार्यक्रम र समारोहहरूमा आफ्ना कविता, गजल, मुक्तक आदि सुनाउँदै चितवनको सेरोफेरोबाट नेपाली साहित्यिक क्षेत्रमा देखा परेका विमल प्रकाश देवकोटाले साहित्ययात्राको प्रारम्भिक समयमा **पलपलका तलतलहरू** (२०५९) गजल सङ्ग्रहमा रसराज शृङ्गार रसलाई उच्चतम विन्दु बनाउँदै रतिरागात्मक प्रेमवासनालाई पूर्णरूपमा प्रयोग गर्नुका साथै देशको आर्थिक, सामाजिक, शैक्षिक समस्या, नेताहरूको अदूरदर्शिता जस्ता भावहरूलाई समेत उद्बोध गरेका छन् ।

साहित्यकार देवकोटाले साहित्यलेखनको पछिल्लो समयमा अर्थात् दोस्रो चरणमा एकल र संयुक्त गरी आधा दर्जनभन्दा धेरै काव्यहरू लिएर आएका छन् । जसमा **विमल दर्पण** हाइकुसङ्ग्रह (२०६०) र **पलपलका परिमल** गजलसङ्ग्रह (२०६३) उनका एकल कृतिकाकारका रूपमा प्रकाशित छन् । **विमल दर्पण** हाइकुसङ्ग्रह (२०६०) मा विभिन्न बिम्ब, प्रतीकहरूको माध्यमद्वारा वर्तमानका विसङ्गति र विकृतिहरूप्रति तीखो व्यङ्ग्यवाण हान्दै, प्रणयपरक अभिव्यक्ति एवं राष्ट्रिय चेतना र व्यक्तिगत चरित्र निर्माणका साथै सामाजिक सुधारको अपेक्षा देवकोटाले राखेका छन् (खनाल, २०६० : ४) ।

जापानी कविताका नामले परिचित हाइकु अहिले विश्वभर नै लोकप्रियता प्राप्त गर्न सफल भएको छ। नेपाली साहित्यको इतिहासमा हाइकुको प्रवेश भएको त्यति लामो समय भएको छैन तर पनि नेपाली साहित्यमा यसले ठूलै छलाङ मारिसकेको छ। विमलप्रकाश देवकोटाको यो हाइकु सङ्ग्रहमा गजल सङ्ग्रहजस्तो शृङ्गारिक प्रर्णयभावको कमी र देशप्रेम, सामाजिक, उत्पीडनका साथै देशमा शान्तिको कामनासमेत मुखरित भएको पाइन्छ। देशको वर्तमान अवस्था, भ्रष्टचार, अन्याय, अत्याचार, विकृति, विसङ्गति लगायत प्रेम प्रसङ्ग, मिलन, विछोड, माया, पिरती, महँगी जस्ता अनेक विषयवस्तुलाई समेटिएर लेखिएको हो। **पलपलका परिमल** गजलसङ्ग्रह (२०६३)। यस गजलसङ्ग्रहमा विमलका समसामयिक विचारहरूमा समाजपरक र भौतिकवादी चिन्तन अभिव्यक्त भएका छन् (पोखरेल, २०७० : २)।

### ५.१.३ कृतित्व अध्ययनको पृष्ठभूमि

यस परिच्छेद अन्तर्गत गजलको सैद्धान्तिक परिचय, गजलको व्युत्पत्ति, परिभाषा, तत्त्वहरू सहित अध्ययन र हाइकुको सैद्धान्तिक परिचय, परिभाषा, संरचना तत्त्वहरूका आधारमा अध्ययन गरिनुका साथै सङ्क्षिप्त विश्लेषण पनि गरिएको छ।

## ५.२ गजलकार विमलप्रकाश देवकोटाको गजलको अध्ययन तथा विश्लेषण

गजलकार विमलप्रकाश देवकोटाको गजलको अध्ययन तथा विश्लेषण शीर्षक अन्तर्गत गजलको व्युत्पत्ति र संरचना, गजल शब्दको स्रोत र अर्थ, गजलको परिभाषा, गजलको विकासक्रम र गजलको तत्त्वहरूलाई समावेश गरिएको छ। यिनै गजलका तत्त्वहरूका आधारमा **पलपलका तलतलहरू** (२०५९) र **पलपलका परिमल** (२०६३) गजल सङ्ग्रहहरूभित्र सङ्कलन गरिएका सम्पूर्ण गजलहरूको सङ्क्षिप्त विश्लेषण गरिएको छ।

### ५.२.१ गजलको व्युत्पत्ति र संरचना

साहित्यमा रहेका विविध विधामध्ये गजल पनि कविता विधाभित्रको एक अङ्ग हो। यो प्राचीनकालदेखि वर्तमानसम्म आइपुग्दा पनि उत्तिकै लोकप्रिय रहिआएको छ। देवी

नेपालका अनुसार गजल अरबीमा जन्मिएर फारसीमा हुर्किएर हिन्दी, नेपाली आदि भाषाहरूमा आफ्नो अस्तित्व बनाउन सफल विधा मानिएको छ (नेपाल, २०६३ : ङ) । यो विधाले कविता विधाको छत्रछायामा रहेर आफूलाई मधुर सङ्गीत गायनका माध्यमबाट विकसित गर्दै अगाडि बढिरहेको छ ।

'गजल' शब्द अरबेली भाषाको संयुक्त शब्द हो । ग को अर्थ बोली अथवा वाणी हो । अर्को शब्दमा वार्तालाप वा कुराकानी हो । ज को अर्थ नारी हो र अल को अर्थ सँग वा साथ हो (बराल, २०६८ : ७) । यसरी गजल शब्दले नारीका साथ हुने कुराकानीलाई बुझाउँछ । प्रेमिकासँग गरिने प्रणय भावना र याचनाको अभिव्यक्तिको रूपमा विकसित हुँदै आधुनिक युगमा गजलले समसामयिक सचेतना र संवेदनाका भावलाई पनि समेटेको हुन्छ । गजलमा भाव र अनुभूति विशेषको कलात्मक र लयात्मक अभिव्यक्ति पाइन्छ । नेपाली साहित्यमा मोतिराम भट्टबाट प्रारम्भ भएको गजल लेखन परम्पराले अनेकौं उतारचढाव भोग्दै वर्तमानसम्म आइपुगेको छ । प्रेमिकाहरूसँगको वार्तालापमा सीमित गजलको पहिचानले अहिले आफ्नो आयमलाई विस्तार गरेको छ । साहित्यको नौवटै रसका साथै प्रेम, दया, माया, घृणा जस्ता भाव र राजनीति, इतिहास, धर्म, शिक्षा, स्वास्थ्य, समाज आदि विषयहरूमा पनि गजल लेख्न थालिएको छ ।

गजलको संरचना र तत्त्वको विषयलाई लिएर समीक्षकहरूबीच मतएक्यता पाइँदैन । कसैले भाव वा शैलीलाई गजलको तत्त्व मानेका छन् भने कसैले सेर, मतला, काफिया, रदिफ तथा मकताको प्रयोगलाई गजलको स्वरूप मानेका छन् । गजल लोकप्रिय गेयात्मक विधा हो (आमोदी, २०६७ : ६७) । साहित्यका विभिन्न विधाहरूको अ-आफ्नै अनुहार भएजस्तै गजलको पनि आफ्नै अनुहार हुन्छ । आफैंमा पूर्ण सेरहरू तथा काफिया, रदिफ, तखल्लुस, बहर आदिको प्रयोगका कारण गजलले साहित्यको अन्य विधाभन्दा छुट्टै प्रकारको पहिचान प्राप्त गर्न सक्दछ (बराल, २०६८ : १) । गजल सेरहरूको समष्टि रूप हो । भाव, कल्पना, लय, अलङ्कार आदिका अभावमा सेर, मकता, मतला, काफिया आदि भएर मात्र गजलले आफ्नो साहित्यिक अस्तित्व प्राप्त गर्न सक्दैन । तसर्थ, कविता एवं गीति कविताका तत्त्वहरू नै गजलका तत्त्व हुन् भन्न सकिन्छ । गजललाई कविता वा गीतबाट अलग गराउने सेर, काफिया, रदिफ आदिलाई गजलको रूप, बनौट वा व्याकरण भने पनि कुनै

फरक पर्दैन । गजल मतलादेखि मकता वा अन्तिम सेरसम्म एउटै बहरमा आबद्ध हुन्छ । यसलाई गुरुशिष्य परामपरासँग सम्बन्धित काव्यिक विधा मानिन्छ । यसका हरेक सेर आफैँमा पूर्ण हुन्छन् (थापा, २०६८ : ८६) । गजल लयबद्ध हुन्छ । कुनै न कुनै छन्दमा हुनु गजलको विशेषता हो ।

## ५.२.२ गजल शब्दको स्रोत र अर्थ

गजल शब्दको खास स्रोत र अर्थका बारेमा विविध मतमतान्तर रहेको पाइन्छ । अरबबाट शुरु भएर फारसी भाषामा हुर्किन पुगेको गजल उर्दू, हिन्दी, हुँदै नेपालीमा पनि एक प्रचलित साहित्यिक विधाका रूपमा स्थापित भएको छ । छोटो, मीठो र सुन्दा रमाइलो लाग्ने गजल सङ्गीतसँग अत्यन्तै निकट देखिन्छ (पौड्याल, २०६३/०६४ : १९२) । गजल शब्द तीन अक्षर मिलेर बनेको छ, जसमा तीन अक्षरका आ-आफ्नै अर्थ छन् । ग -गेयात्मक, ज-जीवन्त र ल- लयात्मक । यसको शाब्दिक अर्थ गाउन मिल्ने लयात्मक जसले जीवन्तता प्रदान गर्न सकोस् (पौड्याल, २०६३/०६४ : १९२) । कृष्णहरि बरालले गजल शब्द ग, ज र अल मिलेर बनेको र तिनका अर्थ क्रमशः वाणी, स्त्री र साथ हुन्छ भनी बताएका छन् । यसर्थ यसको अर्थ प्रेमी प्रेमिकासँगको वार्तालाप भन्ने अर्थ हुन्छ । कसैले यसको अर्थ स्वास्नी मानिसहरूका लागि प्रेमको अभिव्यक्ति, स्वास्नी मानिसका बारेमा कुराकानी, स्वास्नी मानिसप्रति हृदयको अवस्थानुसार प्रेमको अभिव्यक्ति हो भनेका छन् त कसैले प्रेमी तथा प्रमिकासँग वार्तालाप भनेको पाइन्छ (बराल, २०६८ : ७) । नारायणप्रसाद खनालका अनुसार गजल भनेको त्यस्तो सौन्दर्यप्रधान रचना कौशल हो, जसको प्रारम्भिक प्रसिद्धि युवकहरूले युवतीहरूलाई सम्बोधन गरेर, लक्षित गरेर वा आक्षेप लगाएर गाइने गीत विशेष हो ( खनाल, २०६९ : ट) ।

त्यस्तै गरी केशवराज आमोदीले आफ्नो **बहर बाटिका** (गजल सिद्धान्त र प्रयोग) पुस्तकमा शालीन, सुन्दर र सुकुमार शैलीमा काफिया, रदिफको अनुशासनमा रहेर बहरबद्ध गरी संरचना गरिने कलात्मक काव्यविधा नै गजल हो भनेका छन् (आमोदी, २०६९ : १) । **नेपाली शब्द सागर**मा गजललाई शृङ्गार रस वा प्रेम प्रसङ्गको कविता, कुनै छन्दबद्ध नभई अन्तिम तुक मात्र हुने शृङ्गारिक कविता भनी परिभाषित गरेको छ (नेपाल, २०६८ :

३१३) । यसर्थ गजल शृङ्गारिक रसयुक्त नायक नायिकाको प्रेम वर्णन गेयात्मक र सङ्गीतप्रधान लघु कविता हो । गजल शब्द खास गरी प्रेमसँग सम्बन्धित भएपनि आजभोलि यसको प्रयोग सामाजिक, राजनैतिक, सांस्कृतिक क्षेत्रमा समेत भएको पाइन्छ । तसर्थ, गजल विधाले विविध क्षेत्रमा समेत आफ्नो पहुँच बढाएको पाइन्छ ।

## ५.२.३ गजलको परिभाषा

गजल शब्दलाई चिनाउने र परिभाषा गर्ने क्रममा आ-आफ्नै ढङ्गले गरेको पाइन्छ । एक थरीका मतमा प्रेमिका वा स्त्रीसँगको कुराकानी, स्त्रीको बानी प्रेमिकाका विषयमा कुराकानी आदिलाई बुझाउँछ भने अर्का थरीका मतमा गजल फारसी शब्द हो जसको तात्पर्य प्रणय प्रधान गीत हुन्छ त कसैले गजलको अर्थ नै प्रेम हो भनी परिभाषित गरेका छन् । आजकल गजल प्रेममा मात्र सीमित नभई जुनसुकै क्षेत्र विषय समेट्न पुगेको पाइन्छ ।

गजल गेय परम्पराबाट विकसित भएको हो र अहिलेसम्म पनि गायनसित यसको निकट सम्बन्ध रहेको छ । कृष्णहरि बरालका अनुसार भाव, कल्पना, बिम्ब तथा प्रतीक आदिको प्रयोगका साथै निश्चित क्रममा काफिया प्रयोग गरिने त्यस्तो काव्यरूपलाई गजल भनिन्छ, जसमा एउटै छन्दमा तीन वा तीनभन्दा बढी स्वतन्त्र सेरहरू हुन्छन् (बराल, २०६८ : १३६) ।

## ५.२.४ गजलको विकासक्रम

फारसका सायर 'रोद्रकी'ले इसाको दशौं शताब्दीतिरै गजल जन्माएका हुन् । यसलाई फारसकै सादी सिराजीले विकास गरेका हुन् । त्यसैगरी हिन्दीमा गजल विकासको इतिहास हेर्दा अमीर खुसरोको नाम सर्वप्रथम देखा पर्छ भने उर्दूमा जनानवली औरङगावादीको नाम लिनुपर्छ । नेपाली साहित्यमा सर्वप्रथम वि.सं. १९४० तिर मोतिराम भट्टद्वारा गजल भित्रिएको हो । उनको केन्द्रियतामा देखा परेको मोतिमण्डली र समस्यापूर्ति परम्परा एवं कविता गोष्ठीहरूले कविताको सामूहिक वातावरणको प्रारम्भ गरेको पाइन्छ । समस्यापूर्ति गजल, फुटकर कविता र खण्डकाव्य समेतका माध्यमबाट शृङ्गारधारालाई समेत मोतिराम

भट्टले प्रतिष्ठित तथा समृद्ध तुल्याएको पाइन्छ (त्रिपाठी, २०५४ : १११) । यसर्थ गजलको विकास गर्ने क्रममा मोतीमण्डलीको नाम अग्रपङ्क्तिमा आउँछ । नेपाली गजल परम्पराको विकास मुख्यतः तीन चरणमा भएको पाइन्छ ।

प्रथम चरण वि.सं.१९४० देखि १९९६ सम्म ।

दोस्रो चरण वि.सं.१९९७ देखि २०३५ सम्म ।

तेस्रो चरण वि.सं. २०३५ देखि हालसम्म ।

वि.सं. १९६९ मा प्रकाशित **सङ्गीत चन्द्रोदय**लाई प्रथम नेपाली गजल सङ्ग्रहका रूपमा स्वीकार गरिएको छ भने वि.सं. २०५० को साहित्यिक दशकलाई गजल दशक रूपमा लिइएको छ (थापा, २०६८ : ८८) । गोपीनाथ लोहोनी र दुर्गादेव पाण्डेयद्वारा सम्पादित उक्त **सङ्गीत चन्द्रोदय** (१९६९) मा मोतिरामदेखि शम्भुप्रसादसम्मका सात जना कविका गजल, टुप्पा, ठुमरी आदि रचना सँगालिएका छन् ।

## ५.२.५ गजलका तत्त्वहरू

गजल मुख्यतः भाषाको माध्यमद्वारा सङ्गीतको सहयोगमा अभिव्यक्त हुने कला विशेष हो (पराजुली, २०५६ : १२७) । अन्य साहित्यिक विधामा झैँ गजलका पनि निश्चित नियामक घटकहरू तथा संरचना विधान भएको पाइन्छ । यहाँ गजलका विविध घटकहरूको अध्ययन गरिएको छ ।

### ५.२.५.१ सेर

गजलका दुई हरफ वा मिसराहरूको योगबाट एउटा सेर (श्लोक) को निर्माण हुन्छ । जसरी संस्कृतको अनुष्टुप छन्दमा दुई पङ्क्तिको एक श्लोक हुने व्यवस्था छ त्यसरी नै गजलमा पनि दुई पङ्क्तिबाट सेरको निर्माण हुन्छ । सामान्यतया गजलमा पाँचदेखि एघारसम्मको सेरहरू राख्ने प्रचलन छ भने घटीमा तीन, चार र बढीमा एघारभन्दा बढी पनि हुनसक्छन् । नेपालीमा घटीमा तीन, चार र बढीमा बाइस  पच्चीस सेरसम्मका गजलहरू पनि रचिएका पाइन्छन् ।

### ५.२.५.२ मिसरा

गजलका प्रत्येक हरफलाई मिसरा भनिन्छ । यो परम्परागत कविता पाउको समानार्थी घटक हो । सेरको अघिल्लो पङ्क्तिलाई मिसरा ए उला र पछिल्लो पङ्क्तिलाई मिसरा ए सानी भनिन्छ । मिसरा पनि गायन र वाचनको सहजता र सरलताका लागि समान लम्बाईमा ढालिएको हुनुपर्छ । मिसरा ए उलाले कुनै विषयमा जिज्ञासा उठाउँछ भने मिसरा ए सानीले त्यसको समाधान देखाउँछ । जस्तै :

धेरै धेरै शीशमहल बने बजारमा - मिसरा ए उला

प्रेम-चिनो ताजमहल बन्नै बाँकी रै'छ - मिसरा ए सानी (गिरी, २०५९ : ४)

### ५.२.५.३ मतला

मतलाको अर्थ उदय हो । गजलका आरम्भका दुई पङ्क्तिलाई मतला वा मत्ला भनिन्छ । यसले गजलको समग्र भावलाई बहन गर्ने हुनाले यसलाई मुख्य भाव भनिन्छ । मतलाका दुईवटै मिसरामा अनुप्रास, काफिया अनिवार्य रूपमा हुनुपर्दछ । गजल गायनका समयमा प्रत्येक सेरको अन्त्यमा मतलाको कुनै एक वा दुवै मिसरालाई बारम्बार दोहोऱ्याइन्छ ।

### ५.२.५.४ मकता

गजलको अन्तिम सेर (श्लोक) लाई मकता (मक्ता) भनिन्छ । यसको अर्थ अस्ताउनु हुन्छ । यो गजलको निष्कर्ष भाग हो । यसको मिसरा ए सानीमा प्राय : लेखकले आफ्नो नाम वा उपनामलाई श्लेषात्मक अर्थमा प्रयोग गरेको पाइन्छ ।

### ५.२.५.५ तखल्लुस

मकताको मिसरा ए सानीमा हुने गजलकारको श्लेषार्थक नामलाई तखल्लुस भनिन्छ । तखल्लुस अरबी भाषाको पुलिङ्गी शब्द हो । सामान्यतया कविले आफ्नो रचनामा प्रयोग गर्नका लागि अर्थपूर्ण र त्यसमा पनि विभिन्न अर्थ आउने शब्द वा पदावलीयुक्त नाम चयन गरेको हुन्छ र कसैकसैले चाहिँ अर्थपूर्ण नभएपनि आफ्नै नामको अघिल्लो वा पछिल्लो

कुनै भागलाई तखल्लुसको रूपमा प्रयोग गरेको पाइन्छ । तखल्लुस मिसरा ए सानीमा मात्र होइन मकताको मिसरा ए उला मा पनि राख्न सकिन्छ । मूलतः अर्थ चमत्कारको लागि प्रयोग गरिने तखल्लुस गजलको ऐच्छिक घटक या तत्त्व भएकाले यो नभए पनि मकता हुनसक्ने मान्यता पनि धेरैको रहेको छ ।

## ५.२.५.६ काफिया

काफिया अरबी शब्द हो । यसको अर्थ पछिपछि आउने वा बारबार आउने भन्ने हुन्छ । साहित्यका सन्दर्भमा यसलाई अनुप्रास भनिन्छ । गजलमा यसको प्रयोग पङ्क्तिको अन्त्यमा वा उपान्त्यमा हुने गर्दछ (न्यौपाने, २०६९ : १४७) । यो मतलाका दुवै मिसरामा र अन्य सेरका ए सानीमा मात्र आउने गर्छ । यो नभए गजल बन्दैन भन्ने मान्यता छ ।

काफियाको उदाहरण :

आफ्नो गाउँ बनाउन आफैं कम्मर कसौं हजुर
प्रवासी भै नहुने भो आई यतै बसौं हजुर ।

साग सिस्नु खाए हुन्छ आफ्नै ठाम्मा उब्जाएर
परदेश त्यागी अब आफ्नै गाउँ पसौं हजुर (दाहाल, २०६३ : ५५) ।

माथिको सेर चाहिँ मतलाको उदाहरण हो । मतलाको कसौं हजुर र बसौं हजुर काफियाको उदाहरण हो । पछिल्लो सेरको दोस्रो पङ्क्तिमा प्रयुक्त पसौं हजुर अघिल्लो मतलाको बसौं हजुरको अनुप्रासका रूपमा आएको छ । यसमा पूर्ण काफियाको प्रयोग भएको छ ।

काफिया पनि तीन प्रकारको हुन्छ । १) पूर्ण शब्द काफिया (काम, नाम, दाम, जाम) २) आंशिक शब्द काफिया (वर्षात्, रात, पारिजात, जमात) ३) एकाक्षरी काफिया (भएको, दो, चोखो, पाकेको) ।

## ५.२.५.७ रदिफ

रदिफ भनेको एक प्रकारको अन्त्यानुप्रास हो । यो मतलाको दुवै मिसरामा र अन्य सेरको मिसरा ए सानीको अन्त्यमा मात्र आउँछ । रदिफ पनि गजलको ऐच्छिक घटक हो । रदिफ भएको गजललाई मुरद्दफ गजल भनिन्छ भने रदिफलाई महत्त्व नदिई लेखिएको

अर्थात् रदिफको प्रयोग नभएको गजललाई गैरमुरद्दफ गजल भनिन्छ रदिफले गजलमा सङ्गीतात्मकता र लयात्मकता बढाउँछ ।

**रदिफप्रयुक्त गजलको उदाहरण :**

जूनतारासँगै देखेको गलत नसम्झ

आफ्नै सम्झी पत्र लेखेको गलत नसम्झ (अधिकारी, २०६५ : १०३) ।

माथिको मतलामा दुवै पङ्क्तिको अन्त्यमा 'गलत नसम्झ' शब्द समूह अन्त्यानुप्रासका रूपमा प्रयोग भएको छ । अन्त्यनुप्रासको प्रयोग भई आकृतिको रूपमा भएकोले यसमा रदिफ पर्न गएको हो । यो मुरद्दफ गजल हो ।

## ५.२.५.८ रुक्न

परम्परागत नेपाली छन्दमा गणको समानार्थी पदसंयोजनलाई रुक्न भनिन्छ । रुक्न खास गरी तीनदेखि पाँच अक्षरसम्मको हुन्छ । रुक्नकै आधारमा अर्कान र बहरहरू छुट्टिन्छन् । गजल लेखनमा वर्णमात्रिक र आक्षरिक दुवै प्रविधि अपनाउन सकिन्छ । वर्णमात्रिकमा लघु गुरू मिलाइन्छ भने आक्षरिकमा अक्षर सङ्ख्यामात्र मिलाइन्छ ।

उर्दू भाषामा गणलाई रुक्न भनिन्छ । जसरी संस्कृतको छन्दशास्त्रमा यगण, मगण, तगण, रगण, जगण आदि आठवटा गणको व्यवस्था छ र तिनै गणहरूको विविध प्रयोगबाट विभिन्न सयौं छन्दहरूको निर्माण हुन्छ त्यसरी नै उर्दू छन्दशास्त्रमा पनि विभिन्न आठवटा रुक्नहरूको व्यवस्था देखिन्छ (परिश्रमी, २०६३/०६४ : ३५) :

| रुक्न | सङ्केत | मात्रा | शब्द | उदाहरण |
|---|---|---|---|---|
| मफाईलुन् | (ISSS) | १,२,२,२ | ल.गु.गु.गु | यता हेर्‍यो |
| मुस्तफइलुन् | (SSIS) | २,२,१,२ | गु.गु.ल.गु | के के भयो |
| फाइलातुन् | (SISS) | २,१,२,२ | गु.ल.गु.गु | आज मेरा |
| फऊलुन् | (ISS) | १,२,२ | ल.गु.गु | उज्यालो |
| फाइलुन | (SIS) | २,१,२ | गु.ल.गु | जिन्दगी |
| मुतफाइलुन् | (IISIS) | १,१,२,१,२ | न.ल.गु.ल.गु | कसरी तिमी |
| मुफाइलतुन् | (ISIIS) | १,२,१,१,२ | ल.गु.ल.ल.गु | सुनाइरहें |
| मुफ्ऊलातु | (SSSI) | २,२,२,१ | गु.गु.गु.ल | कालो रात |

संस्कृत छन्दशास्त्रमा ह्रस्वलाई लघु ( I ) र दीर्घलाई गुरु (S) चिन्हले सङ्केत गरिन्छ भने गजलमा लघु वर्णलाई '१' र गुरू वर्णलाई '२' ले सङ्केत गरिन्छ ।

### ५.२.५.९ अर्कान

रुक्नहरूको संयोगबाट निर्मित एक मिसरा खण्डको संरचनालाई अर्कान भनिन्छ । गजलमा प्रयुक्त एकल रुक्नलाई पनि अर्कान भन्न सकिन्छ । यसको मेलबाट बहरहरूको निर्माण हुन्छ ।

### ५.२.५.१० बहर

अर्कानहरूको संयोग भई निर्माण हुने एक पङ्क्तिलाई नै बहर भनिन्छ । यसमा एक वा एकभन्दा बढी अर्कान या रुक्नहरूको पनि प्रयोग हुन सक्छ । यो छन्दको समानार्थी घटक हो । तसर्थ गजलमा प्रयोग हुने छन्द नै बहर हो भन्न सकिन्छ । लय, छन्द वा बहर सबैले रचनाभित्रको सङ्गीत चेतनालाई सङ्केत गर्दछन् । गजलका बहरलाई विशेषत : एउटै रुक्नको आवृत्ति भएको मूल छन्द (मुफरद बहर), मिश्रित छन्द (मुखकव बहर) र परिवर्तित छन्द (मुजाहिफ बहर) गरी तीन भागमा विभाजन गरिएको भए पनि सेरको विषयवस्तुको आधारमा भने मुसलसल र गैर मुसलसल गरी दुई प्रकारका हुन्छन् । सम्पूर्ण सेरहरूमा एकैखाले विषय वस्तुको प्रभाव रहेको गजललाई मुसलसल र विविध विषयवस्तुको सरेहरूबाट निर्मित गजललाई गैर मुसलसन गजल भनिन्छ । एउटै शीर्षकको गजल भित्र राष्ट्रप्रेम, प्रकृतिचित्रण, सामाजिक विसङ्गति, राजनीतिक व्यङ्ग्य जस्ता विषयवस्तुहरू अटाउन सक्छन् ।

### ५.२.५.११ यति

प्रत्येक मिसराको गायनमा लिइने अडान वा विश्राम नै यति हो । गजल वाचन गर्ने क्रममा यति वा विश्रामको पालना छन्द वा बहर अनुसार भिन्नभिन्न हुने गर्छ । यो आदि, मध्य, अन्त्य आदि विभिन्न किसिमको हुन्छ ।

### ५.२.५.१२ भाव

'भाव' संस्कृत शब्द हो । गजलका तत्त्वहरू मध्ये भावलाई पनि महत्त्वपूर्ण तत्त्व भनिन्छ । कुनै पनि लेखनका पछाडि कुनै न कुनै भाव लुकेको हुन्छ । माया, प्रेम, मिलन, विछोड, द्वन्द्व, सङ्घर्ष, मृत्युबोध आदि भावहरूको समायोजनका कारण गजलले पूर्णता

पाउँछ । यी बाहेक देशभक्ति, राष्ट्रभक्ति, प्रकृतिप्रेम आदि वषयवस्तुसँग समेटिएका भाव पनि गजलमा पाइन्छन् । भावको गाम्भीर्यताले गजलको स्तरीयता बढाएको हुन्छ ।

### ५.२.५.१३ लय

कविता विधाको मुख्य विधागत परिचायक स्वरूप तत्त्व लय विधान नै हो (त्रिपाठी र अरू, २०४८ : १८) । लय संस्कृत शब्द हो । 'ली' धातुमा 'अच्' प्रत्यय लागेर बनेको यस शब्दले टाँसिनु, मिलाप, लगाव, लुकेको, पग्लनु, घोल, विनास आदि अर्थलाई बुझाउँछ भने सङ्गीतमा प्रयुक्त द्रुत, मध्य, विलम्बित लयलाई पनि बुझाउने गर्छ (पोखरेल, २०४० : ११६८) । लय कान, तथा आँखा दुवैसँग सम्बन्धित हुने गर्छ । यसले सङ्गीत, कविता र नृत्यसँग पनि बलियो सम्बन्ध स्थापना गरेको छ भने यो प्राकृतिक घटनासँग पनि सम्बद्ध हुन्छ (बराल, २०६८ : ७५) ।

लयात्मक कविता गाउनका लागि विशेष रूपले लेखिन्छ । मोतीराम भट्ट **(सङ्गीत चन्द्रोदय)** र शम्भुप्रसाद ढुङ्गेल **(शम्भोभजनमाला)** बाट यो बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, भवानी भिक्षु, युद्धप्रसाद मिश्र, भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, अगमसिंह गिरी आदिका विभिन्न विषयका कवितामा फैलिएको छ (शर्मा, २०२९ : ३७) ।

गजल सिद्धान्तमा लयविधानलाई महत्त्वपूर्ण पक्षको रूपमा लिइन्छ । यसले गजललाई उत्कर्षता प्रदान गर्दछ । विभिन्न स्वरवर्ण, व्यञ्जनवर्णको समान वितरण, पुनरावृत्ति, अन्त्यानुप्रास जस्ता अति कलात्मक पक्षले लय विधानको स्वरूपलाई प्रष्ट पार्ने काम गरेको हुन्छ । साङ्गीतिकता र लयबद्धताको दायरामा रहेको गजलको मिठास अति नै आनन्दप्रदायक हुन्छ । लयविधानलाई पनि दुई भागमा वर्गीकरण गरिएको छ :- शास्त्रीय मान्यता एवम् नियममा आबद्ध भई लेखिएका गजल शास्त्रीय लय अन्तर्गत पर्दछ । शास्त्रीयता लय गजल लेखन र गायन दुवैका लागि अपरिहार्य मानिन्छ । शास्त्रीय लय तथा सङ्गीतको आधारभूत ज्ञानबिनाको गजल लेखन तथा गायन अत्यन्तै अव्यवहारिक र अशोभनीय जस्तो देखिन्छ । हिजोआज शास्त्रीय लयलाई छाडेर स्वनिर्मित लयमा गजल लेखन परम्परा अँगालिएको देखिन्छ । शास्त्रीय नियममा नबाधिईकन आफू खुसी लय निर्माण गरी लेखिएका यस्ता खाले गजलहरू गजल नभएर गीत तथा कविता जस्ता देखिन्छन् ।

#### ५.२.५.१४ प्रतीक वा बिम्ब

स्रष्टाका मानसपटलमा रहेको भावलाई अभिव्यक्त गर्ने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ । त्यसैले यो सर्जकका मनमा रहेको मानसिक तस्बिरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा हो (गौतम, २०६० : १) । सामान्यत : बिम्ब अभिधात्मक हुन्छ भने प्रतीक व्यञ्जनात्मक हुन्छ । अनि प्रतीक अनिश्चिततातिर र बिम्ब निश्चितततातिर उन्मुख हुन्छ । प्रतीकले अर्थलाई विस्तार गर्छ भने बिम्बले वस्तु कार्य, भाव, विचार, धारणा, मनका अवस्था, ऐन्द्रिक, अतिऐन्द्रिक अनुभवलाई बुझाउने गर्छ (बराल, २०६८ : ११३) । गजलमा बिम्ब र प्रतीकहरूको महत्त्वपूर्ण स्थान हुन्छ । तसर्थ गजलमा प्रयोग गरिने बिम्ब र प्रतीकको घुमाउरो प्रस्तुतिले गजललाई उच्चता प्रदान गरेको हुन्छ ।

## ५.३ पलपलका तलतलहरू गजलसङ्ग्रहको सङ्क्षिप्त विश्लेषण

नेपाली साहित्यको कविता विधाको उपविधामा हुर्किन पुगेको गजल विधामा आफ्नो छुट्टै पहिचान बनाउन सफल विमलप्रकाश देवकोटाको साहित्यिक यात्राको प्रथम चरणमा पुस्तकाकारका रूपमा प्रकाशित **पलपलका तलतलहरू** (२०५९) गजलसङ्ग्रह पहिलो अनि एक मात्र कृति हो । **पलपलका तलतलहरू** गजलसङ्ग्रहका गजलहरूलाई गजलका तत्त्वहरू सेर, काफिया, रदिफ, बहर, तखुल्लुसका आधारमा रचना गरिएका छन् ।

### ५.३.१ पृष्ठभूमि

**पलपलका तलतलहरू** गजलसङ्ग्रह (२०५९) उदाउँदो नेपाली गजलको मझेरीमा देखा परेका सिर्जनशील, निडर एवम् स्पष्टवक्ता विमलप्रकाश देवकोटा (वि. सं. २०२५) को प्रथम पुस्तकाकार कृति हो । गजल मुलतः शृङ्गारिक हुन्छ । मृगका जस्तै नयन भएकी मृगनयनीप्रति प्रेमभक्ति भई लेखिने छन्दमय, रसदार र अनुरागयुक्त प्रेमपत्र नै गजल हो भन्ने गरिन्छ । आजकाल गजल प्रेममा मात्र सीमित नभई जुनसुकै क्षेत्र, विषय समेट्न पुगेको पाइन्छ । आजका गजलकारहरूले पुरातन मान्यताहरूको प्राचीरलाई गर्ल्यामगुर्लुम्म भत्काइसकेका छन् । प्रणयधर्मी र शृङ्गारिकताको सङ्कुचनबाट आधुनिक गजल उन्मुक्त भएको छ । त्यसैले आजको गजल कुनै सुन्दरीको नखशिख, कुचकटी, नयन, नाभी र नितम्बको प्रशंसामा मात्र परिसीमित छैन । समाजमा व्याप्त विविध चरित्र तथा आफूले देखेका, भोगेका र अनुभूति गरेका विषयलाई आजका गजलकारले गजलको ऐनामा जस्ताको

तस्तै प्रतिबिम्बित गरेको पाइन्छ (पौड्याल, २०६३/०६४ : १९२) । गजलकार विमलप्रकाश देवकोटाले यस **पलपलका तलतलहरू** (२०५९) गजलसङ्ग्रहमा सामाजिक, राजनैतिक र व्यवहारिक जीवनका विविध आयामहरूलाई पनि समेटेका छन् ।

**पलपलका तलतलहरू** (२०५९) गजल सङ्ग्रहमा जम्मा जम्मी ४८ वटा गजलहरू सङ्ग्रहित छन् । यस गजलसङ्ग्रहका प्रायजसो गजलहरू विभिन्न शीर्षक दिएर दश हरफभित्र गुँथिएका छन् । यो गजलसङ्ग्रह २०५९ सालमा कवि शिरोमणि लेखनाथ जयन्तीको शुभअवसर पारेर प्रकाशन गरिएको छ । यसको प्रकाशकको रूपमा 'त्रिवेणी साहित्य परिषद्' रहेको छ । त्रिवेणी साहित्य परिषद् नवलपरासीको सचिव गोविन्दराज विनोदीको प्रकाशकीय रहेको यस कृतिमा हरिहर खनाल र चितवन वाङ्मय प्रतिष्ठानका सचिव लक्ष्मणप्रसाद गौतमको शुभकामना लेख राखिएको छ भने बाल्मीकि साहित्य सदन चितवनका अध्यक्ष केशवराज आमोदीको **पलपलका तलतलहरू**का उन्मादमा तरङ्गिँदै शीर्षात्मक लेख छापिएको छ । पहिलो पृष्ठमा प्रकाशक र कृतिको नाम रहेको यस गजलसङ्ग्रह प्रकाशकीय, शुभकामना मन्तव्यसहित चौसठ्ठी पृष्ठको आयतनमा फैलिएको छ । गजल सङ्ग्रहको पछिल्लो भागमा लेखक परिचयका साथै साहित्यकार प्रेमविनोद नन्दनको शुभेच्छा राखिएको छ ।

गजलका संरचनाभित्र पर्ने सम्पूर्ण नियमहरूको पालना गरी लेखिएको यस गजलसङ्ग्रहलाई विषयवस्तु, भाव आदिका आधारमा सङ्क्षिप्त विश्लेषण गरिएको छ :

## ५.३.१.१ विषयवस्तु

काव्य रचनाका लागि छनौट गरिएको वस्तु चयनलाई नै मूल रूपमा गजलको विषयवस्तु भनिन्छ । कुनै पनि गजल विषयवस्तुविहिन हुन सक्दैन । गजलमा माया, प्रेम, नायिका वर्णनलाई मुख्य विषयवस्तु मानिए तापनि हाल गजलमा ब्रह्माण्डभित्रका यावत वस्तु, मानवीय स्वभाव, प्रवृत्ति, ज्ञानविज्ञानका विषयवस्तु, धर्म, संस्कार, संस्कृति, देश, समाज, राजनीति, प्रकृतिसहित जीवन भोगाइ र हेराइका अनेक क्षेत्रहरूलाई समेत समेटिएको पाइन्छ । गजलकार विमलप्रकाश देवकोटाको पहिलो प्रकाशित कृति **पलपलका तलतलहरू** (२०५९) गजलसङ्ग्रहमा देशप्रेम, हाम्रो सामाजिक र राष्ट्रिय जीवनमा देखिएको बेथिति र बरबादी, हत्या, आतङ्क, लुटपाट र अनाचारप्रति तीव्र घृणा र चिन्ता व्यक्त गरिएको छ ।

गजलमा विशेषतः प्रेमी-प्रेमिकाको प्रणय प्रेमको वर्णन गरिन्छ । आज दुनियाँ स्वार्थी बन्दै गएको छ । आत्मिक प्रेमलाई भन्दा मांशल प्रेमलाई महत्व दिनाले सच्चा प्रेमको बदनाम भएको छ । यस भावलाई *भौँतारिँदै खोजी हिँडे* शीर्षकको गजलले यसरी व्यक्त गरेको छ :

भौँतारिँदै खोजी हिँडे पाइन साँचो प्रेम हजुर

शरीर कि आत्मासँग हुन्छ माया प्रेम हजुर

प्रेमले मात्र जीवनको लामो यात्रा चल्दैन । जीवन चलाउन आयआर्जनको स्रोत पनि आवश्यक पर्छ । आफ्नी प्रेयसी, बालबच्चा छाडेर कैयौं युवाहरू विदेशिनु पर्ने बाध्यतालाई *बेसहारा भयो जीवन* शीर्षकको गजलमा व्यक्त भएको पाइन्छ :

बेसहारा भयो जीवन विरही गीत गाएको छु

परिवार धान्न भनी नौलो ठाउँमा धाएको छु ।

कति फेरौं व्यवहारमा तिरस्कारका निश्वासहरू

गाह्रो-साह्रो पराइ ठाउँमा जिन्दगीलाई दाएको छु ।

देशमा बहुदलीय प्रजातन्त्र ल्याउन कैयौं जनताले प्राण उत्सर्ग गरे तर अदुरदर्शी र भ्रष्टाचारी नेताहरूको कारण देशमा भ्रष्टाचार बढेको र महङ्गीले गगन छुन पुगेकोले सोझा निमुखा जनताहरूको आशा भाँचिएको तथ्यलाई *जिन्दगी बिताउन* नामको गजलले प्रष्ट पारेको छ :

जिन्दगी बिताउन गारो भएको छ

महङ्गी र भ्रष्टचार पारो भएको छ

जनताले आशा गर्नु व्यर्थ भएपछि

विकासका आश्वासन छारो भएको छ

साहित्यलाई समाजको दर्पण मानिन्छ । साहित्यले समाजको यथार्थ चित्रण गर्नुका साथै समाजलाई अग्रगमनतर्फ लैजाने कार्य समेत गर्दछ । साहित्य र राजनीति दुवै एकअर्काका पुरक हुँदाहुँदै पनि राजनीतिमा फोहोरी खेल हुन थालेकोले साहित्यलाई छाडेर राजनीतितिर लाग्दिनँ भनी *साहित्यलाई पन्छाएर* बोलको गजलमा व्यङ्ग्य गरेका छन् :

साहित्यलाई पन्छाएर भित्र बाहिर म सर्दिनँ
सत्तामोह गर्नु छैन भो राजनीति म गर्दिनँ

जनतालाई चारो फाली आर्थिक भ्रष्टाचार गर्दै
राष्ट्र खोक्रो पार्नु छैन भो राजनीति म गर्दिनँ

वर्गीय समाज रहेको परिवेशमा स्रष्टाले चाहेर वा नचाहेरै वर्गीय धारणाले मुक्त साहित्यको सिर्जना गर्दछन् । समाजमा वर्गीयताको आधार आर्थिक धरातलले सिर्जना गर्दछ । समाजमा रहेको वर्गीय खाडलका कारण भोग्न परेको पीडालाई गजलकार देवकोटाले *बिरानिए फेरि किन* शीर्षकको गजलमा प्रस्तुत गर्दै लेख्छन् :

बिरानिए फेरी किन सधैँ हिँड्ने बाटाहरू ?
भन्छ जुठे कचल्टिई दुख्यो घाउ खाटाहरू

गए साल घर चुहुँदा आउँदो साल फेर्छु भन्थ्यो
यसपाली नि रुझ्यो जुठे पैरी डाँडा भाटाहरू

कामै कामले दिनरात जोतिरहे पनि यहाँ
अझै फेर्न सक्या छैन थोत्रा लुगाफाटाहरू

आजका मान्छे नैतिकतालाई बिर्सी पशुको तहभन्दा पनि तल झरेका छन् । धनको पछि लागेर रगतको साइनो नै बिर्सिन पुगेका छन् । व्यक्तिगत स्वार्थका कारण मानवीय कर्तव्यलाई आँखा चिम्लिन पुगेका छन् । मानिसको यही घिनलाग्दो चरित्रलाई देवकोटाले *बैगुनीलाई ऐँचोपैँचो* बोलको गजलमा व्यक्त गरेका छन् :

पशुको झैँ चित्त हरे ! धन्य मानव समाजको
मान्छे-मान्छे बीच आज मान्छे नोटमा किनिन्छ रे !

मानवता टाढा भाग्यो संसार भरी त्रास छ
गर्जिएर सिंहले झैँ शालीनता निलिन्छ रे !

प्रगतिवादले सौन्दर्यबोधको चेतना बहुसंख्यक सर्वसाधारण पाठक, दर्शक, श्रोता र स्रष्टाहरूमा जाग्न सक्छ र जगाउन सक्नुपर्छ भन्ने मान्यता राख्दछ भने प्रगतिवादीहरू

साहित्यिक संवेदनशीलताको पक्षलाई मात्र समात्ने वा स्तर उन्नत गर्ने नाममा बहुसङ्ख्यक जनताको वास्ता नगरी अल्पसङ्ख्यक सुविधाभोगीहरूका लागि मात्र उन्नत भाव र स्तरीय साहित्यको रचना गर्नुलाई उपयुक्त कार्य मान्दैनन् । जनताको स्वर उन्नत नभई खास अर्थमा साहित्यको स्तर पनि उन्नत हुन सक्दैन र संवेदनशीलताको पनि विकास हुन सक्दैन भन्ने मान्यताका साथ देवकोटाले पनि यस गजलसङ्ग्रहमा रुढीवादी विचारको विरोध, यथास्थितिको विरोधका साथै जातपात, धर्म, कुरीति आदिको अस्वीकृति भाव व्यक्त गर्दै परिवर्तनका लागि एकजुट हुन *च्यातिएको मनको पर्दा* शीर्षकको गजलमा आग्रह गरेका छन् :

च्यातिएको मनको पर्दा भावनाले खुटौं अब
धरती यो स्वर्ग पार्न बेहिसाब जुटौं अब ।

दिन दुःखी नेपालीलाई उन्मुक्त भै हँसाउन
बिहानीमा हिमालको लालीमा झैं खुलौं अब ।

यसरी देवकोटाको पलपलका तलतलहरूमा सङ्ग्रहित गजलहरूलाई नियाल्दा मायाप्रेम, प्रणय, घात-प्रतिघात, प्रकृति, देशको भ्रष्टाचार, राजनीति जस्ता विभिन्न विषयवस्तुहरूलाई गजलमा उठाइएको पाइन्छ । उनका गजलहरूमा विविध विषयवस्तुहरूको परिपाक पाइन्छ । मुलतः ५/५ का शेरहरूमा गुँथिएका देवकोटाका गजलहरूमा नेपाली जनजीवन, राजनैतिक उहापोह, राष्ट्रप्रेम, प्रकृतिप्रेम, मानव-मानव बीचको द्वन्द्व, सामाजिक विकृति, विसङ्गति, माया-प्रेम आदि विषयलाई समेटेको पाइन्छ ।

## ५.३.१.२ लयविधान

गजलको परिपूर्ण आस्वादनका निम्ति लय र सङ्गीतको योग वाञ्छनीय मानिन्छ । गजलमा भाषाशैलीको पङ्क्तिगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनि प्रवाह गर्नु नै लयविधानको लक्ष्य हो । लय गजलका लागि अनिवार्य तत्व मानिन्छ । गजलकार देवकोटाको यस **पलपलका तलतलहरू** गजलसङ्ग्रहभित्रका गजलहरू पनि लयात्मक तथा छन्दका हिसाबले पूर्ण मानिन्छन् । गजललाई लयात्मक, गेयात्मक, कर्णप्रिय

बनाउने तत्व बिम्ब र प्रतीक हुन् । यिनको सम्मिश्रण *जति गायो गाऊँ लाग्ने* शीर्षकको गजलमा देख्न सकिन्छ :

जति गायो गाऊँ लाग्ने रोदी घरका गीतहरू
कान्छीसँगै नाचे पनि मेटिएनन् धीतहरू

साँझ डुब्यो अँधेरीमा आफैँलाई बिर्सिएछु
चाँदनीमा बैंस पग्ली बर्सिएछन् शीतहरू

नेपाली समाजको आफ्नै मौलिक पहिचान छ । त्यसलाई नेपाली जनजिब्रोले सदैव मिठो मानिरहन्छ । देवकोटाले पनि आफू बाँचेको नेपाली समाजको लोकलयलाई *नेपालमा शान्ति छैन* बोलको गजलमा प्रयोग गरेका छन् :

नेपालमा शान्ति छैन, मन उडी गयो बरिलै
नेपालीको शान-शौकत, विदेशमा गयो बरिलै

खोजीनीति शान्तिको त्यो किन पर सरेको छ ?
नेपालका छोराछोरी रुँदै हिँड्नु पर्‍यो बरिलै

गजलमा काव्यात्मक र व्याकरणिक विरामको प्रयोग लयको विशेष उपकरण मानिन्छ । यिनै गजलका नियमहरूलाई पछ्याउँदै गजलकार देवकोटाले गजलहरू सिर्जना गरेका छन् ।

### ५.३.१.३ भावविधान

कुनै पनि साहित्यमा भाव शक्तिको प्रधानता रहन्छ । भाव तथा संवेगलाई प्राचीन समयदेखि नै साहित्यका लागि आवश्यक तत्वका रूपमा प्रयोग गरिएको पाइन्छ । भाव वा विचार पक्षको सम्बन्ध सर्जकभित्रको अनुभूतिसँग हुन्छ । मानव हृदयमा प्रेम, उत्साह, क्रोध, घृणा, हाँस्य, शृङ्गार आदि भावहरू रहेका हुन्छन् । सर्जकले आफूभित्रका ती भावहरूलाई साहित्य कृतिमा व्यक्त गर्दछ । साहित्य मानव जीवनलाई शिक्षा र सन्देश दिने प्रभावकारी माध्यम पनि हो । गजलमा विशेषतः प्रेमप्रणयको भाव हुने भए तापनि हाल विभिन्न भावमा

समेत लेखिन थालेको छ । गजलकार देवकोटाको यस गजलसङ्ग्रहका गजलहरू पनि विभिन्न भावहरूले सजिएको पाइन्छ । देवकोटाको यस गजलसङ्ग्रहमा मधुर प्रेमको अनुभूति, देशप्रेम, नेताहरूको स्वेच्छाचारी, हत्या, हिंसा, अशान्ति, सामाजिक विकृति-विसङ्गति आदिबाट आक्रान्त नेपाली समाज र त्यसबाट मुक्तिको चाहजस्ता विविध विषयवस्तुलाई प्रस्तुत गर्नु यस काव्यकृतिको भाव रहेको छ । यस गजलसङ्ग्रहभित्र रहेका गजलहरूको मूलभावलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी चर्चा गरिन्छ ।

**क) प्रेमप्रणय**

गजल आफैँमा प्रेमपरक हुन्छ । जीवनका लागि प्रेमप्रणय आवश्यक शक्ति हो । यही मान्यतालाई प्राथमिकता राखी गजलकार देवकोटाले गजलहरू सिर्जना गरेका छन् । प्रेमानुरागले सजिएको उनको *निम्तो प्रेयसीको* नामको गजललाई हेरौं :

निम्तो प्रेयसीको थियो प्रतिकूल याम छ
माया लाउन जानुपर्ने आजै चक्का जाम छ

प्रतीक्षामा वर्षौं बिते अहो ! कस्तो सञ्जोग यो
लगन त्यो छोप्नुपर्ने आजै चक्का जाम छ
न्यानो माया खन्याएर मुस्कानले लठ्याएको
कोसेली त्यो चाख्नुपर्ने आजै चक्का जाम छ

उनको यस गजलसङ्ग्रहभित्रका अधिकांश गजलहरूमा मान्छेमा रहने शृङ्गार (रागात्मक) भावनाको प्रस्तुतीकरण गरिएको छ । शृङ्गारमूलक भावमा रचिएको *तड्पिन लाग्यो यो मन* शीर्षकको गजललाई तल प्रस्तुत गरिएको छ :

तड्पिन लाग्यो यो मन मेरो प्रेमको ताज मायाले छोप
ढलफल हुन्छ बैंसमा यार यौवन लाज मायाले छोप

जब युवायुवतीहरू यौवनावस्थामा पुग्छन् अनि उनीहरूको बोलाइ, हिँडाइ आदिमा परिवर्तन देखिन थाल्छ । यौवनको ताप र रापले एकान्तमा रमाउने, विपरित लिङ्गीप्रति आकर्षित भई मस्किने जस्ता व्यवहार देखिने बैंशालु अवस्थाका स्वभाविक गुणहरूलाई *अङ्ग अङ्गमा प्रीति-रसले* शीर्षात्मक गजलमा उजागर गरिएको छ :

अङ्ग अङ्गमा प्रीतिरसले अनायासै कस्तो चस्किनी भै'छौ
जुनेलीको एकान्तमा नानी अब त मस्किनी भै'छौ

हृदयका नौला खुल्दुलीलाई आफैं सामु फुकाएर
सपनीका प्रत्येक प्रहरमा नानी अब त झस्किनी भै'छौ

बैँसालु नारीको हाउभाउले कुन पुरुषमा यौनरस पैदा गर्दैन र ? नरनारीमा अनुराग नभए त काल आयो, यौन ग्रन्थीहरू सुकेका रहेछन् भन्ने बुझे हुन्छ । गजलमा कलात्मक प्रेमप्रणय लीलाले नै प्रधानता पाउने हुँदा देवकोटाका गजलहरू पनि त्यसबाट टाढा छैनन् । *बज्यो प्रेम तारमा* शीर्षक गजलको शेरहरूमा प्रणय भाव यसरी पोखिएको छ :

बज्यो प्रेम तारमा गितार तारमा प्रेम रन्कियो
दन्क्यो आगो नशा-नशामा प्रेमलीला सल्कियो

बोल्छ्यौ अनौठो भावले अचम्म ! प्रकृतिको छटामा
मुसुक्क मस्की साउती मार्‍यौ प्रेम-लीला सल्कियो

श्रीमान् श्रीमती एक रथका दुई पाङ्ग्रा मानिन्छन् । पति-पत्नी बीचमा आपसी समझदारी र प्रेम भएन भने घर लथालिङ्ग बन्न पुग्छ तसर्थ एकले अर्कोलाई मायाप्रेमले सिञ्चित गर्न सक्नुपर्छ । यहाँ देवकोटाले आफ्नी जीवन सङ्गिनीप्रति प्रेम यसरी पोखेका छन् *सम्हालेर राख्छिन् मलाई* बोलको गजलमा :

सम्हालेर राख्छिन् मलाई सुखमा तनकी इन्दिरा
मायाकी खानीझैँ लाग्छ मेरी मनकी इन्दिरा

गंगाझैँ 'विमल' जलमा छन् रसिली उनी
उज्याली बैंसकी ज्योति मेरी मनकी इन्दिरा

आजकल समाजमा चोखो प्रेममाथि फोहोरी खेल खेल्नेहरूको कमी छैन । प्रेममा घात प्रतिघात गर्नेहरू चोखो प्रेमको बदनाम गरिरहेका छन् । देवकोटाले यिनै घातप्रतिघातलाई *भेट हुँदा मनको कुरा* शीर्षकको गजलमा व्यक्त गरेका छन् :

भेट हुँदा मनको कुरा साँची मोरी कान्छीले
हिजो आउँछु भन्थी आफैँ ढाँटी मोरी कान्छीले

सँगै जीउने मर्ने भन्दै खाए पनि कसमहरू
आज फेरी मलाई छली घाती मोरी कान्छीले

गजलकार देवकोटाको यस गजलसङ्ग्रहमा सङ्ग्रहित गजलहरूमा प्रेमप्रणय, शृङ्गारिकता, रतिरागात्मक प्रेम सलबलाएको पाइन्छ ।

**ख) राष्ट्रप्रेम**

राष्ट्रप्रति रहेको सद्भाव, प्रेम, स्नेह नै राष्ट्रप्रेम हो । गजलकार देवकोटाको यस गजलसङ्ग्रहभित्रका गजलभित्र राष्ट्रप्रेमको भावना पनि पोखिएको पाइन्छ । राष्ट्रप्रेम, राष्ट्रिय स्वाभिमानका स्वरहरू गुन्जिएको *कति प्यारो लाग्छ* बोलको गजललाई हेरौं :

कति प्यारो लाग्छ देश ? एकान्तमा सोच साथी
साँचो कुरा तीतो लाग्छ जोसुकैलाई सोध साथी ।

निस्वार्थी भै देशको माया ढुकढुकीमा सजाउनु
गीठो पीठो खाए पनि त्यसैमा छ मोज साथी ।

देशमा अशान्ति भएपछि जनताले सुखको श्वास फेर्न पाउँदैनन् । जनताहरू निराश हुन्छन् । विकासका सम्भावनाहरू विलय हुन्छन् । तसर्थ देशमा शान्ति आवश्यक पर्छ भन्दै युद्धले देशमा शान्ति हराएकोले शान्तिको चाहना र देशप्रेमको भावनालाई यसरी व्यक्त गरेका छन् :

हराएको खुसी फेरि कैले भेटिएला प्रभु !
देशको घाउ-अशान्तिको कैले मेटिएला प्रभु !

छङछङ गर्दै धरधरी मेची काली रोएका छन्
शान्तिप्रिय नेपाल भनी कैले लेखिएला प्रभु !

सबै देशबासी नजुटेसम्म देशको विकास हुन सक्दैन । जनता नै देश विकासको मूल आधार हो । तसर्थ समाजका सम्पूर्ण जनता सानो ठूलोको भावना नराखी राष्ट्र निर्माणमा जुट्नुपर्छ भन्ने राष्ट्रप्रेमको उद्घोष *च्यातिएको मनको पर्दा* बोलको गजलमा पाइन्छ :

च्यातिएको मनको पर्दा भावनाले खुटौँ अब !
धरती यो स्वर्ग पार्न बेहिसाब जुटौँ अब !

म ठूलो र तँ ठूलोको कल्मषलाई मिल्काएर
पग्लिएर निरन्तर निर्झर भै छुटौं अब !

हरेक देशभक्तलाई आफ्नो देश प्यारो र सुन्दर लाग्नु पर्छ । यही भावका साथ नेपाल संसारकै सबैभन्दा सुन्दर ठाउँ हो भन्दै *सगरमाथा जस्तै उच्च* शीर्षकको गजलमा राष्ट्रप्रेमलाई शीर्षस्थानमा राखेका छन् :

सगरमाथा जस्तै उच्च नेपालीको मन
रमाएर हिँड्छ सधैँ आफ्नै रनवन

नेपाल यति सुन्दर छ ! अर्को कुनै ठाउँ छैन
गौतम बुद्ध उसको गौरव हो कि होइन भन

यसरी गजलकार देवकोटाको **पलपलका तलतलहरू** गजलङ्ग्रहभित्रका गजलहरूमा राष्ट्रप्रेमलाई उच्च स्थान प्रदान गरेको पाइन्छ ।

### ग) प्रकृति प्रेम

गजलकार देवकोटाका कतिपय गजलहरूमा प्रकृतिको सुन्दर वर्णन पाइन्छ । उनी स्वयम् पनि हरिया वनजङ्गल, खोलानाला, तालतलैया जस्ता विविध प्राकृतिक सुन्दरताले सजिएको चितवन राष्ट्रिय निकुञ्जको समीपमा बसोबास गर्दै आएकाले होला उनका गजलहरूमा प्रकृति र मानवबीचको तादात्म्य सम्बन्धको वर्णन पाइन्छ । प्राकृतिक सुन्दरतासँग नारीलाई आरोग्य गर्दै देवकोटा लेख्छन् :

प्रकृतिको सुन्दरता चयनले हेर्दै छु म !
तिम्रो रूप बदनलाई नयनमा बेर्दै छु म

नदीनाला र झर्नाहरूले अनि डाँफे, मुनालले नेपालको सुन्दरता बढाएका छन् । यी हाम्रा अमूल्य सम्पत्ति हुन् भन्ने भाव तलको गजलको शेरमा व्यक्त भएको छ :

डाँफे, गुराँस, झरनाले ढाकेको छ तन

धैर्यता र वीरता नै अमूल्य छ धन

यी माथिका गजल शेरका आधारमा युवा गजलकार देवकोटाभित्र प्रकृतिप्रेमको चेतना पाउन सकिन्छ ।

**घ) शान्तिको चाहना**

गजलकार देवकोटाले आफ्ना गजलका माध्यमबाट शान्तिको चाहना गरेका छन् । युद्ध कसैलाई मन पर्दैन । तसर्थ युद्धलाई सधैँका लागि बन्द गर्नुपर्छ । देशले विभिन्न कालखण्डमा भएका आन्दोलनका कारण भोग्न परेको पीडालाई *अशान्तिको भुमरीमा* शीर्षकको गजलमा यसरी व्यक्त गरेका छन् :

अशान्तिको भुमरीमा जेलिँदैछ देश आज !

रक्त आँसु आहालमा हेलिँदैछ देश आज !

बुद्धको यो जन्मभूमि कुरुक्षेत्र बनेपछि

हेर्दाहेर्दै चुलेसीमा सेरिँदैछ देश आज ।

माओवादीको दश वर्षे जनआन्दोलनका समयमा देशले भोग्न परेको दुर्दशालाई समेत *शान्तिको त्यो प्रपञ्चमा* शीर्षकको गजलमा यसरी व्यक्त गरेका छन् :

शान्तिको त्यो प्रपञ्चमा घात प्रतिघात लाग्यो

स्वयम्भुको गाउँमा आज दुःखैदुःख खात लाग्यो ।

गौतम बुद्धको जन्मस्थल, विश्वशान्तिको कामना गर्ने नेपालमा जनआन्दोलनको नाममा भएको क्रान्तिमा सरकार र आन्दोलनकारीको दोहोरो चपेटामा हजारौं मानिसहरू हताहत भए भने कयौं घाइते हुन पुगे । आन्दोलनका कारण जुन पक्षको मरे पनि नेपाली सन्तति नै मरेको थियो । यो दृश्य देख्न नसकेर

नेपाल आमाले शान्तिको पुकार गरेको भाव *सन्ततिको अशान्तिले* नामको गजलमा पाइन्छ :

सन्ततिको अशान्तिले तड्पदैछिन् नेपाल आमा
मुर्च्छा परी नजुधन रुँदै भन्छिन् नेपाल आमा ।

दाजु भाइ जुध्छौ भने गुहार कस्ले दिन्छ र खै
आज सबै ताली ठोक्छन् रुँदै भन्छिन् नेपाल आमा ।

यसर्थ गजलकार देवकोटाका गजलहरूमा अशान्तिलाई फालेर देशमा शान्ति ल्याउन सबै एकजुट भएर लाग्न आग्रह गरेका छन् ।

**ङ) सामाजिक असङ्गतिप्रति विरोध**

गजलकार देवकोटा आफ्नो मौलिक संस्कृतिमाथि आस्था राख्दछन् । असल संस्कृतिबाटै सभ्यताको उदय हुन्छ । प्राचीन नेपाली सनातन संस्कृतिलाई भुलेर आजको वैज्ञानिक युगमा हाम्रो संस्कृतिमाथि भएको अतिक्रमणबाट चिन्तित हुँदै उनी लेख्छन् :

रक, र्‍याप, पपगीत नयाँ युगको फेसन भो
लोक गीतको संस्कार पोली खाए जस्तो लाग्छ ।

मौलिकता भत्काउने कस्तो आधुनिकता हो
लोकगीतलाई मास्ने रोग लाए जस्तो लाग्छ ।

हामीले देश, समाज, प्रकृति सुहाउँदो आफ्नै संस्कृतिलाई अपनाउनुपर्छ । अरुको देखासिकीले कसैलाई फाइदा गर्दैन । आफ्नो सामाजिक मूल्यमान्यता र माटो सुहाउँदो संस्कृतिले हाम्रो इज्जत बढाउँछ तर आज समाजमा खराब संस्कृतिले प्रश्रय पाएको छ, समाज विकृत बन्दै गएको छ । यस्तो सामाजिक विकृति र कुसंस्कारप्रति व्यङ्ग्य गर्दै देवकोटा लेख्छन् :

अस्वस्थ छ समाज नै शब्द उल्टी गर्छु अचेल
आदर्शलाई थाती राखी मात्र चाह भर्छु अचेल

आजका युवायुवतीहरू गाँजा, चरेस जस्ता नशालु पदार्थमा डुबेर जिन्दगीलाई बर्बादीतिर धकेलिरहेको र होटल, रेष्टुरा, डिस्कोतिर जाँदा इज्जत सम्झने आजका मानिसहरूको गलत धारणाप्रति व्यङ्ग्य गर्दै देवकोटाले भनेका छन् :

नशालु ती चीजहरू नखाऊ भन्दै सिकाइरहेँ
साइनो भिकारीको मिल्यो दारु-डुङ्गा तर्छु अचेल ।

संस्कृति यो जोगाउनु नित्य जरो समाइरहेँ
पाखण्डीको ताज मिल्यो डिस्कोतिर झर्छु अचेल ।

यसरी गजलकार देवकोटाले यस गजलसङ्ग्रहका केही गजलहरू मार्फत समाजका मानिसहरूको कुलत, आडम्बर र देखावटी प्रवृत्तिले घर उजाडिएको र सामाजिक प्रतिष्ठामा समेत आँच पुगेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै सामाजिक विकृतिलाई निरुत्साही बनाउने आग्रहका साथ सामाजिक असङ्गतिप्रति विरोधभाव व्यक्त गरेका छन् ।

**च) विविध**

गजलकार देवकोटाको **पलपलका तलतलहरू** गजलसङ्ग्रहभित्रका गजलहरूमा प्रेमप्रणय, राष्ट्रप्रेम, प्रकृतिप्रेमका साथसाथै अन्य विविध भाव पनि समेटिएको पाइन्छ । कुनै पनि लेखक समाजसापेक्ष हुन्छ । यही सामाजिक परिवेशलाई आफ्ना कृतिहरूमा उतारेको हुन्छ । देवकोटाले यस गजलसङ्ग्रहमा प्रेमसँगै मिसिएका सामाजिक यथार्थ, विकृति, सामाजिक सुधारका विषयहरू, राजनीतिक परिवेश, वर्गीय चिन्तन आदिलाई व्यक्त गरेका छन् ।

समाजमा सबै एकै खालका मानिस हुँदैनन् अर्थात् विविधता पाइन्छ । धनी, गरिब, जातभातका कुराले पनि समाजमा जरो गाडेको हुन्छ । धनीहरू सदा मोजमस्तीमा रमाएका हुन्छन् भने गरिबहरू आँसु पिएर बाँच्न बाध्य छन् । गरिब नेपालीले चाडपर्व आउँदा समेत परिवारलाई खुवाउन नसक्ने र हुरी बतास, वर्षा हुँदा ओत लाग्ने ठाउँसम्म नपाएको स्थितिको सङ्केत लेखक यसरी व्यक्त गर्छन् :

यसपाली त चाडपर्व नआइदिए हुन्थ्यो
गरिबको थाप्लोमा ऋण नलाइदिए हुन्थ्यो ।

जनताले नारा जुलुस नलाइदिए हुन्थ्यो
हुने-खाने धनी-गरिब नभइदिए हुन्थ्यो ।

देशमा प्रजातन्त्र मात्र होइन लोकतन्त्र अनि गणतन्त्र आइसक्दा पनि गरिबको दु:ख जस्ताको तस्तै छ । नेताहरूले जनतालाई झुटा सपनाहरू देखाए तर त्यो सपना कहिल्यै पूरा भएन । झन् दु:ख बल्झेर गयो भन्ने रहस्यलाई गरिब सर्वहारा वर्गको प्रतिनिधि पात्र जुठे मार्फत देवकोटा भन्छन् :

कस्तो प्रजातन्त्र हो यो ? रुँदै भन्छ जुठे आज
जैलेसुकै उस्तै रहे जिन्दगीका पाटाहरू ।

कामै कामले दिनरात जोतिरहे पनि यहाँ
अझै फेर्न सक्या छैन थोत्रा लुगाफाटाहरू ।

देशमा प्रजातन्त्र आएपछि विकास निर्माणका कामहरू हुन्छन्, गरिब जनताले गास, बास, कपास पाउँछन्, बेरोजगारीले रोजगार पाउँछन् भन्ने सपना बोकेर जनआन्दोलनमा जनता होमिए । देशमा प्रजातन्त्र आयो तर जनताले केही पाएनन् । बरु टाठा-बाठाहरूले सोझा निमुखाहरूमाथि शासन गरिरहे तर गरिबको शासन आएन भन्दै जनताको सपनामा तुषारापात भएको भाव माथिको शेरमा व्यक्त भएको छ ।

आज मानिसले आफ्नो मानवीय धर्मलाई बिर्सेर स्वार्थी बन्दै गएको र रगतको साइनोलाई नै बिर्सिन पुगेको पशुवत व्यवहारलाई तलको शेरमा व्यक्त गरिएको छ :

पशुको झैँ चित्त हरे ! धन्य मानव समाजको
मान्छे-मान्छे बीच आज मान्छे नोटमा किनिन्छ रे !

अगाडि पर्दा ठिक्क पार्ने र पछिल्तिर विरोध गर्ने घाती मित्रहरूको समाजमा कमी छैन । त्यस्ता मित्रलाई अर्काको विरोध हैन आफू पनि अगाडि बढ्न सिक र अन्तर्घाती होइन सहयोगी बन्न आग्रह गरेका छन् तलको शेरमा :

भेट हुँदा ठिक्क पार्ने व्यवाहर सारै जाति मित्र !
समयले देखाइसक्यो रै'छौ अन्तर्घाती मित्र !

इच्छा राख्छौ इज्जतको भने इज्जत राख्न सिक
तिरिन काट्न जैले पनि मिल्नुपर्छ दाँती मित्र !

गजलकार देवकोटाको गजलसङ्ग्रह **पलपलका तलतलहरू**मा सङ्ग्रहित गजलहरू खराब नेताको कारण देश बर्बादीतिर गएको, सामाजिक विकृति, विद्रोह, राजनीतिक व्यङ्ग्य, भ्रष्टचार, देशको गरिबी, प्रेम प्रणय, प्रकृतिप्रेम जस्ता विषयहरूलाई उजागर गर्न सफल रहेका छन् ।

## ५.३.१.४ बिम्ब तथा प्रतीक

गजललाई गेयात्मक, कर्णप्रिय बनाउन बिम्ब तथा प्रतीकको अहं भूमिका रहन्छ । बिम्ब तथा प्रतीकको अभावमा गजलले विशिष्टता प्राप्त गर्न सक्दैन । बिम्ब र प्रतीक अचेतनका भाषा हुन् र यिनले हामीमा भूतदेखि रहेका विच्छेदित प्रस्तावहरूलाई निगरानी गर्छन् र चेतनमा आएर हाम्रो व्यक्तित्वलाई विकास गर्न सहयोग पुऱ्याउँछन् । बिम्बले शारीरिक रूपमा प्रभावित तुल्याउनका साथै जीवनमा व्यङ्ग्य ल्याउने गर्छ । गजलकार देवकोटाका यस गजलसङ्ग्रहभित्रका गजलहरूमा बिम्ब र प्रतीकको सटीक प्रयोग पाइन्छ । प्रेम रसबाट मन बहलाउने बिम्ब र प्रतीकको बेजोड प्रस्तुतिको नमुना *जति गायो गाऊँ लाग्ने* बोलको गजललाई लिन सकिन्छ :

साँझ डुब्यो अँधेरीमा आफैँलाई बिर्सिएछु
चाँदनीमा बैंस पग्ली बर्सिएछन् शीतहरू

त्यस्तै गरी प्रियसीसँग आँखा जुध्दाको प्रेमानन्दलाई बिम्बका माध्यमबाट *मेरो हेराइले* शीर्षकको गजलमा यसरी व्यक्त गरेका छन् :

बैंसालु ती फूलहरू सप्तरङ्गी फूले पनि
मधुमास तिम्रो अघि किन-किन सस्तो हुन्छ ।

उनका सम्पूर्ण गजलहरूमा दृश्य, आवाज, स्पर्श, गति जस्ता विषयहरू सम्बन्धी बिम्बहरूको प्रयोग पाइन्छ भने परम्परित र सार्वजनिक प्रतीकहरूको उपस्थिति पनि रहेको छ ।

## ५.३.१.५ भाषा

गजलको अस्तित्व भाषाले नै जिवित राख्दछ । गजल भाषाका माध्यमद्वारा अभिव्यक्त हुने कलाविशेष हो । श्रोता तथा पाठकहरू गजलले अभिव्यक्त गर्ने अर्थ भाषा नै सुनेर लगाउने गर्छन् । गजलमा प्रयोग हुने भाव, कल्पना, बिम्ब तथा प्रतीकहरू भाषाकै सहयोगबाट व्यक्त गरिन्छन् । देवकोटाका गजलहरूमा लोकलयका स्थानीय भाषाको कलात्मक तथा काव्यात्मक भाषाको प्रयोगका साथै भाषाको सरल अनि स्वाभाविक प्रयोग पाइन्छ । उदाहरणका लागि *भौँतारिँदै खोजी हिँडे* शीर्षकको सेरलाई हेरौं :

भौँतारिँदै खोजी हिँडे पाइन साँचो प्रेम हजुर
शरीर कि आत्मासँग हुन्छ माया प्रेम हजुर

त्यस्तै गरी *बज्यो प्रेम तारमा* शीर्षकको एउटा सेरलाई हेरौं :

तृषित नयनले नयन घुमायौ मोतीहार छिपाई
हृदय घाउमा मलम पानी दी प्रेम-लीला सल्कियो

यसरी देवकोटाको **पलपलका तलतलहरू** गजलसङ्ग्रहभित्रका गजलहरू केलाउँदा विभिन्न भाषिकाका कथ्य रूप, सूत्रात्मक, आलङ्कारिक जस्ता भाषाको सरल र सटिक ढङ्गले प्रयोग गरेका छन् ।

## ५.३.१.६ निष्कर्ष

गजलकार देवकोटाको पहिलो रचना कृति या भनौं पहिलो प्रकाशित कृति **पलपलका तलतलहरू** प्रेमप्रणय, प्रकृतिप्रेम, राष्ट्रियता जस्ता विचारहरूको समष्टि रूप हो । यो शुभकामना, प्रस्तावना, प्रकाशकीय समेत गरी ६८ पृष्ठको आयाममा समेटिएको छ । अठचालीस वटा गजलहरू रहेको यो कृतिमा गजलको संरचनाका तत्त्वहरूलाई पालना गरिएको देखिन्छ । यस गजल सङ्ग्रहभित्र कतै मायाप्रेमका झङ्कारहरू रहेका छन् भने कतै वियोगका पीडाले विक्षिप्त भएको परिवेश रहेका छन् । देवकोटाको यस कृतिमा सामाजिक, अर्थिक, साहित्यिक र राष्ट्रिय सन्दर्भलाई पनि समेटिएको छ र धक फुकाएर विकृति र विसङ्गतिमाथि व्यङ्ग्य समेत गरिएको छ । कुनै गजलहरूमा देशमा भएको माओवादीको सशस्त्र जनआन्दोलन र सरकारी दमनका कारण जनताले भोग्न परेको पीडा पोखिएका छन्

भने  कुनै गजलमा फुस्रा आश्वासन बाँडेर हिड्ने, घुस खाने भ्रष्ट नेताहरूप्रति आक्रोश व्यक्त गरिएको छ । समग्रमा सम्पूर्ण विषयवस्तुलाई समेटेर लेखिएको यो गजलसङ्ग्रह शब्दालङ्कार, अर्थालङ्कार, तखल्लुस, रदीफ, काफियाको प्रयोगले उत्कृष्ट रहेको छ । युवा गजलकार विमलप्रकाश देवकोटाले आफ्ना मनमा उठेका विचारका ज्वारभाटालाई साहित्यिक रङ प्रदान गरी गजलसङ्ग्रहमा आफ्नो स्वच्छन्दतावादी, प्रगतिवादी र क्रान्तिकारी विचारहरू पोख्न सफल भएका छन् । तसर्थ उनको यो **पलपलका तलतलहरू** गजलसङ्ग्रहको शीर्षक पनि सार्थक रहेको छ ।

## ५.४ 'पलपलका परिमल' गजलसङ्ग्रहको अध्ययन

नेपाली गजलको साहित्य आकाशमा देखा परेका युवा गजलकार विमलप्रकाश देवकोटाको **पलपलका परिमल** गजलसङ्ग्रह चौथो प्रकाशित कृति हो । यो पल्लव साहित्य प्रतिष्ठानले प्रकाशन गरेको पाँचौं कृति हो । छयानब्बे पृष्ठको आयातनमा फैलिएको यो कृतिको बाहिरी अग्र भागमा फक्रन लागेको गुलाफका फूलहरूमा रङ्गीबिरङ्गी दुई पुतलीहरू रसस्वादनमा मस्त छन् भने त्यसको तल्लो भागमा शान्तिका प्रतीक सेता एकजोडी परेवा अनि सेतै अक्षरमा लेखकको नाम रहेका छन् । माथिल्लो भागमा शीतलताको प्रतीकका रूपमा रहेको अर्धचन्द्र र त्यसकै माथि यस कृतिको नाम **पलपलका परिमल** भनी लेखिएको छ । यस कृतिको पछाडिको बाहिरी पृष्ठमा एउटा गजल, त्यसको तल सेतो भुइँमा लेखकको परिचय, प्रकाशित कृतिहरू, संलग्न संघ-सस्थाहरू अनि ठेगाना राखिएका छन् भने त्यसकै दायाँतर्फ भागमा यही प्रकाशित कृतिको बाहिरी पृष्ठ देखिने गरी सानो आकारमा राखिएको छ । यसका साथै ISBN नम्बर र अन्त्यमा प्रकाशन गर्ने संस्था पल्लव साहित्य प्रतिष्ठानको प्रकाशनमाला -५ भनी लेखिएको छ । भित्री भागमा गजलक्रम भनी गजलको नाम र पृष्ठ उल्लेख गरिएको छ ।

यस कृतिको प्रकाशकीय लेखमा पल्लव साहित्य प्रतिष्ठानका अध्यक्ष गोर्खे साइँला (ऋषिप्रसाद लामिछाने) को रहेको छ भने घनश्याम न्यौपाने 'परिश्रमी' केशवराज आमोदी र लक्ष्मणप्रसाद गौतमको भूमिका लेखन रहेको छ । यस गजलसङ्ग्रह तीन खण्डमा विभाजन गरिएको छ । (क) बहरबद्ध प्रान्त (ख) समसामयिक प्रान्त  र (ग) शृङ्गारिक प्रान्त । जम्मा

६९ ओटा गजलहरूले गुँथिएको यो गजलसङ्ग्रहमा १८ ओटा गजलहरू बहरबद्ध , ३७ ओटा समसामयिक र १४ ओटा शृङ्गारिक प्रान्तमा राखिएका छन् । यी तीनओटा प्रान्तमा रहेका गजलहरूको संरचना पक्षलाई यहाँ चर्चा गरिएको छ ।

### ५.४.१ बहरबद्ध प्रान्त

विमलप्रकाश देवकोटाद्वारा लेखिएको गजलसङ्ग्रह **पलपलका परिमल**भित्र रहेका तीन प्रान्तमध्ये यो पहिलो प्रान्त हो ।  यो बहरबद्ध प्रान्तभित्र जम्मा १८ ओटा गजलहरू रहेका छन् । राष्ट्रप्रेम, प्रणयचेतना, शृङ्गारिकता, प्रकृतिप्रेम, सामाजिक विकृति जस्ता भावहरू विमलका सबै कृतिहरूमा पाइन्छन् । तिनै भावहरूको प्रौढता यस कृतिका गजलमा पनि पाइन्छ । यस प्रान्तका गजलहरूमा यी भावका साथसाथै संस्कृतका पिङ्गल छन्दहरूसँग मेल खाने उर्दू फारसीमा प्रचलित शास्त्रीय बहरहरूलाई विशेष महत्त्वका साथ प्रयोग गरिएको पाइन्छ । यस प्रान्त अन्तर्गत समाविष्ट भएका गजलहरू मध्ये शास्त्रीय बहरमा आबद्ध गजलहरू १२ ओटा र संस्कृत पिङ्गल छन्दमा आबद्ध ६ ओटा गजलहरू रहेका छन् । ती बहर तथा छन्दहरूको नाम र सूत्रहरू तल उल्लेख गरिएको छ ।

१. बहरे हजज अखरब अबतर मुसद्दस (पिङ्गल छन्द-तोटक)

सूत्र : IIS + IIS × २ (मुतफा + इलतुन् × २)

२. बहरे हजज मुजाहिफ (पिङ्गल छन्द-द्रुता)

सूत्र : SIS + IS x २ (फाइलुन् + मफा x २)

३. बहरे मुतकारिब मुसम्मन सालिम  (पिङ्गल छन्द-भुजङ्गप्रयात)

सूत्र : ISS + S x २ (फऊलुन् + मफा x २)

४. बहरे मुतकारिब मुसम्मन महजूफ  (पिङ्गल छन्द-भुजङ्गी)

सूत्र : ISS + ISS + ISS + IS  (फाऊलुन् x ३ + मफा)

५. बहरे मुतकारिब मुसम्मन मक्तुअ   (पिङ्गल छन्द-विद्युन्माला)

सूत्र : SSSS x २  (मुस्तफ-फैलुन् x २)

६. बहरे रमल मुसम्मन महजूफ   (पिङ्गल छन्द-मेनका)

सूत्र : SISS+SISS+SISS+SIS (फाइलातुन् x ३ + फाइलुन)

७. बहरे मुतदारिक मुरब्बा सालिम (पिङ्गल छन्द-विमोहा)

सूत्र : SIS x २ (फाइलुन् x २)

८. बहरे हजज मुसम्मन मखबुन (पिङ्गल छन्द-पच्चचामर)

सूत्र : ISIS x ४ (मफाइलुन् x ४)

९. बहरे मुतदारिक मुसम्मन सालिम (पिङ्गल छन्द-स्रग्विणी)

सूत्र : SIS x ४ (फाइलुन् x ४)

१०. इन्दिरा

सूत्र : III SIS SIS IS

११. मोटनक

सूत्र : ISII SI ISI IS

१२. द्रुतबिलम्बित

सूत्र : III SII SII SIS

१३. इन्द्रबज्रा

सूत्र : SSI SSI ISI SS

१४. शशिवदना

सूत्र : III ISS

१५. चम्पकमाला

सूत्र : SII SSS ISS S

## ५.४.२ समसामयिक प्रान्त

देवकोटाको गजलसङ्ग्रह **पलपलका परिमल**को दोस्रो खण्डको समसामयिक प्रान्तमा जम्माजम्मी अठ्तीसओटा गजलहरू समाविष्ट रहेका छन् । यस प्रान्तका गजलहरूमा स्वाभिमान, अन्याय अत्याचारप्रति आक्रोस, राष्ट्रप्रेम, प्रकृति प्रेम जस्ता विषयहरूका साथै नारी संवेदना, शान्तिप्रतिको चाह, सङ्घर्षपूर्ण नेपाली जीवन आदिलाई महत्त्वकासाथ वर्णन गरिएको छ । देवकोटा यस प्रान्तमा अग्रगामी विचारका धनी, क्रान्तिकारी, प्रगतिशील व्यक्तिका रूपमा देखिएका छन् ।

## ५.४.३ शृङ्गारिक प्रान्त

**पलपलका परिमल** गजलसङ्ग्रह (२०६३) भित्रको तेस्रो खण्डमा शृङ्गारिक प्रान्त छुट्याएर गजलहरू राखिएका छन् । यी गजलका शेरहरूमा नारी सौन्दर्य वर्णन, प्रणयभाव, नारीहरूको सुन्दरताको वर्णन जस्ता विषयहरूलाई व्यक्त गरिएको छ । यी गजलहरूमा रामदेवभित्र कामदेव पनि हुन्छ भन्ने भाव रहेको पाइन्छ । विपरित लिङ्गप्रतिको आकर्षण प्रकृतिको नियम नै हो । यसबाट कोही पनि मानिस अछुतो रहँदैन । एक मनले अर्को मनलाई चाहनु, नजिकिन खोज्नु, यौन चाहना राख्नु स्वभाविक कुरा हुन् । यस प्रान्तमा गजलकार देवकोटाले यिनै विषयवस्तुलाई उजागर गर्दै छाडा यौनलाई प्रश्रय प्रदान नगरी कतै प्रणय-याचना, कतै मायाका तिर्सनाले मनमुटु छियाछिया बन्न पुगेको त कतै प्रणयसन्तुष्टि अनि प्रेमप्रति हार्दिकता र कोमलता जस्ता विशेषतालाई प्रस्तुत गरेका छन् ।

### ५.४.३.१ विषयवस्तु

विषयवस्तु भनेको कविका मनमा विद्यमान सामाजिक विभेदबाट उब्जिएका विचार तथा भावनाहरू हो । विषयवस्तुलाई साहित्य सिर्जनाको एक महत्त्वपूर्ण र अनिवार्य तत्त्व मानिन्छ । कुनै पनि कविता, गजल आदि रचना गर्नको लागि जीवनजगत्भित्रको कुनै एक पक्ष वा मानव-मनका विविध भावनाहरूलाई समेट्नुपर्छ । शून्यमा कुनै पनि रचना रचिन सक्दैन । गजलकार विमलप्रकाश देवकोटाको यस **पलपलका परिमल** (२०६३) गजलसङ्ग्रह भित्रका गजलहरूको विषयवस्तुले पनि जीवनजगत्का तथा मानवमनमा परेका विविध प्रभाव, आरोह-अवरोह, भाव, विचार आदिलाई समेटेको छ । प्रस्तुत गजलसङ्ग्रहको विषयवस्तुमा कविका मनमा उब्जिएका यथार्थ सामाजिक विष्यवस्तु, राष्ट्रप्रेम प्रकृतिप्रेम, प्रणयभाव, नारीप्रतिको सम्मान जस्ता विषयवस्तुलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

यस गजलसङ्ग्रहको बहरप्रान्तको पहिलो गजलमा नै शान्तिको देश नेपालमा अशान्तिले वास गरेको विषयलाई उठान गरिएको छ । शान्तिको देश, गौतम बुद्धको देश भनेर चिनिएको हाम्रो देश नेपालमा मानवता लुटिएको र कुनै पनि बेला शान्तिको अनुभूति गर्न नसकिएकोले शान्तिका अग्रदूत गौतमबुद्ध नै अन्यत्र गए कि भन्ने भाव 'भन बुद्ध गए' शीर्षकको गजलमा भनिएको छ ।

भन बुद्ध गए कुन धामतिर ?

भरियो सब आपत गामतिर !

'नेपालीले जानून्' शीर्षात्मक गजलमा मानिसलाई आफ्नो लक्ष्यमा पुग्न, साधनाको शिखरमा चढ्न अनि आफ्नै पसिनाको पौरखमा रमाउन प्रेरित गरिएको छ । कालो धन्दाबाट दुःख पाइने र सत्कर्मले सुखशान्ति प्राप्त हुन सक्ने भएकाले दीन दुःखीको सेवा गर्न र ज्ञानी बनी आफ्नो कर्ममा लाग्न समेत आग्रह गरिएको छ ।

नेपालीले जानून् देवी

सत्मार्ग त्यो छानून् देवी

आँखा खोल्दै ज्ञानी बन्दै

कर्मै प्यारो मानून् देवी

'आफन्तले यहाँ' शीर्षकको गजलमा आफन्तलाई आफन्तले नै धोका दिएको पीडा व्यक्त भएको छ । यस कलियुगका मानिसमा दयाधर्म रित्तिँदै गएको अनि भाइबन्धु, इष्टमित्र पनि पराइ बन्दै गएको विषयलाई तलका शेरहरूमा व्यक्त गरिएको छ ।

आफन्तले यहाँभन्दा नि अब गर्नु के पो छ र ?

घुचेटेर मार्‍यौ पैल्यै अब मर्नु के पो छ र !

गजलकार देवकोटाभित्र प्रकृति-प्रेम पनि सलवलाएको पाइन्छ । वन नै मानिस, जीव जनावरको प्राण हो । त्यसैले वनविनाशले मानव समुदायमा जटिलता ल्याउँछ । तसर्थ वातावरण संरक्षणमा लाग्न सबैलाई 'गाउँ सहर वरिपरि' शीर्षात्मक गजलमा यसरी आह्वान गरिएको छ :

गाउँ सहर वरिपरि हरियाली जोगाऔँ हजुर

निकुञ्जको सुधा पिलाई बाघ गैँडा जोगाऔँ हजुर

कवि देवकोटाले शृङ्गारिक गजलमार्फत प्रेम, अनुराग, प्रणयभाव जस्ता विषयलाई पनि उठाएका छन् । हरेक प्राणीभित्र यौन भावना निहित हुन्छ । त्यही भावनाको कारण विपरीत लिङ्गप्रति आकर्षित बन्न पुग्छ । यो प्राकृतिक नियम हो । यसबाट कोही पनि अछुतो रहन सक्दैन । देवकोटाले आफ्ना मनका तरेलीमा उब्जिएका प्रेमभावलाई तलका शेरहरूमा यसरी व्यक्त गरेका छन् :

लठ्ठै पार्ने ती मैयाको बोलिभित्र के छ कुन्नि ?

वाचा सधैँ पर्खिआउने भोलिभित्र के छ कुन्नि ?

नागबेली चाल मृगनयन केशराशि घना

मुस्कान त्यो सौन्दर्यको झोलिभित्र के छ कुन्नि ?

(लठ्ठै पार्ने ती, पृ. : ६८)

मैले पनि कसैाई माया लाउन जानेको छु

दिल ढलेपछि एक्लै भेट्न आउन जानेको छु

(मैले पनि कसैलाई, पृ. : ८६)

सान्नानीको सिउँदोभरि सिन्दूर टल्केजस्तो छ

मेरो जिन्दगीमा अग्निज्वाला सल्केजस्तो छ

(सान्नानीको सिउँदोभरि, पृ. : ९५)

यस गजलसङ्ग्रहभित्र गजलकार देवकोटाले आफ्नै निजी जीवनका वैयक्तिक अनुभूतिहरूका साथै जीवनको यथार्थता, कल्पना वा भावनाहरू उजागर गरेका छन् । आफू बाँचेका युगका पीडा, व्यथा, वातावरण, प्रेम, घृणा जस्ता विषयका माध्यमबाट गजलहरू उत्कृष्ट बन्न पुगेका छन् ।

## ५.४.३.२ लयविधान

गजल कविता विधाको एउटा अभिन्न अङ्ग हो । तसर्थ गजललाई लयात्मक भाषिक अभिव्यक्तिका रूपमा लिइन्छ । लय गजलका लागि अपरिहार्य मानिन्छ । लय कान अनि आँखा दुवैसँग सम्बन्धित हुने गर्छ । लय गतिको नियन्त्रित तथा नापिएको प्रवाह हो । गजलकार देवकोटाको यस **पलपलका परिमल** गजलसङ्ग्रहभित्रका गजलहरू पनि गायन तथा लयात्मकताका दृष्टिले पूर्ण मानिन्छन् । साहित्यकार देवकोटाले गजल सिर्जनामा लयविधानलाई पनि ध्यान दिएको पाइन्छ । उनका गजलमा १४ र २१ का मात्राहरूमा यति भएको अन्त्यमा लघु-गुरुको व्यवस्थासमेत मिलेको पाइन्छ । यसको दृष्टान्तका लागि 'जिन्दगीको भावगङ्गा' बोलको गजललाई प्रस्तुत गरिएको छ :

जिन्दगीकी भावगङ्गा आऊ मेरी प्रेयसी

तिर्सनाको गीत लेखी गाऊ मेरी प्रेयसी

बाध्यताको भूमरीमा पिल्सिएको रागमा

राष्ट्रियता पैरिएकी भाउ मेरी प्रेयसी

यसरी गजलकार विमलप्रकाश देवकोटाको गजलसङ्ग्रह ‘पलपलका परिमल’ मा समाविष्ट गजलहरू लयात्मकता तथा गेयात्मकतालाई ध्यानमा राखेर लेखिएको पाइन्छ ।

### ५.४.३.३ भावविधान

‘भाव’ संस्कृत शब्द हो । साहित्यमा भाव सबैभन्दा ठूलो शक्ति मानिन्छ । यही शक्तिका कारण मान्छे वीरतापूर्ण, ठूला तथा उग्र कार्यहरू गर्ने गर्दछ । यस गजलसङ्ग्रह विभिन्न भाव भएका गजलहरूको सँगालो हो । यस गजलसङ्ग्रहमा जनताका आशा, युगबोध, राष्ट्रियता, क्रान्तिचेत, मानवीय मूल्य, सामाजिकता, विसङ्गति, असमानता, प्रेमप्रणय, नारीचेतना, देशको सामाजिक, राजनैतिक स्थिति आदि विषयवस्तुलाई अवलम्बन गरी सच्चा सोझा मानिसको व्यथा, कथालाई हृदयस्पर्शी ढङ्गले वर्णन गर्नु नै यस काव्यकृतिको भाव रहेको छ । यस गजल सङ्ग्रहमा रहेका गजलहरूको मूलभावलाई विभिन्न उपशीर्षकहरूमा चर्चा गर्न सकिन्छ ।

#### ५.४.३.३.१ राष्ट्रप्रेम

हरेक जनतामा देशको माया हुनुपर्छ । भनिन्छ, जसले आफ्नो देशलाई माया गर्न जान्दैन उसले कसैलाई पनि माया गर्न जान्दैन । हरेक नागरिकमा राष्ट्रप्रति स्नेह र सपर्मणको भाव हुनुपर्छ अनि मात्र देशको विकास हुनसक्छ । गजलकार विमलप्रकाश देवकोटामा एउटा नागरिकमा हुनुपर्ने राष्ट्रप्रेम सलवलाएको पाइन्छ । यही राष्ट्रप्रेमको भावनालाई तलको शेरले व्यक्त गरेको छ :

स्वाभिमानी शिर झुकाई गुलाम बन्दिनँ म

सिर्जनशील हात रोकी सलाम बन्दिनँ म

यो राष्ट्रको निम्ति तनमनै दिन तयार छु

दामको लागि राम बेची हराम बन्दिनँ म (पृ. : ४५)

आफ्नो देशको स्वाभिमानलाई फैलाउन सबै लाग्नुपर्छ । देशको स्वाभिमान बढे मात्र हाम्रो स्वाभिमान बढ्छ । वीर बलभद्र, अमरसिंह, भीमसेन थापाका सन्तान हामी विदेशी भूमिमा रोजीरोटीका लागि पुरोडास बन्नु परेको पीडा तलको गजलमा पोखिएको छ :

छातीभित्र स्वाभिमानी दीप बलेपछि

मन कस्ले थाम्न सक्छ सीप जलेपछि

निरीह भो इतिहास आज नेपालीको

विदेशमा बलभद्र, अमर ढलेपछि (पृ. : ४९)

त्यस्तै गरी माओवादी दशवर्षे जनयुद्धका बेला नेपाली जनताले भोग्नु परेको त्रासदीपूर्ण अवस्थालाई मेरो मातृभूमिमाथि शीर्षकको गजलमा राष्ट्रप्रेमलाई यसरी व्यक्त गरेका छन् :

मेरो मातृभूमिमाथि ठूलै बज्रपात भा'छ

कसरी म हाँस्न सक्छु जीवन पीडा घात भा'छ (पृ. : ७८)

यसरी देवकोटाको **पलपलका परिमल** गजलसङ्ग्रह (२०६३) मा अरू कृतिहरूमा जस्तै देशप्रेमको भावना छताछुल्ल पोखिएको पाइन्छ ।

## ५.४.३.३.२ क्रान्तिकारी चेतना

गजलकार देवकोटा यथास्थितिलाई चिर्दै अगाडि बढ्न खोजेको देखिन्छ । एक्काइसौं शताब्दीमा हामी नेपालीहरूले पुरातन सोचलाई मिल्काएर समयसापेक्ष र युग सुहाउँदो परिवर्तनतिर लाग्नुपर्छ भन्ने विचार व्यक्त गरेको पाइन्छ । देशमा विद्यमान राजनैतिक व्यवस्थालाई परिवर्तन गरी लोक सुहाउँदो राज्यव्यवस्था हुनुपर्छ भन्दै लोकतन्त्र अनि गणतन्त्रको चाहनालाई उनले गजलमा यसरी पोखेका छन् :

अहम्वादको धरहरा ढाल्नुपर्छ लोकतन्त्र !

नयाँ युगको जग राख्न थाल्नुपर्छ लोकतन्त्र !

हिजोजस्तै आज पनि कुर्चीमोह बढ्यो भने

जनमतको चाल्नोमाथि चाल्नुपर्छ लोकतन्त्र (पृ. : ८१)

हाम्रो देशमा जातीय विभेद गर्नुहुन्न अनि छुवाछुतको भावना राख्नुहुन्न भनी हाम्रो देशको संविधानमा सजायको समेत व्यवस्था भए पनि निर्मूल हुन सकेको छैन । गजलकार

देवकोटाले सानो-ठूलो, धनी-गरिब, छुत-अछुत जस्ता भावनालाई मिल्काएर समानताको भाव जगाउन तलको गजलमा आग्रह गरेका छन् :

विकृतिलाई मिल्काउँदा हुनुहुन्न जर्ती यहाँ
समानताको बिगुल फुक्ने खुल्नु पर्छ भर्ती यहाँ

को छ ठूलो-सानो मान्छे देख्छौ अझै तल-माथि
रगत सबको  रातै हुन्छ के को बाहुन धर्ती यहाँ (पृ. : ६४)

नेपाली समाजलाई कुरीति कुसंस्कार अन्धविश्वासले अझै गाँजेको पाइन्छ । देशमा लोकतन्त्र आइसक्दा पनि मानिसको सोचमा परिवर्तन आउन नसकेको नेपाली समाजमा अझै पनि महिलामाथि हिंसा नरोकिएको अवस्था ज्यूँदै छ । हाम्रो नेपाली समाजमा विधवा महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन अनि नारी चेतना जगाउन देवकोटा साहित्य मार्फत लागेका छन् । पुरुषको दास होइन, मनमा त्रास होइन अब सामाजिक जन्जिरबाट निकास खोज्न क्रान्तिका लागि नारीहरूलाई आह्वान गरेका छन् तलको गजलमा -

कुरीतिको बन्धनलाई तोड दिदीबहिनी अब
रातो टीका रातै साडी ओढ दिदीबहिनी अब

कस्ले भन्छ विधवाको भित्री दिल सारो हुन्छ
नियतिको जञ्जिरलाई फोड दिदीबहिनी अब

छैनौ तिमी अबला दीनहीन एक्ली नारी
युगसँगै आफूलाई मोड दिदीबहिनी अब (पृ. : ५५)

क्रान्तिकारी चेतनाका धनी गजलकार देवकोटाले समाज परिवर्तनका लागि क्रान्ति गर्नुपर्छ । क्रान्तिविना यहाँ शान्ति प्राप्त हुँदैन तसर्थ हामीले आफ्नो मन देखि परिवर्तन गर्दै संसार बदल्न सक्नुपर्छ भन्ने विचार आफ्ना गजलहरूमा पोखेका छन् । 'नकाब' शीर्षकको गजलमा यही भाव झल्केको छ :

नकाब पुरानो झारेर आऊ
कि पारि घमण्ड तारेर आऊ

यात्रा शिखरको चाहन्छौ यदि
उदार दिल त्यो पारेर आऊ (पृ. ६७)

### ५.४.३.३.३ प्रकृति प्रेम

देवकोटाका गजलहरूमा प्रकृति र वातावरणलाई पनि महत्त्व दिएको पाइन्छ । उनीभित्र प्रकृतिप्रेमको भावना सल्वलाएको पाइन्छ । तसर्थ उनी प्रकृतिका पुजारी हुन् कि भन्न सकिन्छ । उनमा रोमानी साहित्यकार तथा नेपाली साहित्यकार सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे आदि साहित्यकारहरूमा जस्तै प्रकृति प्रेमको चेत रहेको पाइन्छ । प्रकृतिलाई आधार बनाएर लेखिएका केही गजलहरूलाई हेरौं :

गाउँ सहर वरिपरि हरियाली जोगाऔं हजुर
निकुञ्जको सुधा पिलाई बाघ गैंडा जोगाऔं हजुर

वनजङ्गल विनासले समस्याको घर हुनेछ
स्वस्थ वातावरण यो आजै हामी जोगाऔं हजुर (पृ. ६९)

निकुञ्जमा मन हजुर ढुकाएर आएँ
चर्को घाम कालो हुरी झुकाएर आएँ

प्रकृतिको सुन्दरता सिञ्ची हृदयमा
जिन्दगीको मोह खिल उकाएर आएँ
छायामुनी मन्दमन्द चिसो वतासमा
उन्मादका चाह बिस्कुन सुकाएर आएँ (पृ. ६८)

गजलकार देवकोटाको यो **पलपलका परिमल** गजलसङ्ग्रहमा सङ्ग्रहित गजलहरूमा नेपालको हरियाली वनजङ्गल, तालतलैया, वन्यजन्तु, हिमाल, पहाड जस्ता प्राकृतिक सुन्दरताले भरिपूर्ण वस्तुहरूबाट प्रभावित भएको भाव व्यक्त भएको पाइन्छ ।

### ५.४.३.३.४ भौतिकवादी चिन्तन

गजलकार देवकोटामा भौतिकवादी चिन्तनले वास गरेको पाइन्छ । हुन त उनी महाकवि लक्ष्मीप्रसाद देवकोटाका साहित्यिक प्रवृतिबाट प्रभावित भएको पाइन्छ । तसर्थ

विमल पनि लक्ष्मीप्रसाद देवकोटा जस्तैजस्तै अनिश्वरवादी देखिन्छन् । 'संसारमा' शीर्षात्मक गजलको नमुनाबाट यो कुरा प्रष्ट हुन्छ :

संसारमा लाग्छ भगवान हुँदैन
महाप्रलयमा किन मूर्ति रुँदैन ? (पृ. ५६)

संसारमा भगवान हुने भए आफूले सिर्जना गरेका कलिला दूधे बालकको न्यानो काख खोसिने थिएन अनि बुढेसकालको साहारा मानिने सन्तती गुमाउनु पर्ने थिएन । गरिबहरूलाई जति काम गर्दा पनि बिहान बेलुकाको हातमुख जोर्ने समस्या किन भइरहन्छ ? अनि निर्दोष व्यक्ति सजायको भागी हुँदा र दोषीले सफाइ पाउँदा ईश्वर चुप लागेर बस्न नपर्ने भन्ने विचार तलको गजलमा मुखरित भएको पाइन्छ :

दूधे बालकको न्यानो काख खोसिन्छ
टुहुराको पीडा किन प्यास छुँदैन ?

निर्दोषीलाई विनासित्ती फाँसी चढाई
तड्पाएर मार्ने किन डोरी फुँदैन ?

दुःखीलाई सधैँ दुःख गासबासको
गरिबको पीडा किन आँसु धुँदैन ? (पृ. ५६)

## ५.४.३.३.५ प्रेमप्रणय

गजल विशेषतः नारी सौन्दर्यको वर्णन हो । गजलमा नारीको अङ्ग, हिडाइ, बोलाइ, मुस्कान आदिको वर्णन पाइन्छ । हिजोआज गजल स्त्रीको वर्णनमा मात्र सीमित नभई विभिन्न विषयमा समेत रचिन थालेको पनि पाइन्छ । तथापी गजल शृङ्गारितामा अडेको हुन्छ । गजलकार विमलले यस **पलपलका परिमल** गजलसङ्ग्रहको एउटा भाग शृङ्गारिक प्रान्त भनेर नै छुट्याएका छन् । यस प्रान्तको शृङ्गार रसले भिजेका केही गजलहरू प्रस्तुत गरिएको छ :

एक नम्बरी सुन हौ कान्छी
दिनपछिको जून हौ कान्छी

मुटु कमाउने सिरेटोमा

प्राण बचाउने ऊन हौ कान्छी (पृ. ८४)

त्यस्तै गरी प्रेमी बनेर आफ्नो जीवनलाई पूर्णता दिन आग्रह गर्दै लेखिएको गजल तल प्रस्तुत गरिएको छ :

अपूर्ण छ अङ्ग मेरो अर्धाङ्गिनी बन सानु

भरिदिउँला सिउँदो सौभागिनी बन सानु

दिल खोली रित्याएर तृष्णा सबै मेटाउने

म हुँ ग्वाला ती गाईको लौ ग्वालिनी बन सानु (पृ. ८५)

जब यौन चाहनाले मानिसलाई सताउँछ अनि तिर्खा मेट्ने साधनको खाँचो पर्छ । मनले चाहँदैमा कहाँ प्रेमी वा प्रेमीका भेटिन्छ र ? आफूले मन पराएपनि मनको कुरा खोल्न त्यति सजिलो हुँदैन । सम्झनामा रमाउनु बाहेक अरू हुन सक्दैन । लेखकले आँखा आँखा जुधे पनि बोलको गजलमा यही भाव व्यक्त गरेका छन् :

आँखा आँखा जुधे पनि अझै बोलचाल भा'को छैन

धेरै दिन भो मनको बह खोल्न पनि पा'को छैन

अस्तिभन्दा हिजो राम्री त्यो भन्दा नि राम्री आज

बाटो छेकी मेरी प्रिय भन्ने हिम्मत आ'को छैन (पृ. ८८)

प्रेममा आफूले सोचेजस्तो हुन सक्दैन । आफूले साँचो माया लाएपनि अर्कोले झुठो साबित गरिदिन्छ । कोही प्रेमी प्रेमिकाहरू एकले अर्कोलाई झुठो मायामा अल्झाइराखेका हुन्छन् । प्रेममा हुने घात-प्रतिघातलाई बगैँचामा फूल शीर्षकको गजलमा यसरी देखाइएको छ :

बगैँचामा फूल हेरेँ अनेकथरी जात लाग्यो

मखमली टिप्छु भन्दा प्याउली पो हात लाग्यो

सत्य भगवान सम्झी चरणमा पुजीरा'थेँ

व्यवहार बुझिल्याउँदा आत्मघाती लात लाग्यो (पृ. ९४)

यसरी यस गजलसङ्ग्रहभित्र प्रेमप्रणय भावका साथै प्रेममा धोका, प्रपञ्च, जालझेल जस्ता विषयहरूलाई उजागर गर्दै शृङ्गार रसलाई परिपाक बनाइएको छ ।

## ५.४.३.३.६ विविध

यस गजल सङ्ग्रहमा माथि उल्लेख गरेका बाहेक अन्य विविध भावहरू पनि प्रयोग भएको पाइन्छ । उनका गजलमा मानवताविहीन संस्कृतिको विकासले नैतिकतामा आएको ह्रासलाई कविले यसरी व्यक्त गरेका छन् :

हिजो आज मानिसको गास हराउँदैछ

जाति, वर्ण, लिङ्ग, धर्म, बास हराउँदैछ

विश्वासको खडेरी भो आज धरतीमा

मृत्युलाई आफन्तको रास चराउँदैछ (पृ. ५४)

भनिन्छ जिन्दगीमा मित्रको ठूलो आडभरोसा हुन्छ । तर आज असल मित्र पाउन साह्रै गाह्रो भएको छ । बाहिर ठिक्क पार्ने तर आफ्नो स्वार्थ पूरा गरी मित्रको नाता तोड्न जाली मन भएका मित्रहरूको संख्या बढ्दो छ । यही भाव तलको गजलमा व्यक्त भएको छ :

भेटघाटमा चिल्लो घस्ने बानी सारै जाती मित्र

व्यवहार बुझिल्याउँदा रै'छौ आत्मघाती मित्र (पृ. ५६)

हरेक मानिसले आफ्नो समाज र राष्ट्रको इज्जत अनि स्वाभिमानलाई बिर्सनुहुँदैन । देवकोटा यस विषयमा सजक छन् र उनी गजलमा यसरी व्यक्त गर्छन् :

स्वाभिमानी शिर झुकाई गुलाम बन्दिनँ म

सिर्जनशील हात रोकी सलाम बन्दिनँ म

यो राष्ट्रको निम्ति तनमनै दिन तयार छु

दामको लागि राम बेची हराम बन्दिनँ म (पृ. ४५)

नेपाली समाजमा मौलाएको कुप्रवृत्ति र कुसंस्कृतिमाथि गजलकारले हृदविदारक अभिव्यक्ति दिँदै भनेका छन् :

स्तुतिवाद अँगालेर जप्न जानेपछि

दर्शनका पुस्तकको पढ्नु के छ र ?

बद्नामीको पराकाष्टा नाघ्न थालेपछि

बिचराको खोइरो व्यर्थै खन्नु के छ र ! (पृ. ६१)

यसरी गजलकार विमलप्रकाश देवकोटाको **पलपलका परिमल** गजलसङ्ग्रहभित्र बहरबद्ध, समसामयिक प्रान्त र शृङ्गारिक प्रान्त गरी तीन प्रान्तमा विभाजन गरी मानवीय मूल्यको विघटन, पीडा, वेदना, असन्तुष्टि, जातीय विभेद, नारी चेतना, क्रान्तिकारी भाव, भौतिकवादी चिन्तन व्यक्त भएको पाइन्छ । यस गजलसङ्ग्रहभित्र रहेका गजलहरू हृदयस्पर्शी, श्रुतिमधुरका साथै रोचक र घोचक पनि छन् ।

## ५.४.४ निष्कर्ष

नेपाली साहित्यमा उदाउन पुगेका युवापुस्ताका सशक्त गजलकार विमलप्रकाश देवकोटाको प्रस्तुत गजलसङ्ग्रहमा वैयक्तिक जीवनका निजी अनुभूतिहरू, सामाजिक भोगाइहरू, आर्थिक विषमताबाट उब्जिएका समस्याहरू, राजनैतिक विसङ्गति, प्रकृतिप्रेम, प्रेम प्रणय, मानवताविहीन संस्कृति जस्ता विषयलाई प्रस्तुत गरिएको छ । विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा समेत फुटकर रूपमा प्रकाशन भइसकेका गजलहरूलाई एकत्रित गरी प्रकाशन गरिएको यस कृतिमा बहरबद्ध प्रान्तमा १८, समसामयिक प्रान्तमा ३८ र शृङ्गारिक प्रान्तमा १३ गरी जम्मा ६९ ओटा गजलहरू रहेका छन् । विभिन्न समयमा आफ्ना मनमा उब्जिएका विचारभावलाई समेटेर लेखिएको गजलको सङ्ग्रह 'पलपलका परिमल' को शीर्षक चयन विषयवस्तुको सान्दर्भिक प्रस्तुति र भावनात्मक विचारको प्रस्तुतिमा उनको यो कृति सफल देखिन्छ । बिम्ब, प्रतीक र अलङ्कार समेतको यथोचित प्रयोग गरेर सरल, सहज अभिव्यक्ति, यथार्थवादी दृष्टिकोण, मानवीय संवेदना, विद्रोहात्मकता, अन्तरपीडाहरूको प्रस्तुति, सामाजिक जागरणको उद्घोष, व्यङ्ग्यात्मकता र वस्तुगत यथार्थतालाई टपक्क टिपेर सुललित भाकामा वाचन गर्न सक्ने विभिन्न लयमा सपक्क मिलाउन सक्नुले यो कृति एक उत्कृष्ट गजलसङ्ग्रहको रूपमा सफल भएको पाइन्छ । यति हुँदाहुँदै पनि एउटै गजलमा विभिन्न विषयवस्तुहरूको समावेश नभई धेरै भाव वा कथ्यमा समेटिएको हुनेहुँदा गजललाई गजलका अतिरिक्त कुनै शीर्षक दिनु उपयुक्त हुँदैन तर गजलकार 'विमल' ले शीर्षक दिएर लेखेका छन् । तसर्थ गजलमा शीर्षक दिनुको कुनै औचित्य देखिँदैन ।

## ५.५ हाइकुकार विमलप्रकाश देवकोटाको हाइकुको अध्ययन तथा विश्लेषण

यस शीर्षक अन्तर्गत हाइकु परिचय, शब्दको स्रोत र अर्थ, हाइकुको परिभाषा, हाइकुको विकासक्रम र हाइकुको विषयवस्तुहरूको सङ्क्षिप्त जानकारी दिइएको छ । यसकै आधारमा हाइकुकार विमलप्रकाश देवकोटाको हाइकुसङ्ग्रह **विमल दर्पण**मा सङ्ग्रहित हाइकुहरूको सङ्क्षिप्त व्याख्याका साथै ती हाइकुहरूको भावका आधारमा विभिन्न शीर्षक राखी अध्ययन गरिएको छ ।

### ५.५.१ हाइकु परिचय

चिन्तन र कल्पनाको मिश्रणले होला कविता सामान्य मानिसका लागि होइन । यसको अर्थ यो होइन कि सामान्य मानिसको कुनै कल्पना नै हुँदैन । जीवनको यात्राहरूमा विभिन्न मोड र कुइनेटाहरू पार गर्ने क्रममा मान्छे जीवनमा एकपटक कवि बन्छ । यसैले होला साहित्यमा सबैभन्दा बढी लेखिने विधाको रूपमा कवितालाई लिइएको छ । सर्जकको भावना र अवस्थालाई बुझ्ने प्रयास नगर्दा हो या चिन्तनको तलाउमा डुबुल्की मार्न नखोजेर हो कविता सबैभन्दा कम पढिने विधाको रूपमा देखा परेको छ । मान्छे विविध चोट र दुःखको कारणले संवेदनशील बन्छ र त्यही संवेदनशीलतालाई कागजका पानामा उतार्दा त्यो कविता बन्न पुग्छ र भावनात्मक हुन्छ । कविता पीडाले भरिएको होस् या सुखद् त्यसमा पूर्णता भेटिन सक्छ । तर यस बाहेक पनि सम्भावना बोकेर साहित्यकाशमा धेरै अघिदेखि कविताको विधाको शाखाको रूपमा हाइकु विकसित हुँदै आएको छ ।

जापानी भाषामा लेखिएको छोटो स्वरूपको कविता हाइकुको प्रभाव नेपाली साहित्यमा पनि परेको छ । नेपाली साहित्यमा भने हाइकुको आधिकारिक अध्ययन खासै हुन सकेको पाँइदैन । अभि सुवेदीका अनुसार छैटौं शताब्दीको अन्त्य र सातौं शताब्दीको आरम्भदेखि बौद्ध धर्म र हजारौं वर्षदेखि कवि, कलाकारहरूलाई परेको ताओवादको संयुक्त प्रभावबाट हाइकुको धारणा जन्मिएको हो (सुवेदी, २०४४ : क) । हाइकुको ऐतिहासिक पृष्ठभूमि तथा संरचनाका बारेमा अभि सुवेदीका अनुसार हाइकु कविताका इतिहास तीनसय वर्ष पुरानो छ । सुरुमा हाइकाइ भन्ने कविता लेखिन्थ्यो । ती कवितामा कला, चातुर्य हुन्थ्यो र तिनीहरू बढी रमाइलाका लागि लेखिन्थे भन्ने कुरा स्पष्ट हुन्छ । कुनै नियमहरूको

अनुशरण गरेर कविहरू एक जमातमा मिली हाइकाइ लेख्ने गर्दथे । एउटा हाइकाइ शृङ्खलामा ३६, ५० अथवा १०० वटा श्लोक रचना गरिन्थ्यो । यसरी कविता लेख्ने समूहहरूको एउटा नाइके कवि हुन्थ्यो । नाइके कवि क्रमशः पाँच अक्षर, सात अक्षर र पाँच अक्षर (५ + ७ + ५) भएका तीन हरफका कविता लेख्थे । ती तीन हरफलाई होक्कु भनिन्थ्यो अनि अर्को कविले सात-सात अक्षरका दुई हरफ जोड्थे । यस प्रकार ५ + ७ + ५ र ७ + ७ अक्षरको एउटा हाइकाइ तयार हुन्थ्यो । जापानी कवि बासोमित्सु (ई.सं. १६४४-१६९४) आफैँ पनि हाइकाइ लेख्ने गर्थे र उनी यात्रामा जाँदा आफू गएका ठाउँहरूको चित्रण गरेर हाइकाइ लेख्ने गर्थे । विस्तारै उनले होक्कुको मात्र प्रयोग गर्न थाले । यसले गर्दा होक्कु (५ + ७ + ५) आफैंमा एक स्वतन्त्र कविताको एकाइ मानिन थाल्यो र त्यही एकाइ नै हाइकु कविता भयो । आजको जापानी हाइकु कवितामा विगतको प्रभाव छ, वर्तमान युगको भयानक उथलपुथलहरूको चित्र छ, पूर्व-पश्चिमका कला र संस्कृतिको समागम छ । त्यसै अर्थमा आजको मानिसको निमित्त हाइकु काव्य एक साझा सम्पत्ति, मुक्ति र आनन्दको प्रतीक बनेको छ । सबभन्दा महत्त्वपूर्ण कुरा यथार्थ संसारका अनेक युगजनिक लक्षणहरूद्वारा मानिस-मानिसले मौन भाव सम्प्रेषण गर्ने आधार खडा गरे हाइकु मानवीय सम्प्रेषणको अभूतपूर्व माध्यम हुन सक्ने सम्भावनालाई सबैले मनन गर्नुपर्ने हुन्छ (सुवेदी, २०४४ : ङ-ञ) । रामकुमार पाँडेका अनुसार जापानी सम्बद्ध साहित्यको जानकारी राख्ने क्षेत्रप्रताप अधिकारी, अभि सुवेदी हुन् वा सिर्जनारत रत्नशमशेर थापादेखि शशी भण्डारी र विष्णुबहादुर सिंह नेपाली हाइकु साहित्यलाई डोऱ्याउने अग्रपङ्क्तिका वयस्क साहित्यकार हुन् (पाँडे, २०६३ : भूमिका) । प्रकाश पौडेल 'माइला' का अनुसार २०१९ सालमा शङ्कर लामिछानेले सर्वप्रथम रूपरेखा पत्रिकामा हाइकु प्रकाशन गरी नेपाली साहित्यिक फाँटमा पाइला टेकेको हाइकुले आजको अवस्थासम्म आइपुग्दा धेरै ठाउँमा आफ्नो उपस्थिति मजबुत बनाईसकेको छ । हाइकुका मूल सूत्र प्रकृति, प्रणय र प्रारब्ध हुन् (माइला, २०६६ : ण) । नारायणप्रसाद खनालले हाइकु कुनै छन्द होइन या यो छन्दोबद्ध रचना पनि होइन तर यसको संरचनात्मक नियम भने कठोर छ अनि हाइकुमा वार्णिक वा मात्रिक छन्दमा जस्तो एक मात्रा वा दुई मात्रा भएका अथवा ह्रस्व वा दीर्घ अक्षर-गणना हुँदैन र अक्षर स्वर र व्यञ्जनप्रधान भए पनि स्वरकै केन्द्रीयतामा यो टिकेको हुन्छ भनेका छन् (खनाल, २०६५ : ५७) । सुरेन्द्र अस्तफलका अनुसार सत्र अक्षरीय संरचनामा प्राकृतिक बिम्ब प्रयोग गरी

लेखिने हाइकु साच्चै विन्दुमा सिन्धु हो । थोरै शब्दले विराट भाव उपस्थित गराउन सक्नु हाइकुको वैशिष्ट्य हो (अस्तफल : २०६७ : २१) । विकिपिडियाका अनुसार बौद्ध धर्म र हजारौँ वर्षदेखि कवि कलाकारहरूलाई प्रभाव पारेर आएको ताओवादको संयुक्त प्रभावबाट हाइकुको धारणा जन्मेको हो । वास्तवमा हाइकुको आत्मा सम्झनाको खालीपन हो (डब्लु डब्लु डब्लु डट विकिपिडिया डट कम, हाइकु) । डब्लु डब्लु डब्लु डट टु योमासुडटकम हाइकुमा हाइकु एक प्रकृति वा सहज मानवीय स्थितिसँग जोडिएको मौसमको अनुभव सार सम्प्रोषित गर्ने बिम्बात्मक भाषाको उपयोग गरिएको एक छोटो कविता हो भनी परिभाषित गरिएको छ (डब्लु डब्लु डब्लु डट टुयोमास डट कम, हाइकु) । जसले जेजे भने तापनि हाइकुको सैद्धान्तिक अध्ययन हुन बाँकी नै देखिन्छ । प्राकृतिक बिम्बको प्रयोग गरी सरल र सङ्क्षिप्त अर्थमा मानवीय भावनालाई अभिव्यक्त गर्ने कला हाइकुमा पाइन्छ ।

### ५.५.२ 'विमल-दर्पण' हाइकुसङ्ग्रह

वि. सं. २०५९ मा **पलपलका तलतलहरू** गजलसङ्ग्रह प्रकाशन गरी सफल गजलकारका पङ्क्तिमा दरिन पुगेका विमलप्रकाश देवकोटाले केशवराज आमोदीसँगको सहलेखनमा दोस्रो कृति **गजल-दीपिका** शोधकाव्य २०६० मा प्रकाशन गरेलगतै २०६० मा प्रकाशित **विमल-दर्पण** हाइकुसङ्ग्रह उनको तेस्रो कृति हो । यसमा जीवनका अनुभाविक विचार, चिन्तन, भोगाइ अनि प्राकृतिक सुन्दरतालाई प्रस्तुत गर्दै राजनीतिक र सामाजिक विकृति विसङ्गतिलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । अग्रज राजनीतिज्ञहरूको स्वार्थीपनको कटु यथार्थलाई उनका हाइकुमा प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै गरी हाइकुमा देशप्रेम, राष्ट्रियता, स्वाभिमानता जस्ता कुरालाई उठाइएको छ । कुनै हाइकुमा देशमा भएको अन्याय-अत्यचार, शोषण, अशान्ति त कुनै हाइकुमा प्रणयपरक अभिव्यक्तिका साथै सामाजिक सुधारका चाहनाहरू प्रतीत भएको पाइन्छ । समसामयिक सामाजिक विषयवस्तुहरूलाई अँगालेर लेखिएको देवकोटाका हाइकुहरू स्वच्छन्दतावादभन्दा यथार्थवादको धरातलमा रचिएका छन् । यस विमल दर्पण हाइकु सङ्ग्रहमा विविध शीर्षकका जम्माजम्मी २१७ ओटा हाइकुहरू सङ्ग्रहित छन् ।

**विमल-दर्पण** हाइकु सङ्ग्रहको आवरण पृष्ठको अग्रभागमा नेपालको नक्शा र गौतम बुद्धको चित्र देखाइएको छ । सर्वोच्च शिखर सगरमाथा रोइरहेको देखाइएको छ र बुद्धको

तस्वीरलाई अशान्तिको आगोले खाएको  देखिन्छ । उक्त चित्रको माथि नीलो आकाश र आकाशमा शान्तिका दूत परेवा उडेर अन्यत्र जाँदै गरेको देखिन्छ । सोही पृष्ठको माथिल्लो भागमा सेता अक्षरले हाइकुसङ्ग्रहको नाम **विमल-दर्पण** लेखिएको छ भने तल्लो भाग पहेलो रङले पोतिएको छ उक्त रङको अर्थ द्वन्द्वको आगो हो र अन्त्यमा सेतो रङ्मा नीलो अक्षरले लेखकको नाम लेखिएको छ । आवरणको पश्चभागमा लेखकको सामान्य परिचयसहित पासपोर्ट आकारको फोटो सबैभन्दा माथि राखिएको छ । लेखक परिचयको तल्लोभागमा वरिष्ठ साहित्यकार गोविन्दराज 'विनोदी'को *शुभकामना* राखिएको छ । चितवन साहित्य परिषद्ले बाह्रौं पुष्पका रूपमा वि.सं. २०६० मा प्रकाशन गरेको **विमल-दर्पण** हाइकु सङ्ग्रहको *प्रकाशकीय* शीर्षकमा चितवन साहित्य परिषद्का अध्यक्ष केदार खनालको लेख र *मोल-मनितोमा विमल-दर्पणका हाइकु एक अवलोकन* शीर्षकमा नारायणप्रसाद खनालको समीक्षात्मक लेख छ । यसमा विषय सूची नराखी सोझै शीर्षकसहित हाइकु लेखिएको छ । जम्मा ६२ पृष्ठको यो हाइकुसङ्ग्रहमा पृष्ठ २० देखि हाइकुहरू लेखिएका छन् । २१७ ओटा हाइकु सङ्कलित यस कृतिको अन्तिम ६१ र ६२ पृष्ठमा ६/६ वटा हाइकुहरू रहेको छन् भने अन्य पृष्ठमा ५/५ ओटा हाइकुहरूले सजिएका छन् । हाइकुकार विमलप्रकाश देवकोटाका हाइकुहरूलाई अध्ययन गर्दा खास कुनै एक मात्र विशेषतालाई अँगालेर हाइकु रचना नगरी विविध विषयलाई समेटेको पाइन्छ साथै ती चेतना, बिम्ब र व्यङ्ग्यले भरिपूर्ण रहेका छन् । यस हाइकुसङ्ग्रहको विश्लेषण विभिन्न उपशीर्षकमा राखेर अध्ययन गरिएको छ ।

### ५.५.३ मूलभाव

हाइकुकार विमलप्रकाश देवकोटाको एक मात्र हाइकुसङ्ग्रह **विमल-दर्पण**मा विभिन्न शीर्षकका २१७ ओटा हाइकुहरू सङ्ग्रहित छन् । कवि देवकोटाले ५ + ७ + ५ को हाइकु लेखन परम्परालाई आत्मसात् गर्दै अगाडि बढेको पाइन्छ ।

यस **विमल-दर्पण** हाइकुसङ्ग्रह **आमा** शीर्षको हाइकु राखेर शुरुवात गरिएको छ । आमा मायाकी खानी हुन् जसको माया, वात्सल्य निरन्तर बग्ने सप्तगण्डकी, नारायणी जस्तै अनवरत बगिरहन्छ, कहिल्यै रित्तिँदैन । आमालाई धर्तीकी सृष्टिकर्ता, विधाता हुन् भनिएको छ । **दुर्बोध** शीर्षकको हाइकुमा नबोली नबोली टार्न खोज्ने मायालुको मनलाई महाकाव्यसँग

तुलना गर्दै आफूले बुझ्न नसकेको भाव रहेको छ भने **मैन** शीर्षकको हाइकुमा नारीलाई सम्मान गर्नुपर्छ । नारीहरूको हृदय कोमल हुन्छ र क्षणभरमै मैन जस्तै पग्लन सक्छ भनिएको छ । देशमा अशान्तिको ज्वालाले शान्तिलाई खरानी पारेको दुर्दशालाई **पीडा** शीर्षकमा समेटिएको छ । **समाहिति** शीर्षकको हाइकुमा लेखकले आफ्नो जीवन मेची देखि महाकाली नदीसम्मको भू-भाग नेपालका लागि समर्पित रहेको विचार प्रस्तुत गरेका छन् भने मान्छेको जीवन मुसल्धारे वर्षा हुँदा उठ्ने पानीको फोका जस्तो क्षणभरमै फुटेर जान्छ भनी **जीवन** शीर्षकको हाइकुमा भनिएको छ । **धन** शीर्षकको हाइकुमा मानिसलाई धनले मोहनी लगाउने तर त्यो च्छो-रोल्पा हिमताल जस्तै खतरा छ जसले ठूलो विपत्ति पार्न सक्छ, हानी पुऱ्याउन सक्छ भनिएको छ। मायालुको नसालु हेराइले आफ्नो मनलाई घायल पारेको प्रेमप्रणयको भावलाई **माया** शीर्षकको हाइकुमा बताइएको छ। त्यस्तै गरी दुःख कष्ट सहेर जीवनका अनेक मोडहरू पार गर्दै आफ्नो कर्तव्य पालनमा सदा समर्पित प्रेरणाका पुञ्ज हुन् भनी **बुबा** शीर्षकको हाइकुमा पिताजीलाई चिनाइएको छ । **मन** शीर्षात्मक हाइकुमा मानिसको मनलाई कोमल अङ्ग जसमा विचारहरूको ज्वारभाटाहरू आइ नै रहन्छन् तर पूरा हुन सकेका हुँदैनन् भनिएको छ। **नारी** शीर्षकको हाइकुमा नारी सुन्दरताको प्रतीक हुन् । रूप, गुणले पूर्ण भएमा सबैको प्यारी र शक्तिशाली बन्न सक्छिन्  तर रूपगुण नभएमा तिरस्कृत, कमजोर र दुःखी बन्न पुग्छिन् भनी नारीको रूप, सुन्दरतालाई नै  शक्ति मानिएको छ । मानिस यस धर्तीको सुन्दर प्राणी हो । मानिस ईश्वरको सृष्टिमा सर्वोकृष्ट कृति हो । तर आफ्नो मानवता गुमाएमा वा बिर्सिएमा त्यो जस्तो नीच अरू केही हुनसक्दैन । त्यो त दुःख दिने राक्षस हो भनी **मान्छे** शीर्षकको हाइकुमा भनिएको छ । जुन व्यक्तिलाई आफ्नो जीवनसाथीको रूपमा प्रेम वर्षाइएको हुन्छ, त्यही व्यक्तिले प्रेमको माला चुँडाएर पराइसँग हुने वैवाहिक कार्यक्रमको निम्तो कार्ड दिँदा जस्तो खोटो भाग्य र दुर्दशा अरू के नै हुन सक्छ भन्ने भाव **धोका** शीर्षकको हाइकुमा व्यक्त गरिएको छ । **समाजसेवा** शीर्षकको हाइकुमा चुनावमा भोट किनेर जित्ने राजनेताहरूको परिपाटीलाई व्यक्त गरिएको छ भने जनताले आन्दोलन गरेर देशमा ल्याएको प्रजातन्त्रमा जनता नै ठूलो शक्ति मानिए तापनि संविधानले सबै क्षेत्रलाई ओगट्न र संविधानको भावनाअनुरूप काम गर्न नसकेकोले प्रजातन्त्र काँचो पिंडालुजस्तै भएको छ भन्ने आशय **संविधान** शीर्षकको गजलमा पाइन्छ । **आकाङ्क्षा** शीर्षकको हाइकुमा कुर्ची प्राप्त गर्नका लागि नेताहरूको जनतालाई झुठो आश्वासन बाड्दै ढाँट र छलकपट गर्ने बानीको वर्णन छ । त्यस्तै गरी **मौसम** शीर्षकको

हाइकुमा चैत वैशाखको प्रचण्ड गर्मीका समयमा आकाशमा अलिअलि बादल लाग्दा पानी पर्छ कि भन्ने आशा जाग्ने सोझो अर्थ भए तापनि स-शस्त्र द्वन्द्वको समयमा वार्ताको कुरा चल्दा तथा आन्दोलन स्थगित हुँदा शान्ति छाउँछ कि भन्ने आशा पलाएको भाव व्यक्त गरिएको छ । **सहचरी** शीर्षकको हाइकुमा दुःख सुखकी साथी श्रीमती हुन् भनिएको छ भने **दर्शन** नामक हाइकुमा दुःख हटेर सुखको निकास (मार्ग) हुँदा अमृतसमान ग्रहण योग्य बन्दछ भनिएको छ । **नेता** शीर्षकको हाइकुमा खाली कुर्चीका लागि झगडा गर्ने अविवेकी राजनेताहरूको चिनारी छ भने समयसँगै दौडिने हाम्रो जीवनमा सुख दुःखका अनेक मोडहरू पार गर्दै, विभिन्न उकाली-ओरालीहरू पार गरे पनि अन्त्यमा मृत्युवरण गर्नै पर्ने हुन्छ । यो प्रकृतिको साश्वत नियम नै हो भनी **गन्तव्य** शीर्षकको हाइकुमा भनिएको छ । **अभिनन्दन** शीर्षकको हाइकुमा साहित्य सिर्जना गर्ने साहित्यकारहरूलाई सम्मान कार्यक्रम राख्दा खल्तीकै पैसा खर्च गर्नुपर्ने बाध्यता छ । यस्ता कार्यक्रममा कहीँ कतैबाट सहयोग हुँदैन भन्दै समाजका संवाहक साहित्य सर्जकहरू उपेक्षित हुनु परेको परिस्थितिलाई देखाइएको छ । **जनसंख्या** शीर्षकको हाइकुमा नेपालको जनसंख्या वृद्धि जतिसुकै परिवार नियोजन जस्ता विधि अपनाएर रोक्न खोजे पनि नेपाल-भारत खुला सिमाना भएकाले प्रभावित भएको छ भनिएको छ भने **प्रणय** शीर्षकको हाइकुमा सुहागरातमा पनि प्रेमिकाले आफू वंश परम्परालाई निरन्तरता दिन सक्छु वा सक्दिनँ भन्ने द्विविधा मनमा राख्न पर्ने सामाजिक कुण्ठालाई व्यक्त गरेको छ । सन्तानको जन्म दिन सकेमा मात्र सफल बुहारी, श्रीमती बन्न सकिने तर सन्तान जन्माउन नसक्ने भएमा घरपरिवारको हेला हाँसो हुनुपर्ने महिलाको बाध्यतालाई देखाइएको छ । नेपालको प्रजातन्त्रमा विदेशी हस्तक्षेप रहने अर्थात छिमेकी मुलुक भारतको दिशानिर्देशमा नेपाली नेताहरू चल्ने प्रवृत्ति रहेको छ । देश चलाउने संयन्त्र नै भारत हो भन्दै नेपाली नेताहरू भारतीय नेताहरूको चाहना अनुरूप चल्ने परिपाटीप्रति व्यङ्ग्यभाव **प्रजातन्त्र** शीर्षकको हाइकुमा पाइन्छ । **जागिर** शीर्षकको हाइकुमा योग्यता भएको मान्छेले नेपालमा जागिर खान पाउँदैनन् तर अयोग्य भए पनि राजनीति गर्ने नेताहरूको आसेपासे, नाता, गोता छन् भने सजिलैसँग नियुक्ति पाउने कुरालाई **जागिर** शीर्षकको हाइकुले व्यक्त गरेको छ । त्यस्तै गरी नेपालमा लोकप्रियता प्राप्त गर्न सफल कविताको उपविधाको रूपमा देखा परेको गजल रदीफ र काफियाको संयोगबाट निर्मित नौलो आयाम हो भनी **मोती** शीर्षकको हाइकुमा भनिएको छ भने कविता सिर्जना गर्ने कवि र उसको साहित्यिक कविता कृति (काव्य) दुधे बालक जस्तै निष्कलङ्क छवि भएको हुन्छ ।

यसमा कुनै ढाँट, छल नभई समाजको यथार्थ चित्रण हुन्छ भनी **स्वच्छ छवि** शीर्षकको हाइकुमा भनिएको छ । हामी नेपालीको दोस्रो ठूलो चाड तिहार हाम्रो मौलिक संस्कृतिको धरोहर हो भन्दै यमद्धित्तीयाका दिन दिदी-बहिनीले आफ्ना दाजुभाइलाई लगाइदिने सप्तरङ्गी टीकाको महत्त्वलाई **तिहार** शीर्षकको हाइकुमा व्यक्त गरिएको छ । देशमा भ्रष्टचार मौलाउँदै गएको सङ्केतका रूपमा रचिएको **पहाड** शीर्षकको हाइकुमा भ्रष्टचार गरेर अकुत सम्पत्ति कमाउनु भनेको न्यायलाई मसानघाटमा सेलाउनु जस्तै हो भनिएको छ भने समानता शीर्षकको हाइकुमा महिलाको शत्रु महिला नै हुन्छ भन्ने भाव रहेको छ । **ऋण** शीर्षकको हाइकुमा ऋण काढेर कृषि व्यवसाय गर्नुपर्ने किसानको बाध्यता रहेको तर कृषिमा रोग लाग्दा उत्पादनमा घाटा हुँदा समेत तल्सिङहरूलाई सावा-व्याज फिर्ता गर्नुपर्ने बाध्यत्मक अवस्था देखाइएको छ । **समाचार** शीर्षकको हाइकुमा एफ.एम. रेडियोहरूले नौला धुन दिएपछि कुनै महत्त्वपूर्ण घटनाको समाचार दिने गर्दछ । संकटकालमा ब्रेकिङ न्यूजमा आउने त्यस्ता समाचारहरू दुःखद र अप्रिय मात्र हुने हुँदा मानसिक चिन्ता बढाउने बाहेक अरू केही हुँदैनथ्यो अब सुसमाचार सुन्न पाइयोस् भन्ने भाव व्यक्त भएको छ । **सृजना** शीर्षकको हाइकुमा साहित्य कृतिहरूमा समाजको यथार्थ चित्रण हुन्छ र यसले युगको बोध गर्दछ भन्ने भाव रहेको छ । जुनेली रातमा वातावरण निकै सुन्दर देखिन्छ । यतिखेर प्रकृति प्रेम प्रणयमा लीन भएको स्वर्गीय अनुभूति महशुस हुने भाव **स्मृति** शीर्षकको हाइकुमा पाइन्छ । **समय** शीर्षकको हाइकुमा मान्छेले आफ्नो स्वार्थपूर्ति गर्न जे गर्न पनि अग्रसर भएको प्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै गरी **नेपाल** शीर्षकको हाइकुमा हाम्रो देश नेपाल गौतम्बुद्धको जन्मस्थल जसले विश्वमा शान्तिको सन्देश छरेको छ भनिएको छ भने **मधुशाला** शीर्षकको हाइकुमा हिमालै हिमाल भएको निरन्तर झरना झर्ने हाम्रो देश नेपाल प्रकृतिको अनुपम उपहार हो भनिएको छ । पुरातन सोचकी सासू भएको घरमा आधुनिक बुहारी भित्रिँदा सधैँ पीडा बाहेक अरू हुन सक्दैन भनी **परिवार** शीर्षकको हाइकुमा भनिएको छ । **घायल** शीर्षकको हाइकुमा रुढीवादी सोच भएको समाजमा चढ्दो यौवन उमेरका युवायुवती स्वतन्त्र भएर हिड्न नसक्ने र मनका चाहरूलाई कुण्ठित पार्न बाध्य हुन्छन् भन्ने भाव पाइन्छ । फलको आशा नराखी कला सधनामा लाग्नु र राष्ट्रहित हुने साहित्य निर्माणमा लाग्नु नै महानता हो भन्ने कुरा **राष्ट्र सेवा** शीर्षकको हाइकुमा पाइन्छ । स्रष्टाहरू भेला भएर विचारको आदानप्रदान गर्ने र काव्यहरू सुनाउने परिपाटीलाई **गोष्ठी** शीर्षकको हाइकुमा व्यक्तिएको छ । शान्तिको लागि भनेर जनतालाई सडकमा उतारे पनि आखिर त्यो नेताहरूको धुर्त्याइँ

हो, मौसमी खेती हो भन्ने विचार **युद्ध** शीर्षकको हाइकुमा व्यक्त भएको छ । **यथार्थ** शीर्षकको हाइकुमा एकान्त स्थानमा कुनै यौवनवाला युवती देखिन पुगिन् भने त्यहाँ उनको अस्मिता खतरामा पर्न गई भविष्य नै अन्धकारमय हुने संकेत गरिएको छ । यसले हाम्रो समाजमा फैलिएको नारी असुरक्षा र महिला हिंसाको बोध गराएको छ । **पतन** शीर्षकको हाइकुमा कटु वचन लगाउने चोथाले बुहारी र लाचारी छोरो भएपछि आमालाई चिन्ता र दुःख बाहेक अरू केही हुन सक्दैन भनिएको छ भने **चलन** शीर्षकको हाइकुमा काम गर्न सक्ने युवाशक्ति विदेश पलायन भएको अवस्थामा देशको चौतर्फी विकास सोच्न नसकिने भाव व्यक्त भएको छ । **जलन** शीर्षकको हाइकुमा नशामा डुब्नेलाई कसैले पनि सम्मान गर्दैनन् । ऊ सबैको हेलाँ हाँसो बन्न पुग्छ भनिएको छ । मान्छेले धर्मको नाममा विभिन्न ठाउँमा मठमन्दिर धाउने गर्छन् तर गरिब दुःखीको सेवा नै चारधाम हो भनी नबुझ्ने मानवप्रति व्यङ्ग्य **धर्म** शीर्षकको हाइकुमा गरिएको छ । **रीति** शीर्षकको हाइकुमा देशमा उच्च तहमा मन्त्रीका आफ्ना साला, भतिजा, सालीहरू नियुक्त गर्ने प्रवृति र त्यसले देशको विकासका योजनाहरूलाई लथालिङ्ग र भताभुङ्ग हुने भाव व्यक्त भएको छ । **लीला** शीर्षकको हाइकुमा लोग्ने स्वास्नी दुइटै खराब प्रवृतिका भए अर्थात दुईटै आगो भए र कुनै एक पानी हुन सकेनन् भने कलहले महाभारतको रूप लिन पुग्छ भनिएको छ । **शहर** शीर्षकको हाइकुमा शहर बजारमा देखिएको विकृतिलाई देखाइएको छ अनि **भूगोल** शीर्षकको हाइकुमा दुई ठूला देश चीन र भारतको बीचमा रहेको नेपाल दुई ढुङ्गाको माझमा रहेको तरुल च्यापिए झैँ चेपिएको छ भन्ने सङ्केत गरिएको छ । **मौनता** शीर्षकको हाइकुमा वि.सं. २०४६ को जनआन्दोलनमा जुटेर प्रजातन्त्र ल्याउन प्राणको आहुती दिएका शहीदहरूका परिवारप्रति वेवास्ता गरिएको भाव छ भने **सङ्गीत** शीर्षकको हाइकुमा हाम्रो नेपाली लोक संस्कृतिको मौलिकपनलाई विगारेर पप, हिप-हप जस्ता विदेशी शैलीका गीत गाउन र सुन्न उद्द्त नेपाली युवायुवतीप्रति लक्षित गरिएको छ । आजकाल पदीय दायित्व बिर्सेर पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउने उच्च पदस्थ कर्मचारी र नेताहरूको आवासमा शान्ति होइन सधैँ अख्तियारको सन्त्रास छाइरहन्छ भन्ने भाव **कुबेर** शीर्षकको हाइकुमा पाउन सकिन्छ भने **अम्मल** शीर्षकको हाइकुमा कापी कलम लिएर साहित्य सिर्जना गर्ने अनौठो लत आफूमा बसेको भाव हाइकुकारले व्यक्त गरेका छन् । नेपाली समाजमा लागू पदार्थ सेवन र दुर्व्यसनले विकृति विसङ्गति फैलन पुगेकोले नेपाली युवायुवतीका साथै नेपाली समाजको भविष्य अन्धकार हुने सङ्केत **खतरा** शीर्षकको  हाइकुमा उल्लेख गरिएको

छ । **सपना** शीर्षकको हाइकुमा मान्छे बुढो भए पनि ऊभित्रको मन सोह्रसत्रको युवाजस्तो तन्नेरी हुन्छ भन्ने भाव रहेको छ । आजकालका युवायुवतीमा देखिएको विदेशी शैलीको पप गीतप्रतिको मोह, ड्रग्स सेवन र अर्धनङ्न शरीर प्रदर्शनको फेसनले समाजमा ल्याएको विकृति अनि विसङ्गतिलाई औल्याइएको छ **विसङ्गति** शीर्षकको हाइकुमा । **उदेक** शीर्षकको हाइकुमा सरकारको शैक्षिकनीति बलियो नहुँदा नेपाली शिक्षाक्षेत्रमा विकास हुन सकेको छैन तर यसको दोष शिक्षक-शिक्षिकामाथि थोपर्ने प्रवृतिलाई देखाइएको छ । **साधना** शीर्षकको हाइकुमा नेपाली साहित्य धनी छ तर साहित्य सिर्जना गर्ने साहित्य सर्जकहरू गरिब बनेका छन् भने साहित्य अध्ययन गर्ने पाठकहरू सीमित छन् भन्दै साहित्यकारप्रति सम्मान हुन नसकेको दुःख भाव व्यक्त गरिएको छ । **भाग्य** शीर्षकको हाइकुमा नेपालको चौतर्फी विकास गर्न भनि जति बजेट छुट्याइए पनि त्यसको चुहावटले कुनै कार्य हुँदैन तर नेपाली जनताले थाप्लामा थेग्नै नसकिने ऋणको भारी बोक्नु पर्ने बाध्यतालाई व्यक्त गरिएको छ । **चलचित्र** बोलको हाइकुमा नेपाली चलचित्रलाई हिन्दी सिनेमाहरूले विस्थापित गरेको अवस्थालाई देखाइएको छ भने **राजनीति** शीर्षकको हाइकुमा जुन जोगी आए पनि कानै चिरेको भन्ने नेपाली उखान जस्तै जुन पाटीका नेताले देश र जनताको हित गर्छु भने पनि अन्तत्वगत्वा सत्ता प्राप्ति गर्नु नै उनीहरूको एउटै लक्ष्य हो भनिएको छ । **विद्यार्थी** शीर्षकको हाइकुमा विभिन्न बहानाले गरिएको नेपाल बन्द हड्तालले विकासको मेरुदण्ड बनेको शिक्षा क्षेत्र दिनप्रतिदिन धराशायी बन्न पुगेको र शैक्षिक गुणस्तर खस्किन पुगेको कटु यथार्थलाई प्रस्तुत गरिएको छ । **गजल सूत्र** शीर्षकको हाइकुमा गजल रचना गर्ने व्यक्तिमा गजलसम्बन्धी सिद्धान्त र तत्त्व मत्ला, मक्ता, रदीफ, काफिया, हमकाफिया जस्ता विषयहरूको ज्ञान हुनुपर्छ भनिएको छ । **सत्य** शीर्षकको हाइकुमा सांसारिक जीवनमा मन मिल्ने दम्पती भयो भने स्वर्गीय आनन्दको अनूभूति यही पृथ्वीमा गर्न सकिन्छ भनिएको छ । **इतिहास** शीर्षात्मक हाइकुमा हाम्रो देश नेपालमाथि कुनै राष्ट्रले धावा बोल्छ भने हामी वीर नेपाली अरिगाँलको गोलो खनिएझैं खनिन पछि हट्दैनौं भन्दै हाम्रो वीरतापूर्ण इतिहासको स्मरण गरिएको छ । कुनै तुक नहुँदा पनि देशमा लगाइएको सङ्कटकाल प्रजातन्त्रमा नसुहाउने कुरा हो भन्ने भाव **भोगाइ** शीर्षकको हाइकुमा व्यक्त भएको छ । **सन्त्रास** शीर्षकको हाइकुमा माओवादीको दश वर्षे जनयुद्धका बेला विद्रोही र सरकार पक्ष दुवैतिरबाट कर्फ्यू लगाउँदा गरिब नेपाली जनताले काम गरेर खान नपाई भोकभोकै पिल्सिएर बस्नु परेको कारुणिक अवस्थाको चित्रण गरिएको छ । **वार्ता** शीर्षकको हाइकुमा नेपाली जनताले द्वन्द्व हैन दीगो शान्ति चाहेका छन्

भन्ने भाव रहेको छ भने २०४६ सालको जनआन्दोलनबाट देशमा प्रजातन्त्र आएपनि देशमा बजेटको सही सदुपयोग हुन नसकेको झन् उल्टै हाकाहाकी शोषण, लुट जस्ता विकृतिहरू मौलाएको अवस्थालाई **दुर्भाग्य** शीर्षकको हाइकुमा चित्रण गरिएको छ । **पेसा** शीर्षकको हाइकुमा देशका कर्णधार निर्माता, देशका आवश्यक जनशक्ति निर्माता तथा आफू जलेर अरूलाई उज्यालो छर्ने ज्योतिपुञ्ज शिक्षकहरू हेपिनु, चेपिनु परेको अवस्थाको चित्रण गरिएको छ । **तितो सत्य** शीर्षकको हाइकुमा स्वास्नी र सम्पत्ति नै दाजुभाइको नातासम्बन्धलाई दरार पैदा गर्ने तत्त्व हुन् भनिएको छ । **मिज्जु** शीर्षकको हाइकुमा चोर र नेता दुवै मिल्दोजुल्दो चरित्र भएका अरूलाई लुटेर चुसेर खाने किर्ना र जुका जस्तै हुन् भनिएको छ भने **वैराग्य** शीर्षकको हाइकुमा माया भन्ने कुरा दुई आत्माको मिलन हो तर समाजले दाइजोलाई वा धनलाई महत्त्व दिँदा धन बिनाको सम्बन्धले सार्थकता पाउन नसकेको भाव व्यक्त भएको छ । **दुर्घटना** शीर्षकको हाइकुमा जनताहरूको सहयोग र बलबाट नेताहरू सत्तामा पुग्छन् तर सत्तामा पुगेपछि जनताको लागि केही काम गर्दैनन् । जनतालाई विकास भन्ने कुरा आकाशको फल आँखा तरी मर भने जस्तै हुन्छ भनिएको छ । **बेरोजगारी** शीर्षकको हाइकुमा देशमा शैक्षिक वेरोजगारी बढ्दै गएकोले जागिर खोज्दा खोज्दै उमेर ढल्कन पुग्छ । उसका लागि जागिर खोज्नु नै रोजगारी जस्तो बन्न पुग्छ भन्ने वर्तमान नेपालको यथार्थलाई व्यक्त गरिएको छ । **आकाङ्क्षा** शीर्षकको हाइकुमा कुर्चीमा अर्थात सत्तामा पुग्न ढाँट, छलको खेती गर्दै हिड्ने नेताहरूको चरित्रलाई प्रस्तुत गरिएको छ । **आगमन** शीर्षकको हाइकुमा सोझा जनतालाई देखावटी सहयोग र सहानुभूति देखाउँदै भित्र आफ्नो स्वार्थ पूरा गर्न जस्तोसुकै हतकण्डा अपनाउन सक्ने नेताहरूको स्वभावलाई देखाइएको छ । नेपाली साहित्यको क्षेत्रमा योगदान दिने पारिजात असाधारण प्रतिभाकी खानी हुन् भनी **गौरव** शीर्षकको हाइकुमा लेखिएको छ । **तीर्थ** शीर्षकको हाइकुमा मनोकामना पूरा गर्ने धार्मिक आस्थाका क्षेत्र बद्री केदार जस्तै मन्त्रीहरूको क्वार्टर (वासस्थान) बनेका छन् जहाँ मानिसहरू आफ्नो स्वार्थका लागि कोसेली पोको बोकेर धाउने गर्छन् भनिएको छ । शान्तिप्रिय नेपालीहरूको राष्ट्रिय पहिचान ढाका टोपी हो भनिएको छ **राष्ट्रियता** शीर्षकको हाइकुमा भने **श्रद्धा** शीर्षकको हाइकुमा बहुमुखी प्रतिभाका धनी महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** खण्डकाव्य उत्कृष्ट कृति हो भनिएको छ । **आसक्ति** शीर्षकको हाइकुमा विवाहित पुरुष भएर पनि परस्त्रीप्रति प्रेमको आसक्ति राख्छ भने उसको कुनै इज्जत रहँदैन, ठूलो खती हुन्छ भनिएको छ । **दादागिरी** शीर्षकको हाइकुमा

कमजोर र अविकसित राष्ट्र इराकमाथि शक्तिशाली राष्ट्र अमेरिकाले राखेको कुदृष्टि र आक्रमणको निन्दा गरिएको छ । लक्ष्मीप्रसाद देवकोटाको विषयलाई लिएर **चलन** शीर्षकको हाइकुमा बाँचुन्जेल वास्ता नगरिने तर मरेपछि मात्र उक्त व्यक्तिको गुणको वखान गरिने र सम्मान प्रदान गरिने प्रवृतिलाई देखाइएको छ । **संस्कृति** शीर्षकको हाइकुमा सारङ्गी र मादल नेपाली संस्कृतिका कहिल्यै नअस्ताउने वाद्यवादन हुन् भनिएको छ । सोह्र-सत्र वर्षको यौवन अवस्थामा पुगेका युवतीहरूको हेराइ, हिडाइ र चुलबुले बानीले सबैलाई लोभ्याउँछ भनिएको छ **दृष्टि** शीर्षकको हाइकुमा । **वीरता** शीर्षकको हाइकुमा नेपालको हरियो वन नै सर्वोकृष्ट धन भएको र वीरताको क्षेत्रमा अगुवाइ गरेका बलभद्र कुँवर अमरसिंह थापा जस्ता वीरहरूको पुण्यभूमि नेपाल हो भनिएको छ । **उपहार** शीर्षकको हाइकुमा प्रजातन्त्रले सबैको भलो गर्छ भन्दै नेताहरू जति कुर्लिए पनि आखिर जनताले महङ्गी र भ्रष्टचारको मार खान परेको अवस्थालाई देखाइएको छ । बुढेसकालको समय भनेको डुब्न लागेको घाम जस्तै हो, जसको अवसान हुन बेरै लाग्दैन अनि बगेको खोलाको पानी जस्तै कहिल्यै फर्कदैन भनी **उमेर** शीर्षकको हाइकुमा उल्लेख गरिएको छ । **यथार्थ** शीर्षकको हाइकुमा विद्यार्थी जीवन तपश्याको जीवन हो । परिश्रम नगरी अल्छी गऱ्यो र सुतेरै समय बितायो भने त्यसको भविष्य अन्धकार र मूल्यहीन हुन्छ भनिएको छ । **सङ्गत** शीर्षकको हाइकुमा वेश्या महिलासँगको सङ्गतले सुरुका समय मोजमस्तीमा बिते पनि समयको अन्तरालमा निकै कष्ट भोल्न पर्ने र भविष्यमा दुःखको पैऱ्हो जान्छ भनिएको छ । **शक्ति** शीर्षात्मक हाइकुमा शक्तिको उन्माद चढेको अमेरिकाको कारणले विश्वका कयौँ देशमा विवाद मच्चिए भौँ व्यक्तिको दम्भका कारण कुनैपनि ठाउँमा समस्या समाधानको सट्टा विवाद उल्भन पुग्छ भनिएको छ । **भद्रगोल** शीर्षकको हाइकुमा चितवन देशका सबै क्षेत्रका मानिसहरू बसाइँसराइँ गरेर आउने थलो भएकोले यसलाई नेपालको छयत्तरौँ जिल्ला पनि भनिन्छ । तसर्थ चितवन विभिन्न जातजाति, भाषाभाषीको सम्मिश्रित वसोवास भएको क्षेत्रको रूपमा वर्णन गरिएको छ । **रहर** शीर्षकको हाइकुमा हाम्रो रुढीवादी चिन्तनले ग्रसित नेपाली समाजलाई उकास्न प्रभावकारी एवं सशक्त शिक्षा नीतिको आवश्यकता परेको विषय उल्लेख गरिएको छ । **व्यर्थ** शीर्षकको हाइकुमा अनावश्यक ठाउँमा परिश्रम गर्दा फल प्राप्त हुन सक्दैन तसर्थ सही ढङ्गबाट उपयुक्त ठाउँमा मात्र मिहेनत गर्नुपर्छ भनिएको छ । **मित्रता** शीर्षकको हाइकुमा दुःख पर्दा ढाडस दिने मित्रता घनिष्ट धेरै भयो भने चाढै तुहिन सक्छ अर्थात अति भयो भने खति हुन्छ भनिएको छ । **खोटो चिन्तन** शीर्षकको हाइकुमा दुर्भावपूर्ण

विचार, सौताको छोरालाई डढेको बासी मकै खान दिएजस्तै समाजका लागि अनुत्पादक र प्रतिकूल हुनसक्छ भनिएको छ । जीवहरूको खोज एवं सृष्टिको उत्पत्ति सम्बन्धी विज्ञानले गरेको प्रयासलाई **शुभकामना विज्ञान** शीर्षकको हाइकुमा रहेको छ भने ईश्वरको सृष्टिमा सुन्दर कृति बनेको मानव समुदाय धनसम्पत्ति जस्तो क्षणिक र तुच्छ वस्तुका निम्ति पछि लागेर अशान्ति मच्चाउँदै नीच बन्न पुगेको विचार **असङ्गति** शीर्षकको हाइकुमा व्यक्त भएको छ । **मपाइँ** शीर्षकककको हाइकुमा मानिसले आफूलाई नै सम्पूर्ण ठान्दै अरूलाई कमजोर देख्ने मपाइँत्व प्रवृतिमाथि व्यङ्ग्य भाव रहेको छ । आजका नेताहरूको मानसिकता नै देशको सेवा नभई कुर्ची कसरी प्राप्त गर्ने भन्ने ध्याउन्नमा रहेको भाव **मानसिकता** शीर्षकको हाइकुमा देख्न पाइन्छ भने **व्यतिक्रम** शीर्षकको हाइकुमा गुरु र शिष्यबीच राम्रो सम्बन्ध नहुँदा परिणाम प्रतिकूल हुनसक्छ भन्ने भावको प्रस्तुति रहेको छ । **स्वार्थी समाज** शीर्षकको हाइकुमा साहारा बिहीन बन्न पुगेका अनाथ बालबालिका र विधवालाई सहयोग र सद्भाव राख्नुपर्नेमा उल्टै आफ्नो स्वार्थ पूरा गर्न खोज्ने र तिरस्कृत व्यवहार गर्ने तुच्छ मनोवृत्तिले समाजमा वास गरेको देखाइएको छ । **परम्परा** शीर्षकको हाइकुमा आफ्ना शिष्यहरूलाई एकोहोरो आफ्नो विचार लाद्ने गुरुहरूको मनोवृत्तिमाथि व्यङ्ग्य भाव रहेको छ भने **प्राप्ति** शीर्षकको हाइकुले संसारका मानिसहरू शान्तिको कामना गर्दै शान्तिका अग्रदुत गौतम बुद्धको जन्मभूमि लुम्बिनीको कपिलवस्तु क्षेत्रको अवलोकन र दर्शनका लागि आउने गर्छन् भन्ने विचार प्रस्तुत गरेको छ । **नेपाली लोकगीत** शीर्षकको हाइकुले नेपाली जनजिब्रोले गुनगुनाउने चुड्का, भजन, लोकभावनालाई उजागर गर्ने उत्कृष्ट लोकगीतहरू हुन् भनी चिनाएको छ । त्यस्तै गरी **आदर्श** शीर्षकको हाइकुमा सच्चा गुरुले नै आफ्ना शिष्यहरूलाई अथाह ज्ञान दिन सक्छन् भनिएको छ । आफ्नो दायित्व र कर्तव्य बोध नगर्ने चोक चौतारामा बसेर चियाको सुर्कीसँगै जुवा तास खेलेर समय खेर फाल्ने बेकामे मानिसहरू मतिभ्रष्ट हुन् भन्ने विचार **कुसंस्कार** शीर्षकको हाइकुमा रहेको छ । हिन्दु धर्मावलम्बीहरू ऋृषिहरूको चमत्मकार रहेको पुण्यभूमि बद्री केदारमा पाप-मोक्ष, पुण्य प्राप्तिका लागि धाउने परिवेशलाई **हिन्दु संस्कार** शीर्षकको हाइकुले देखाएको छ अनि **शान्तिको चाह** शीर्षकको हाइकुमा जसरी बाघ र बाख्रा एउटै खोरमा रहन सक्दैनन् त्यस्तै गरी उत्पीडक र उत्पीडित एउटै शासनव्यवस्थामा रहन सक्दैनन् तसर्थ वर्गीय खाडल नहटेसम्म देशमा शान्ति हुँदैन भन्ने क्रान्तिचेतको भावनाको प्रस्तुति रहेको छ । लोकभावनालाई व्यक्त गर्ने लोक दोहोरीका गीतहरू हामी नेपालीहरूको ढुकढुकी हुन् । यी

गीतहरू कर्ण प्रिय, मधुर रसले सजिएका हुन्छन् तसर्थ यी हाम्रा अमूल्य सम्पत्ति हुन् भन्ने विचार **लोकदोहोरी** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । **अचम्म** शीर्षकको हाइकुले नेपाल जलस्रोतमा विश्वको दोस्रो धनी देश हो तर त्यसको सदुपयोग हुन नसक्दा नेपाली जनताहरूले अझै लोडसेडिङको मार खेप्नु परेको छ भने कतै विजुली बत्ति नपुगेर अँध्यारोमा बस्नु परेको बिडम्बनालाई देखाइएको छ । **नग्न सत्य** शीर्षकको हाइकुमा आजकलका युवतीहरूको उत्ताउलो पहिरनले युवावर्गमा पारेका नकारात्मक प्रभाव र त्यसबाट सिर्जित विसङ्गति, दुराचार, बलत्कार जस्ता समस्याहरू नेपाली समाजले झेल्न परेको अवस्था व्यक्तिएको छ । **नियति** शीर्षकको हाइकुमा प्रजातन्त्र फलाक्दै सत्तामा पुगेर अकुत सम्पत्ति आर्जन गर्ने नेताको भ्रष्ट व्यवहारलाई प्रस्तुत गरिएको छ भने अहिंसा नै शान्तिको मूल तत्त्व हो भन्ने बुद्धको वाणीलाई प्रकट गरिएको छ **बुद्धत्व** शीर्षक हाइकुमा । **चाहना** शीर्षकको हाइकुले नेपाली जनताहरू मेहनती बन्नुपर्छ । अर्काको भरमा बाँच्नु मरेसरह हो तसर्थ नेपाली धर्तीमाताले आफ्नो  सन्तान स्वावलम्बी भएको हेर्न चाहेको व्यहोरा प्रस्तुत गरेको छ । **पर्व** शीर्षकको हाइकुमा दशैँ, तिहार जस्ता चाडपर्वहरूमा धनीहरूले ढर्रा निकाल्न थालेका छन् । उनीहरू चाडपर्व रवाफका साथ मनाउँछन् तर गरीब जनतालाई ऋणधन गरेर मुस्किलले संस्कृति धान्न परेको दुर्दशा र विवशतालाई प्रस्तुत गरिएको छ । साहित्यको उपविधाको रूपमा देखिएको नियात्रा आफूले देखेका, घुमेका, सुनेका र भोगेका विषयहरूलाई संस्मरण गर्दै लेखिएको सत्य तथा भाषिक लेख हो भनी **नियात्रा** शीर्षकको हाइकुमा चिनाइएको छ । **साहित्य माहोल** शीर्षात्मक हाइकुमा गाउँ-वेसीका साहित्यकारहरूलाई सहरबजार केन्द्रित भएर गरिने साहित्यिक कार्यक्रममा कुनै महत्त्व नदिने प्रवृतिको चित्रण गरिएको छ । **नेपालीको भाग्य** शीर्षकको हाइकुले देशमा कुनै पनि रोजगारको वातावरण नरहेकोले आजका युवायुवतीले विदेश जाने र धन कमाउने मीठो सपना देख्नु सिवाय अरू केही छैन भन्ने आशय एकातिर व्यक्त गरेको छ भने अर्कोतिर नेपाल सरकारले विदेशबाट कति सहयोग र ऋण ल्याउन सकिन्छ त्यसैको आधारमा नेपालको योजनाहरू बन्ने गर्छन् भन्दै विदेशमुखी नेपाली अर्थतन्त्रको व्याख्या गरेको छ । **सङ्कीर्णता** शीर्षकको हाइकुमा नेपाल सरकारले हरेक वर्ष बजेटको ठूलो हिस्सा एउटै योजनामा खर्च गरिरहेको तर त्यसको उपलब्धी शुन्य रहँदा पनि सरकार बजेट विनियोजन गर्न नछोड्नु सरकारको अदूरदर्शिता र कमजोरी पक्षलाई देखाइएको छ । **रामबाबु** शीर्षकको हाइकुमा नेपाली साहित्यका होनाहार व्यक्तित्वको रूपमा रामबाबु घिमिरेको साहित्यिक

योगदाननलाई स्मरण गरिएको छ । संसारको छानो भनेर चिनिने सर्वोच्च शिखर सगरमाथा विदेशी महिलाहरूले सफल आरोहण गरेको परिप्रेक्ष्यमा नेपाली महिलाहरू पनि वीरताको क्षेत्रमा कमी छैनन् भन्ने उदाहरण दिन सफल सगरमाथा आरोही प्रथम नेपाली महिला पासाङ ल्यामु शेर्पालाई साहसी महिलाको रूपमा चिनाइएको छ **वीरङ्गना** शीर्षकको हाइकुमा । कुनै पनि साहित्यिक लेखलाई गुण-दोष सबल-दुर्बल पक्षका आधारमा केलाउने वा समीक्षा गर्ने काम समालोचनामा गरिन्छ । त्यसमा समालोचनाको व्यक्तिगत विचारको प्रभाव परेको हुन्छ भन्ने भाव **समालोचना** शीर्षकको हाइकुमा पाइन्छ । शीलस्वभाव नभएकी छोरी र घमण्डी आमा-बाबु भएमा घरको वातावरण अस्वस्थ्य हुन्छ भन्ने कुरालाई **विग्रह** शीर्षकको हाइकुमा देख्न सकिन्छ । अरूलाई इज्जत गरेमा मात्र आफूले इज्जत, मान, सम्मान पाउन सकिन्छ भन्दै अरूलाई वेवास्था गरी नामको पछाडि दौडन खोज्नेहरूलाई व्यङ्ग्य प्रस्तुत गरिएको छ **अर्ती** शीर्षकको हाइकुमा भने साहित्यको एउटा छुट्टै विधाको रूपमा विकसित हुन लागेको गजलको रसपानले मनलाई आनन्दित र पुलकित पार्छ भन्ने विषयलाई समेटिएको छ **यात्रा** शीर्षकको गजलमा । ज्ञान विवेकको खानी धर्तीका सर्वश्रेष्ठ मानवहरू मिलेर बसोबास गर्नु पर्नेमा समाजमा तँछाड-मछाड, तँ ठूलो कि म ठूलो जस्ता नीच भावना लिएर उल्टै झगडा गरी समाजमा अशान्ति मच्चाउने मानवको दानवीय प्रवृत्तिलाई **द्वन्द्व** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । बिन्दुमा सिन्धु अटाउन सक्ने नौलो कविताको रूपमा आएको हाइकु रचना गर्ने रचनाकारमा भाषाको ज्ञानको कमी भएर होइन वरु थोरै शब्दबाट विस्तृत अर्थ प्रदान गर्नसक्ने प्रबुद्ध व्यक्ति हुन् भन्ने आशय **सोचाइ** शीर्षकको हाइकुमा व्यक्तिएको पाइन्छ । **खबर** शीर्षकको हाइकुमा शब्दहरूको अनावश्यक प्रयोग गरिएका ठूला रचना कृति बोसे मासुको थुप्रो मात्र हुन् । तिनमा भावभन्दा पनि आकारमात्र अर्थात शब्दहरूको थुप्रो मात्र हुन्छ । तैपनि नगदको खेल खेलेर त्यस्ता व्यक्तिहरू नै प्रज्ञाको तकमा प्राप्त गर्न सफल हुन्छन् भनी साहित्यिक विकृतिलाई औंलाइएको छ । आजकल युवायुवती ड्रक्स, रक्सी जस्ता लागू पदार्थको सेवनमा फसेका छन् । लागू पदार्थको सेवन गर्नुभनेको यमलोकमा चाँढै नै जान्छु भनी वाचा गरे जस्तै हो । यस्ता मानिसहरूको जीवन यात्रा छोटो हुन्छ भन्दै यस्तो व्यवहारबाट टाढा रहन आग्रह गरिएको छ **सही छाप** शीर्षकको हाइकुमा । **कला साधना** शीर्षकको हाइकुमा क्यानभासमा बनाइने चित्रहरूमा कलाकारले प्रकृति, वातावरण र प्राणिको कलात्मक संयोजन गरी वास्तविक जीवनलाई जीवन्त तुल्याउन सक्ने असाधारण क्षमता प्रस्तुत हुन्छ भनिएको छ । लोभ, लालच, इर्श्या,

घमण्ड जस्ता कुराहरू मानिसको अज्ञानताको घोतक हुन् । यस्ता कुराहरूले मानिसलाई पतनतिर लैजान्छ भन्ने ज्ञान अज्ञान शीर्षकको हाइकुले दिएको छ । समय नै **लेखक** शीर्षकको हाइकुमा समय नै मानिसको वास्तविक गुरु हो भनिएको छ भने **राष्ट्रप्रेम** शीर्षकको हाइकुमा नेपाल आँखाको नानी, मुटुको भिल्ली जस्तै प्यारो छ भनी कविले राष्ट्रप्रति स्नेहभाव पोखेका छन् । **चिन्तक** शीर्षकको हाइकुमा सधैँ सत्यको पछाडि लाग्ने मानिसको हरेक व्यवहारमा सफलता पाउन सकिन्छ । सत्मार्गमा हिड्ने मानिसको अनुहारमा सधैँ खुसी देख्न सकिन्छ भनिएको छ । शान्तिका पुजारी गौतम बुद्धको देश नेपालमा अशान्ति, द्वन्द्वले गर्दा नेपाली जनताहरू सुख शान्तिले बाँच्न नसकेको अवस्थाको चित्रण छ **वर्तमान** शीर्षकको हाइकुमा । **कवि** शीर्षकको हाइकुमा  कविहरू निच्छल स्वभावका हुन्छन् । त्यस्ता व्यक्तिका रचनाहरूले यस जगमा दिगो प्रभाव पार्न सक्छन् र धर्तीलाई आलोकमय पारिदिन्छन् भन्ने विचार प्रकट गरेको छ । देशले विदेशी दातृसंस्थाहरूसँग गरीब जनताहरूलाई ढाल बनाएर सजिलैसँग भीख मागे तापनि नेपाली गरिब जनताको अवस्थामा कुनै परिवर्तन नभएको अवस्थालाई **दरिद्रता** शीर्षकको हाइकुमा समेटिएको छ । **प्रतिक्रिया** शीर्षकको हाइकुमा घुस नखाने सच्चा कर्मचारीहरूको आर्थिक अवस्था कमजोर र दयनीय हुन्छ भन्दै सरकारले कर्मचारीहरूको जीवन धान्न सक्ने तलब सुविधा उपलब्ध गराउनुपर्छ भन्ने मान्यतालाई अगाडि सारिएको छ । विवाहित पुरुष भएर पनि परस्त्रीप्रति आसक्ति बढाउँछ भने त्यो पुरुष खोटो सिक्का जस्तै समाजमा मूल्यहिन र नीच ठहर्छ भन्ने भावनालाई बुझाइएको छ **खोटो सिक्का** शीर्षकको हाइकुले । एक्काइसौं शताब्दीमा आइपुग्दा समेत देशले विकासको गति लिन नसकेकोले नेपालको द्रुत विकासका लागि आवश्यक स्रोतहरू पहिल्याएर अगाडि बढ्न सके देशको भविष्य समुज्ज्वल हुनसक्छ भन्ने विचार **आवश्यकता** शीर्षकमा पाउन सकिन्छ । धन भनेको हातको मैला हो त्यसैले धनमाथि मनबढाउनु बेकार छ भन्ने सुझाव **हातको मैला** शीर्षकको हाइकुले दिएको छ । **बिहानी** शीर्षकको हाइकुमा बालककाल भविष्यका लागि दक्ष र योग्य व्यक्ति निर्माणको जग बसाल्ने मृगतृष्णा हो तर अनुकूल वातावरण नभएमा कालान्तरमा त्यो सम्भव नहुन पनि सक्छ । तसर्थ बालबालिकालाई असल संस्कार प्रदान गरी सत्मार्ग देखाउनु पर्छ भन्ने भाव पाउन सकिन्छ । जीवन जगतको यथार्थ चित्रण गर्दै जिवन्त तुल्याउन सक्ने क्षमतावान् व्यक्तिका रूपमा कथा रचनाकारलाई चिनाइएको छ **कथाकार** शीर्षकको हाइकुमा । हरेक जातजातिको आफ्नै अस्थित्व रहेको हुन्छ । हाम्रो देश नेपाल विभिन्न जातजाति, भाषाभाषी

र संस्कृतिको संगम हो । परापूर्व कालदेखि नै अनेकतामा एकता हाम्रो गौरव बन्दै आएको छ भन्ने पुरानो इतिहासदेखिको सम्बन्धलाई जातीय **गौरव** शीर्षकको हाइकुले व्यक्त गरेको छ । सर्वग्राह्य असल सिक्का जस्तै गुण भएमा प्रेमी-प्रेमिकाको सम्बन्ध कालजयी बन्न सक्छ भन्ने विचार **सच्चा प्रेम** शीर्षकको हाइकुले बोकेको छ । **याद** शीर्षकको हाइकुमा अस्थिर मन हुँदा विगतका क्षणहरू स्मरण गर्दै एकान्तमा रमाउनु बाहेक उपलब्धी शून्य हुने भाव पोखिएको छ । देशमा प्रजातन्त्र वा गणतन्त्र आउनु अघि आन्दोलन, नारा, जुलुस गरिएको तर जनताले चाहेअनुसारको उज्यालो अथवा उपलब्धी प्राप्त हुन नसकेको भाव र कविको परिवर्तनको चाहना **परिणति** शीर्षकको हाइकुमा देख्न सकिन्छ । **अन्तिम लक्ष्य** शीर्षकको हाइकुमा यस धर्तीमा हजारौं युवतीहरू भए तापनि आखिर मनले चाहेको वा स्वीकारेको तिमी मात्र एक हौ भनी चोखो प्रेमभाव व्यक्त भएको पाउन सकिन्छ । देशमा भएको जनयुद्धको समयमा धेरै जन धनको क्षति भयो । सशस्त्र युद्धका कारण देशमा रगतको खोला बग्यो । देशमा अशान्तिको आगो दन्क्यो । जनताले स्वतन्त्रताको अनुभूति गर्न सकेनन् । जनताको यही दु:ख चिन्ताभाव, त्रासदीपूर्ण अवस्थाको सङ्केत **रोग** शीर्षकको हाइकुमा पाइन्छ । **करुणा** शीर्षकको हाइकुमा देश द्वन्द्वको विभीषिकाको दलदलमा फसेकोले देशलाई जोगाउन सबै जनता जागरुक हुनुपर्ने विचार रहेको छ । माओवादी जनयुद्धको दश वर्षको समयमा देशमा भएका संरचनाहरू पनि ध्वस्त भए । विकास निर्माणका कामहरू ठप्प हुन पुगे । देश झन्झन् गरिबीको खाडलमा पर्‍यो । त्यही अवस्थाको चित्रण गर्दै शान्ति ल्याउन आग्रह गरिएको छ **आग्रह** शीर्षकको हाइकुमा । **चिन्ता** शीर्षकको हाइकुमा विद्युतीय प्रविधिको अत्याधिक प्रयोगले गर्दा मानिसको मौलिकपनमा ह्रास आएको भाव व्यक्त भएको छ भने मायालुको हेराइले मनमा असीमित चाहहरू विकसित भएको विचारलाई **प्यास** शीर्षकको हाइकुमा प्रस्तुत गरिएको छ । पश्चिमी शैलीको देखासिकीले नेपाली समाजमा विकृति भित्रिएको विचार **विकृति** शीर्षकको हाइकुमा रहेको छ । **आलस्य** शीर्षकको हाइकुले परिश्रम नै भगवान्को पूजा हो त्यसैले परिश्रमी व्यक्ति खानाले कहिल्यै मर्दैन तर अल्छीहरूले घरमै भएको अन्न पनि झिकेर खान सक्दैनन् भन्दै स्वदेशमै रोजगारको संभावना हुँदा हुँदै विदेशतिर धाउने हामी नेपालीको अज्ञानतालाई प्रकट गरेको छ । **कालो रात** शीर्षकको हाइकुमा वि. सं. २०५८ साल जेठ १९ गते भएको राजदरवार हत्याकाण्डले नेपाली जनता शोकाकुल भएको अवस्थालाई देखाइएको छ । **उपदेश** शीर्षकको हाइकुले प्रमत्त भएर कोही पनि हाँस्नुहुन्न अर्थात अति भएपछि खति हुन सक्छ तसर्थ संयमित भएर

काम गर्नुपर्छ र कसैको माया पाएर धेरै फुर्किनु हुँदैन भन्ने आशय झल्काएको छ । आजकल बजार क्षेत्रमा देखिएको युवायुवतीहरूको फेसन र विकृतिलाई **जमाना** शीर्षकको हाइकुले देखाएको छ । अर्थपूर्ण शब्दहरू चुनीचुनी लेखिएका लेखकका कृतिहरू उत्कृष्ट र सुन्दर फूलका माला हुन् भन्ने विचार **सिर्जना** शीर्षकको हाइकुमा रहेको छ । **सृष्टिसूत्र** शीर्षकको हाइकुमा युवा-युवतीको आकर्षण र मेलमिलापबाट नै सुन्दर भविष्यको कल्पना गर्न सकिन्छ भनिएको छ । देशको विकास हुन्छ कि भन्ने आशामा जुन पार्टीलाई सत्तामा पुऱ्याए पनि कसैले पनि जनचाहना अनुरूप काम गर्न नसकेको भाव **यथास्थिति** शीर्षकको हाइकुमा पाइन्छ । **नशा** शीर्षकको हाइकुमा प्रेमिका र रक्सी दुवैको स्वभाव मोहनी लगाई फसाउने एउटै गुण भएका वस्तु हुन् भनिएको छ । सहनशीलता नै नारीको दोस्रो रूप हो जसमा नारीको शक्ति र सौन्दर्य पाउन सकिन्छ भन्ने विषयलाई नारी **सौन्दर्य** शीर्षकको हाइकुमा देखाइएको छ भने नेपालीहरू जन्मदैमा ऋणको भारी बोकेर आएका हुन्छन् भन्दै नेपालीहरूको गरिबी अवस्थाको चित्रण **ऋणवृत्ति** शीर्षकको हाइकुमा पाइन्छ । २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको प्राप्तिपछि पनि देशमा शान्ति र दिगो विकास हुन नसकेको साथै बाढी पैह्रो अनि माओवादीको जनआन्दोलनका कारण घरवारविहीन भई विस्थापित हुन परेको कारुणिक अवस्थालाई **दिव्यता** शीर्षकको हाइकुमा देखाइएको छ । एउटै विचार, समान उद्देश्य र दुःख सुखमा समान भाव राख्ने व्यक्तिहरूको मित्रता नै अविछिन्न रूपमा अगाडि बढ्छ अनि विश्वासिलो पनि हुन्छ भन्ने तथ्यलाई **घनिष्ट मित्र** शीर्षकको हाइकुले व्यक्त गरेको छ । **यौवन** शीर्षकको हाइकुमा वैंशले ढलपल भएका युवायुवतीहरूको लच्किएको हिडाइले अरूलाई आकर्षित गर्दछ भन्ने भावको प्रस्तुति पाइन्छ । **स्वतन्त्रता** शीर्षकको हाइकुमा प्रजातन्त्र प्राप्तिका निम्ति सङ्घर्ष गर्ने जुठे बिर्खे जस्ता कयौं गरिब निमुखा जनताहरू प्रजातन्त्र आएपछि पनि आफ्नो हक अधिकारबाट बञ्चित हुनु परेको, हेपिनु परेको र खाना लाउन समेत धौधौ परेको पीडादायी अवस्थाको प्रस्तुति रहेको छ । देखावटी रूपमा गरिब, शोषित जनताको वकालत गर्दै आफूलाई सर्वहारा वर्गको नेता भन्दै हिड्नेहरू नै अकुत सम्पत्तिका भोगी बन्न पुगेकाहरूको मनोवृत्तिलाई **अर्थयुग** शीर्षकको हाइकुमा व्यक्त गरिएको छ भने आफ्नो राष्ट्रको ऋण, महान व्यक्तिको उपदेश र मित्रले लगाएको गुणलाई जीवनमा कहिल्यैपनि नविर्सन **कर्तव्य** शीर्षकको हाइकुमा आग्रह गरिएको छ । चाडपर्व मनाउने नाउँमा जुवा-तास खेल्ने जाँड-रक्सी खाने, सम्पत्तिको प्रदर्शन र दुरूपयोग गर्ने कुप्रवृतिले संस्कृतिका धरोहर दशैं तिहारमा विकृति भित्रिएको पीडा

भाव व्यक्त गर्दै यी पर्वहरू आपसी मेलमलाप र सौहाद्र वातावरणमा मनाउनु पर्ने कुरालाई **कुप्रथा** शीर्षकको हाइकुमा जोड दिइएको छ । गुरु, माता, पिता नै ईश्वरका साक्षात् रूप हुन्, तिनलाई सधैं आदर र सम्मान गर्नुपर्छ भन्ने वेदको सुक्तिलाई **वेदवाणी** शीर्षकको हाइकुमा उल्लेख  गरिएको छ । सधैं जनतालाई भऱ्याङ बनाएर मन्त्रीको कुर्चीमा (सत्ता) मा पुग्ने खेल खेल्ने दुष्ट नेताहरूको चरित्रलाई **निर्वाचन** शीर्षकको हाइकुमा देख्न सकिन्छ भने नदीको पानी र जवानी दुबै एकै हुन् जुन एक पटक आउँछ बारबार दोहोरिंदैन, गएपछि कहिल्यै फर्किंदैन । तसर्थ समयको सदुपयोग गर्नुपर्छ भन्दै ‘मौका आउँछ पर्खिंदैन, बगेको खोला  फर्किंदैन’ भन्ने उखानलाई **नदी** शीर्षकको हाइकुले चरितार्थ गरेको छ । आजकालका मानिसहरू आधुनिकताका नाउँमा आफ्नो इज्जत प्रतिष्ठाको ख्यालै नगरी ढर्रामा रमाउने र नग्न शरीरको प्रदर्शन गर्दै आफूलाई फेसनको पारखी देखाउन उद्यत् बनेका छन् भन्ने कुरालाई **सभ्यता** शीर्षकको हाइकुमा देखाइएको छ । माओवादी जनआन्दोलनको समयमा देशमा सङ्कटकाल घोषण गरी कर्फ्यू समेत लगाइएको थियो । त्यस्तो प्रतिकूल समयमा आपसी समझदारी भाइचारा र बन्धुत्वको भावना जगाउने तिहारको देउसी भैलो जस्ता क्रियाकलाप गरेर संस्कृतिको संरक्षण गर्न कठिन भएको परिस्थितिको चित्रण **निषेधाज्ञा** शीर्षकको हाइकुमा पाउन सकिन्छ । **बैंस** शीर्षकको हाइकुमा युवतीको सुन्दरताले कान्छा जस्ता यौवनावस्थाका युवकहरूलाई लठ्याउने र पागल बनाउने सत्यलाई देखाउँदै यौन, प्रणयका भाव समेत व्यक्त भएको छ । **पपलहर** शीर्षकको हाइकुमा सुमधुर लोक संस्कृतिलाई बिर्सिएर गाउँदा गला र सुन्दा कानै खिराउने शैलीमा पपगीत गाउनतिर आकर्षण बढेकोप्रति चिन्ता भाव प्रकट गरिएको छ भने समाजमा मै हुँ भन्ने बुद्धिजीवीमा पनि अर्काको प्रगति र उन्नतिमा रिस गर्ने, खुट्टा तान्ने जस्तो नीच प्रवृति रहेको भाव **साँघुरोपन** हाइकुमा देखाइएको छ । धर्मको नाउँमा अधर्म गर्ने आशाराम वापु जस्ता यौन हिंसामा लिप्त अश्लील र गनाएको चरित्रलाई गेरुवस्त्रले ढाकेर हिड्ने धार्मिक गुरुहरूलाई **छद्मभेष** शीर्षकको हाइकुले सङ्केत गरेको छ र **आदर्श मन** शीर्षकको हाइकुमा आदर्शका कुरा गर्ने अनि व्यवहारमा नउतार्ने हो भने त्यसको कुनै तुक रहँदैन भनिएको छ । घरमा मुखमा लाउने माड समेत नभएका कमजोर आर्थिक अवस्थाका मानिसहरू बाहिर समाजमा रवाफ देखाउँदै ठाँटिएर अरूलाई भ्रममा पार्नेहरूप्रति लक्षित गरिएको छ **आडम्बर** शीर्षकको हाइकुमा । **नासो** शीर्षकको हाइकुमा तीज अर्थात् हरितालिका हिन्दु नेपालीहरूको महान् चाडलाई निरन्तरता दिइरहन दिदीबहिनीहरूलाई  अनुरोध गरिएको छ । गिर्दो मानसिकताले

वास गरेपछि भविष्यमा शून्य उपलब्धी बाहेक उन्नति-प्रगति होला भनी आश गर्नु बेकार छ भन्ने भाव **सम्प्राप्ति** शीर्षकको हाइकुमा देख्न सकिन्छ । **माग** शीर्षकको हाइकुमा विश्वका अन्य विकसित मुलुकहरूसँग प्रतिस्पर्धा गर्न सक्ने स्तरीय शिक्षा नै आजको आवश्यकता बनेको भाव पोखिएको छ भने **शङ्का** शीर्षकको हाइकुमा नेपाल र नेपालीको एकता, धार्मिक सहिष्णुतामाथि विखण्डन आएर कतै जातिययुद्ध हुने त होइन भन्ने चिन्ता रहेको छ । **अनुरोध** शीर्षकको हाइकुले देशमा क्रान्तिकारी परिवर्तन टाढा छैन निकट भविष्यमा नै आउँदैछ भन्ने सङ्केत गरेको छ भने **अखबार** शीर्षकको हाइकुमा राष्ट्रको चौथो अङ्गको रूपमा रहेका सञ्चारका माध्यमहरूले सही, सत्य र ताजा समाचारहरू सम्प्रेषण गर्नुपर्छ भन्ने भाव रहेको छ । प्रकृतिले सिर्जना गरेका हरचिजहरू आफैं सुन्दर हुन्छन् । तिनलाई रङरोगन गरेर सिंगारिरहनु आवश्यक छैन भन्ने रहस्यलाई **रचना** शीर्षकको हाइकुमा उद्घाटन गरिएको छ । अशान्त मनले चौरासी व्यञ्जन खानुभन्दा आनन्द मनले सच्चा कमाइ गरेर गुन्द्रुक र ढिंडो खानुमा नै सन्तुष्टि प्राप्त हुन्छ अनि त्यो अमृत समान पनि हुन्छ भन्ने विचार **श्रम** शीर्षकको हाइकुमा पाउन सकिन्छ । नाम लक्ष्मीप्रसाद भए पनि देवकोटा धनका मालिक बन्न नसकेका तर काव्य साधनाका धनी हुन पुगेकाले उनको जीवनमा नाम र काममा विपरीत सम्बन्ध भएको भाव **विपर्यय** शीर्षकको हाइकुमा पाइन्छ । **कौमार्य** शीर्षकको हाइकुमा जीवनको सुन्दरतालाई बचाइराख्नु पर्छ र इज्जतमा दाग लाग्न दिनुहुँदैन भन्ने भाव पाइन्छ भने **चञ्चलता** शीर्षकको हाइकुमा वैंसले तिर्खाएका युवायुवतीहरू विचारले परिपक्व हुन नपाउँदै प्रेममा अन्धो बनी प्रेमबन्धनमा बाँधिन्छन् अनि कच्चा प्रेम सम्बन्धका कारण भविष्यमा पश्चात्ताप गर्न पुग्छन् भनिएको छ । मानिसमा निस्वार्थ सामाजिक भावना हुनुपर्छ जसले मानव हुनुको सार्थकता झल्काउँछ, इज्जत बढाउँछ तर स्वार्थी स्वभावले मानिसलाई विनासको बाटोतिर लैजान्छ भन्ने भाव **अधोगति** शीर्षकको हाइकुमा भेटिन्छ । सहित्यकार माधवप्रसाद घिमिरे राष्ट्रकविको उपाधि प्राप्त गर्न लायक नेपाली साहित्यिक प्रतिभा हुन् । तिनलाई सदा सम्मान गर्नुपर्छ भन्ने विचार **माधव घिमिरे** शीर्षकको हाइकुमा व्यक्त भएको पाइन्छ भने एक्काइसौं शताब्दीका मानिसमा समयानुकुल विचार हुनुपर्नेमा उही पुरानै सङ्कुचित विचार र मपाईंत्वको दम्भ पाल्नु प्रगतिको बाधक तत्त्व हो भनी समायानुसार चल्न **बेमेल** शीर्षकको हाइकुले सुझाएको छ । **क्याक्टस** शीर्षकको हाइकुले अनावश्यक हङ्कार देखाई भएनभएका कुरा गरी आफूलाई बर्बादीतिर लैजान नहुने विचार राखेको छ भने नारीहरूको मुस्कान सहितको सहयोगले जस्तोसुकै

समस्यामा पनि निडर भएर लड्ने शक्ति प्रदान गर्छ भन्ने विचार **प्रेरणा** शीर्षकको हाइकुले व्यक्त गरेको छ । असल विचार अर्थात सकरात्मक सोच राखेर परिश्रम गर्दा सफलता हात लाग्ने सत्यतालाई **सुविचार** शीर्षकको हाइकुले व्यक्त गरेको छ । **सम्झना** शीर्षकको हाइकुमा आफूले चाहेको सबै कुरा प्राप्त हुन सम्भव छैन । कतिपय कुरालाई दिलभित्र सजाएर राख्नु बाहेक प्रत्यक्ष खोज्नु दिवा सपना मात्रै हुन्छ भन्ने भावलाई व्यक्त गरेको छ । विनयशील, नम्र बोलिवचन भएको अनि अहङ्कार घमण्ड, द्वेष जस्ता तत्त्वहरूबाट पर हट्ने व्यक्ति नै सबैको प्यारो बन्छ भन्ने विचार ज्ञानि शीर्षकको हाइकुमा भेटिन्छ । **विश्वयात्रा** शीर्षकको हाइकुमा विश्वशान्तिको कामना गर्दै साइकलमा विश्वको धेरैभन्दा धेरै देश भ्रमण गर्ने पुष्कर शाहलाई स्मरण गरिएको पाइन्छ अनि **स्वपरिवर्तन** शीर्षकको हाइकुमा अरूलाई परिवर्तन गर्न पहिले आफूबाटै सुरु गर्नुपर्छ । त्यसका लागि शुभभाव, दृढ सङ्कल्प, आत्मविश्वास हुनुपर्छ भनिएको छ । युद्ध कसैलाई प्यारो लाग्दैन । शान्तिले नै सुख दिन्छ । त्यसैले युद्धलाई सदाको लागि बन्द गर्नुपर्छ भन्ने धारणा **अनुभूति** शीर्षकको हाइकुमा रहेको छ । हरेक क्षेत्रमा देखिएको विकृति, विसङ्गति, हत्या, हिंसा आदिले सुन्दर, शान्त देश नेपाललाई अशान्त र कुरूप बनाएको स्थितिलाई **गल्ली** शीर्षकको हाइकुमा देखाइएको छ । मानिसभित्र रहेको ज्ञानलाई विज्ञानसँग जोड्न सकेमा मानिसको जीवन सार्थक हुने विषयलाई **प्रज्ञान** शीर्षकको हाइकुले उठाएको छ । ईश्वरको सृष्टिमा इमानदार मानिस नै सर्वोकृष्ट र मूल्यवान कृति हो भन्ने अर्थ **जीवन** शीर्षकको हाइकुमा पाइन्छ । विदेशी मैदानमा भोका नेपाली खेलाडीलाई प्रतिष्पर्धामा उतारेर खेलजगत उँभो लाग्न सक्दैन । खेलमा उन्नति गर्न स्वदेशमै अभ्यास गर्ने मापदण्ड पुगेका खेल मैदान, आवश्यक प्रशिक्षण र खेलाडीको मनोबल उकास्ने वातावरणको सिर्जना गर्नुपर्छ भन्ने तर्क **खेलकुद** शीर्षकको हाइकुले राखेको छ । असल चरित्र नै मानिसको सबैभन्दा मूल्यवान गहना हो भन्ने विचार **आभूषण** शीर्षकको हाइकुमा रहेको छ भने हातमा सीप भएको मानिस बेरोजगार बन्नुपर्दैन त्यसैले सीप नै गरिबको जीवन निर्वाह गर्ने अमुल्य सम्पत्ति हो भनिएको छ **योग्यता** शीर्षकको हाइकुमा । **समर्पण** शीर्षकको हाइकुमा यो ११७ ओटा गजल गुँथिएको **विमल-दर्पण** (हाइकुसङ्ग्रह) साहित्यअनुरागी साहित्यकार अनि पाठकहरूप्रति सच्चा अर्पण गरिएको व्यहोरा लेखक स्वयंले व्यक्त गरेका छन् भने **आस्था** शीर्षकको हाइकुमा काम नै नगरिकन फल खान खोज्नु असम्भव हुन्छ सबैलाई आ-आफ्नो कर्ममा दत्त-चित्त भएर लाग्न समेत अनुरोध गरिएको छ ।

### ५.५.४ व्यङ्ग्यात्मकता

विमलप्रकाश देवकोटा नेपाली समाजमा सचेत र प्रगतिशील विचार राख्ने व्यक्ति हुन् । उनले नेपालको पञ्चायती व्यवस्थाको उत्तर कालखण्ड र वि.सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्र प्राप्तिका लागि गरिएका जनआन्दोलन र त्यसपछिका माओवादीको दश बर्षे जनयुद्धका साथै राजदरबार हत्याकाण्ड जस्ता इतिहासलाई जान्ने र बुझ्ने अवसर प्राप्त गरेका छन् । देवकोटाका हाइकुहरूले तत्कालिन राज्यव्यवस्थाका शासक, जनता र सामाजिक अवस्थाका त्रिपक्षीय सम्बन्धको कहाली लाग्दो अनि विकृत अवस्थामाथि व्यङ्ग्य तथा चिन्ता प्रस्तुत गरेका छन् । उनी देखे भोगेका कुरा व्यक्त गर्न नडराउने निडर छन् । साहित्यिक कृतिका माध्यमबाट समाजका विकृति र विसङ्गतिप्रति आलोचना र असन्तुष्टिलाई व्यङ्ग्यात्मक ढङ्गबाट व्यक्त गर्दछन् । उनको यस सङ्ग्रहका केही व्यङ्ग्यात्मक हाइकुका उदाहरण यसरी उल्लेख गर्न सकिन्छ ।

| **समाज सेवा** | **आकाङ्क्षा** |
|---|---|
| राष्ट्रको हित | ढाँट र छल |
| भोट किनेर जित | यो निरङ्कुश बानी |
| यहाँको रीत (पृ. सं. २२) | कुर्चीको लागि (पृ. सं. २३) |

| **नेता** | **जागिर** |
|---|---|
| कुर्चीको मोह | नेपाली जागिर |
| राजनैतिक नेता | राजनैतिक नियुक्ति |
| रोगी मस्तिष्क (पृ. सं. २३) | खल्तीको मान्छे (पृ. सं. २५) |

| **रीति** | **राजनीति** |
|---|---|
| योजना कालो | यो राजनीति |
| विदेशीको योग्यता | सत्ताप्राप्तिको दौड |
| मन्त्रीको सालो (पृ. सं.२९) | यौटै गन्तव्य (पृ. सं.३२) |

| | |
|---|---|
| **मिज्जू** | **शान्तिको चाह** |
| किर्ना र जुका | बाघ र बाख्रा |
| मिल्दोजुल्दो चरित्र | एउटै खोरभित्र |
| चोर र नेता ! (पृ. सं.३४) | शान्ति याचना ! (पृ. सं. ४२) |

प्रस्तुत उदाहरणमा दिइएका हाइकुहरूमा अघिल्ला तथा वर्तमान राजनीतिक अवस्थाको चित्रण एवं व्यङ्ग्यभाव रहेको पाइन्छ । नेपालमा राजनीतिक परिवर्तनका नाममा ठूला-ठूला आन्दोलनहरू भए तर ती आन्दोलनको मर्मअनुसार सही रूपमा सफलता भने प्राप्त हुन सकेको छैन । आन्दोलनले एउटा व्यक्तिलाई सत्ताबाट हटाएर अर्को व्यक्तिलाई सत्तासम्म पुऱ्याउने काम गऱ्यो तर जनताको पक्षमा काम गर्ने मानिसको पहिचान भने पूरा गर्न सकेन । यसले शासनको नाम परिवर्तन गर्न सक्यो तर नातावाद, कृपावाद, चाकडी र चाप्लुसीको प्रवृतिलाई भने परिवर्तन गर्न सकेन । देशलाई अशान्त पार्दै द्वन्द्वको बीचबाट सत्तामा पुगेका नेताहरू आफ्नै स्वार्थमा लागे । जनतालाई भऱ्याङ बनाएर कुर्चीमा पुगेका नेताहरू अयोग्य भएपनि आफ्नै साला, साली, नाता गोताहरूलाई जागिर खुवाउन व्यस्त भए । देशलाई चुसेर आफ्नै भूँडी भरे तर देशको धनी र गरीव, शोषक र शोषित बीचको खाडल पुर्नुभन्दा बढाउनमा व्यस्त बने । यसरी नेताको स्वार्थी प्रवृति र क्रियाकलापप्रतिको व्यङ्ग्य भावलाई देवकोटाका हाइकुहरूले सटीक तरिकाले प्रस्तुत गरेका छन् ।

### ५.५.५ देश, काल र परिस्थितिको चित्रण

हाइकुकार विमलप्रकाश देवकोटाका हाइकुमा नेपालको बहुदलीय प्रजातान्त्रिक शासन देखि माओवादी जनयुद्ध र राजा ज्ञानेन्द्रको शासनसम्मको अवधिमा देशले भोग्नु परेको पीडा, जनताको आशा निराशामा परिवर्तन भएको अवस्था, गरीवी, अशान्ति जस्ता विषयलाई प्रस्तुत गरिएको छ । समाज र राजनीतिमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै नेपाली जनताले झल्काएको राष्ट्रप्रेमको भावनालाई समेत यी हाइकुसङ्ग्रहमा प्रस्तुत गरिएको छ । दश वर्षे जनयुद्धका कारण नेपाल र नेपालीले भोग्नु परेको पीडा, देशको शान्ति सुरक्षामा पुगेको असर र बदलिँदो परिस्थितिले सिर्जना गरेको अन्योलको अवस्थालाई समेत प्रस्तुत गरिएको छ । त्यस्तै कुनै हाइकुमा जनयुद्धकै कारण काम गर्न

नपाएको र भोक भोकै बस्नुपरेको बाध्यता, देशका कयौँ व्यक्तिको रगतको खोला बगेको कहालीलाग्दो अवस्थाको संस्मरण गर्दै जनताको चाहना पूरा गर्न नसक्ने नेताहरूप्रति वितृष्णाको भाव छ भने कुनै हाइकुमा जनयुद्धले निम्त्याएको पीडाप्रति विरोध पनि पाइन्छ । सरकार र आन्दोलनरत बीचको द्वन्द्वमा सोझा साझा जनताले खेप्नु परेको सास्तीलाई पनि देवकोटाका कतिपय हाइकुले प्रस्तुत गरेका छन् । यी भावहरूको पुष्टिका लागि उनका केही हाइकुहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

**पीडा**
शान्तिकामना
जनता जनार्दन
मौसमी खेती (पृ. सं.२८)

**युद्ध**
कस्तो दुर्भाग्य
ह्वार्र ह्वार्र बलेछ
शान्ति ढलेछ (पृ. सं.२०)

**भोगाइ**
क्या प्रजातन्त्र !
न सुर छ न ताल
यो संकटकाल (पृ. सं.३३)

**सन्त्रास**
अनौठो छ भोक
थाल खाऊँ कि भात खाउँ
दोहोरो कर्फ्यू (पृ. सं.३३)

**वार्ता**
स्थायी भावना
नेपालीको चाहना
शान्ति कामना (पृ. सं.३४)

**वर्तमान**
बुद्धको देश
शान्तिको खडेरी भो
व्याकुल मान्छे ! (पृ. सं. ४७)

**परिणति**
म रोइरहें
रातभर हुरी चल्यो
शान्ति फर्केन ! (पृ.५०)

**रोग**
सधैंको चिन्ता
देशैभरि रगत
रिंगटा लाग्यो ! (पृ. सं. ५०)

माथि प्रस्तुत गरिएका हाइकुका माध्यमद्वारा देश काल र परिस्थितिको चित्रण गरिएको छ । बुद्धको जन्मभूमि जहाँ अशान्त बनेको छ यो पटक्कै नसुहाउने कुरा हो ।

जनयुद्धको कारणले जनताले सास्ती भोग्न परेको पीडा र देशमा शान्तिको कामनाको भाव प्रस्तुत हाइकुले व्यक्त गरेका छन् । युद्धलाई त्यागेर राष्ट्र निर्माणमा समर्पित हुन र देशलाई माया गर्न आग्रह समेत गरिएको छ ।

## ५.५.६ विविध

प्रस्तुत विमलप्रकाश देवकोटाका हाइकुमा विषयगत विविधता पाउन सकिन्छ । दार्शनिक चेतना, विभिन्न साहित्यकार तथा साहित्यप्रतिको दृष्टिकोण, शृङ्गारिकता, प्रेम-प्रणय, जीवन र जगत्का शाश्वत विविध विषय र सन्दर्भलाई समेत हाइकुमा समेटिएको पाइन्छ । यसको पुष्टिका लागि केही उदाहरण प्रस्तुत गरिएको छ ।

**अ. साहित्यकार सम्बन्धी केही हाइकुहरू**

**गौरव**

असाधारण
धर्तीको पारिजात
नारी प्रतिभा ! (पृ.३६)

**श्रद्धा**

ती महाकवि
बहुमुखी प्रतिभा
मुना र मदन (पृ.३६)

**रामबाबु**

शिवको लीला
नलेख्नु पर्ने कुरा
घिमिरे कान्छा ! (पृ.४४)

**विपर्यय**

लक्ष्मीप्रसाद
विपरीत सम्बन्ध
काव्य साधना (पृ.५९)

**माधव घिमिरे**

ती राष्ट्रकवि
प्रतिभा पुरस्कार
अभिनन्दन (पृ. ५९)

**आ. प्रेम-प्रणय सम्बन्धी केही हाइकुहरू**

**माया**

कोमल तन
नसालु ती नजर
घायल मन (पृ.२१)

**सहचरी**

बालमञ्जरी
अँधेरी र उजेली
मेरी श्रीमती (पृ.२३)

**सुहागरात**

सुहागरात
प्रेमिकाको आकांक्षा
वंश निशानी (पृ.२४)

**दृष्टि**

क्या राम्रो बानी

सोह्रवर्षे जवानी

चुल्बुले नानी (पृ.३७)

**यौवन**

मोहनी रूप

नागबेली हिंडाइ

बैंसको धूप (पृ.५४)

**बैंस**

के विधि राम्री

बिचरा त्यो कान्छाको

फ्यूजै उडेछ (पृ.५६)

## इ. सामाजिक विकृति सम्बन्धी हाइकुहरू

**संगीत**

क्या पप सङ्गीत

मौलिकता बिगार्ने

नयाँ रटना (पृ.३०)

**विसङ्गति**

युवा-युवती

अङ्गको छ प्रदर्शन

पप, ड्रग्स र फेसन (पृ.३१)

**पर्व**

धनीको नशा

दशैँ, तिहार पर्व

दु:खीको दशा (पृ.४३)

**सभ्यता**

नयाँ जमाना

यो मानव सभ्यता

नग्न तस्विर (पृ.५५)

**कुप्रथा**

दशैँ तिहार

सम्पत्ति प्रदर्शन

जुवा र तास (पृ. ५५)

## ई. उपदेशात्मक र राष्ट्रप्रेम सम्बन्धी केही हाइकुहरू

**धर्म**

यो चारधाम

दीन-दु:खीको सेवा

मान्छेको हो काम (पृ.२९)

**वीरता**

हरियो जङ्गल

बलभद्र र अमर

नेपाली भूमि (पृ.३७)

**बुद्धत्व**

शान्ति अहिंसा

दैविक चमत्कार

बुद्धको सार ! (पृ.४३)

**राष्ट्रप्रेम**

आँखाको नानी

यो मुटुको स्पन्दन

मेरो नेपाल (पृ.४७)

**कर्तव्य**

राष्ट्रको ऋण

उपदेश र गुन

भुल्नु हुँदैन (पृ. ५४)

**वेदवाणी**

गुरु र ज्ञानी

साक्षात् ईश्वर नै हुन्

माता र पिता (पृ.५५)

**श्रम**

शुद्ध आर्जन

त्यो गुन्द्रुक ढिंडो

आनन्द मन (पृ.५८)

माथिका उदाहरणका आधारमा हाइकुकार देवकोटाले विविध विषयलाई समेटेर हाइकु सिर्जना गरेका छन् भन्न सकिन्छ । उनले भाषा, संस्कृति, देशप्रेम, प्रेमप्रणयका साथै नेपाली समाजमा प्रचलित रहेका लोकोक्तिलाई समेत हाइकुको विषयवस्तु बनाएका छन् । देवकोटाले हाइकुमा प्रकृतिको सुन्दर वातावरणलाई प्रयोग गर्ने ऐतिहासिक मान्यताका विपरीत हाइकुको विषयवस्तु प्रयोगमा विविधता ल्याएका छन् ।

### ५.५.७ निष्कर्ष

हाइकुकार विमलप्रकाश देवकोटाको पहिलो हाइकुसङ्ग्रह **विमल-दर्पण** (२०६०) मा सामाजिक, आर्थिक, राजनीतिक, भाषा, संस्कृति आदि विविध क्षेत्र र राष्ट्रिय सन्दर्भलाई समेटिएको छ र धक फुकाएर विकृति र विसङ्गतिमाथि व्यङ्ग्य समेत गरिएको छ । उनका हाइकुमा प्रकृति वा मौसमसँग सम्बन्धित शब्द र भाषाको प्रयोग समेत भएको पाइन्छ । देवकोटाले जापानी शैलीको यो हाइकुमा ५ + ७ + ५ को लेखन परम्परालाई आत्मसात् गरे तापनि कतिपय हाइकुहरूमा हलन्त हुन सक्ने संयुक्त अक्षरहरूलाई समेत गणना गरेकोले हाइकु पूर्ण संरचनामा पाइँदैन तथापी त्यसले हाइकुको स्वरूप लिएको पाइन्छ । यथार्थ संसारमा अनेक युगजनित लक्षणहरूद्वारा मानिसले अनुभव गरेका, सोचेका र देखेका घटनाहरूलाई सम्प्रेषण गरी देवकोटाले हाइकुलाई मानवीय विचार र भावना सम्प्रेषण गर्ने अभूतपूर्व माध्यम बनाएको देखिन्छ । नेपालको राजनीतिक वितृष्णाको सन्दर्भलाई प्रस्तुत गरी सत्तासीन नेता र सामाजिक विकृतिप्रति व्यङ्ग्य, राष्ट्रप्रेमको भावना, माओवादीको दशवर्षे जनयुद्धले निम्ताएको देशको वातावरण, प्रेम-प्रणयपरक भावना, विभिन्न साहित्यकारसँग सम्बन्धी हाइकु लेखेर निजी तथा सार्वजनिक विचारलाई उनका हाइकुमा अभिव्यक्त गरिएको पाइन्छ ।

# परिच्छेद : छ

# उपसंहार

# परिच्छेद : छ

# उपसंहार

## ६.१. परिचय

यस परिच्छेदमा साहित्यकार विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्व अध्ययनका सन्दर्भमा अघिल्ला परिच्छेदहरूमा गरिएका अध्ययनको परिच्छेदगत निष्कर्ष र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

## ६.२ पहिल्लो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा विमलप्रकाश देवकोटाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक, शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा शोध शीर्षक, शोधको प्रयोजन, विषय परिचय, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामाग्री सङ्कलन विधि, शोधविधि, शोधपत्रको रूपरेखा समेत उल्लेख गरिएको छ । यसका साथै यस परिच्छेदमा समस्या कथनमा आएका समस्याहरूको समाधान गर्नमा नै यो शोधपत्र केन्द्रित भएको कुरा उल्लेख गरिएको छ ।

## ६.३ दोस्रो परिच्छेदको निष्कर्ष

यो परिच्छेद अन्तर्गत साहित्यकार विमलप्रकाश देवकोटाको जीवनी खण्ड रहेको छ । यो खण्ड  उनको चिनारी खण्ड पनि हो ।  जीवनी शीर्षक अन्तर्गत जन्मस्थान, वंशपरम्परा, बाल्यकाल, शिक्षादीक्षा, विवाह तथा पारिवारिक स्थिति, आर्थिक अवस्था, आजीविका, कार्य क्षेत्रमा प्रवेश र कार्य, साहित्यक लेखनमा प्रवेश र निरन्तरता, साहित्यिक मान्यता, सम्मान र पुरस्कार, रुचि तथा स्वभाव, भ्रमण, दिनचर्या, सुख-दुःखका क्षणहरू र अन्त्यमा निष्कर्ष दिइएको छ ।

## ६.४ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार विमलप्रकाश देवकोटाको बहुआयामिक व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वमा साहित्यिक र साहित्येतर गरी दुई किसमबाट चर्चा गरिएको छ। यसका साथै उनको व्यक्तित्वका विषयमा विभिन्न विद्वान्हरूको दृष्टिकोणलाई समावेश गरिएको छ। उनी हालसम्म आबद्ध रहेका संघसंस्थाको विवरणका साथै उनका फुटकर कविता, गजल, गीत एवं लेखहरूको विवरण समेत उल्लेख गरिएको छ।

## ६.५ चौथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार विमलप्रकाश देवकोटाका साहित्यिक प्रवृत्तिको चर्चा, नेपाली साहित्यमा प्रवेश गर्दाको साहित्यिक विधा र उनको साहित्य यात्राको चरण विभाजन गरी अध्ययन गरिएको छ। यसका साथै उनका साहित्यिक चरणहरूको पुस्तककार कृतिहरूको साहित्यिक विशेषताको समेत चर्चा गरिएको छ।

## ६.६ पाँचौं परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार विमलप्रकाश देवकोटाका प्रकाशित भएका पुस्तकाकार कृतिहरूको सङ्क्षिप्त विश्लेषण गरिएको छ। कृतिहरूको अध्ययन तथा विश्लेषणका लागि साहित्य परिचय दिनुका साथै काव्यिक तत्त्वहरूको चिनारी प्रस्तुत गरिएको छ। यिनै काव्यिक तत्त्वहरूका आधारमा देवकोटाका **पलपलका तलतलहरू** गजलसङ्ग्रह (२०५९), **पलपलका परिमल** गजलसङ्ग्रह (२०६३) र **विमल-दर्पण** हाइकुसङ्ग्रह (२०६०) को सङ्क्षिप्त विश्लेषण गरिएको छ।

## ६.७ छैटौं परिच्छेदको निष्कर्ष

यस छैटौं परिच्छेदमा साहित्यकार विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन अन्तर्गत अध्ययन र विश्लेषण गरिएका प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गर्नुका साथै समग्र निष्कर्ष प्रस्तुत गरिएको छ।

## ६.९ समग्र निष्कर्ष

नेपाली साहित्यको क्षेत्रमा देखा परेका युवा साहित्यकार विमलप्रकाश देवकोटाको जन्म पिता लेखनाथ देवकोटा र माता तोरणकुमारीको दोस्रो सन्तानका रूपमा वि.सं. २०२७ पौष १९ गते नेपालको मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चल चितवन जिल्लाको पटिहानी गा. वि. स. वडा नं. ८ गङ्गनगर (हाल भ.उ.म.न.पा.२८) मा भएको हो । भारद्वाज ऋषिका खलकमा जन्मिएका देवकोटाको राशी 'वृष' हो । माता-पिताको मायालु छत्रछायामा हुर्किएका विमलप्रकाश देवकोटाले बाल्यकाल सुखद पलहरूमै बिताए । मध्यम वर्गीय किसान परिवारमा जन्मिएका देवकोटा २४ वर्षको उमेरमा इन्दिरा घिमिरेसँग विवाह बन्धनमा बाँधिए । हाल छोरा विपिन र छोरी मनिषाका अभिभावक बनेका उनी खुशिसाथ परिवार समालेर बसेका छन् ।

वि.सं. २०३३ मा गङ्गानगर नि.मा.वि. बाट औपचारिक रूपमा अध्ययन सुरु गरेका देवकोटाले एम.ए. सम्मको अध्ययन गरेका छन् । आजीविकाका रूपमा वि.सं. २०५६-२०६१ सम्म जनजागृति उ.मा.वि. पिठुवामा नि.मा.वि. तहको अस्थायी दरबन्दीमा शिक्षण पेसामा कार्यरत विमलप्रकाश देवकोटा वि.सं. २०६१ देखि आफूले शिक्षारम्भ गरेको विद्यालय गङ्गनगर मा.वि. गङ्गा नगरमै मा.वि. तहमा सामाजिक शिक्षा अध्यापन गर्दै आएका छन् । यसका साथै उनी विभिन्न संघ संस्था पटिहानी सामुदायिक पुस्तकालयको आजीवन सदस्य, अभिव्यञ्जना साहित्य प्रतिष्ठानका सचिव, साहित्य संगम चितवनका सदस्य, लक्ष्मी उ.मा.वि. जगतपुरका सल्लाहकार जस्ता विविध क्षेत्रमा आबद्ध भई आफ्नो सक्रिय सहभागिता र सहयोग प्रदान गरिरहेका छन् । उनी विद्यार्थी कालदेखि नै कम्युनिस्ट पार्टीमा आबद्ध भएर विभिन्न तहका समितिमा रहेर सक्रिय राजनीतिक जीवन बिताएका छन् भने अहिले पनि सामाजिक साहित्यिक, राजनैतिक, शैक्षिक क्षेत्रमा त्यत्तिकै सक्रियता देखाइरहेका छन् ।

वि.सं. २०४३ मा 'गरिबको जीवन' शीर्षकको कविता लेखी मा.वि. स्तरीय कविता प्रतियोगितामा प्रथम स्थान प्राप्त गरेपछि र आफ्ना पिता लेखनाथले शास्त्रिय सुन्दर कविता लेखेर वाचन गर्ने कार्यबाट समेत साहित्यमा लाग्न हौसला र प्रेरणा पाएका विमलप्रकाश देवकोटाले थुप्रै कृतिहरू रचना र प्रकाशन गरिसकेका छन् । एक दर्जनभन्दा बढी पत्रिकाहरूमा सम्पादनको भूमिका निर्वाह गरेका र आफ्ना फुटकर लेख रचना समेत

छपाइसकेका देवकोटाका संयुक्त र  एकल गरी आधा दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भइसकेका छन् । उनका संयुक्त लेखनका कृतिहरूलाई छाडेर एकल प्रकाशित कृतिहरूमा **पलपलका तलतलहरू** गजलसङ्ग्रह (२०५९), **विमल-दर्पण** हाइकुसङ्ग्रह (२०६०) र **पलपलका परिमल** गजलसङ्ग्रह (२०६३) गरी तीन ओटा साहित्यिक कृतिहरू प्रकाशित भएका छन् ।

बहुआयमिक व्यक्तित्वका धनी विमलप्रकाश देवकोटाको विशेषतः कविता विधामा दिएको योगदान महत्त्वपूर्ण देखिन्छ । देवकोटाका रचनामा समाजमा व्याप्त विकृति, विसङ्गति, मानवीय जीवनको मूल्यहीनता, ठूला वर्गले निम्सरा वर्गमाथि गर्ने शोषण, दमन अन्याय अत्याचार, रातदिन मजदुरी गर्दा पनि बिहान बेलुकाको छाक टार्न नसक्ने अवस्था, धोका, षड्यन्त्र आदिको विरोध, नेताहरूको मनपरी तन्त्र, जनपक्षीय राज्य व्यवस्थाको स्थापनार्थ प्राणोत्सर्ग गर्ने वीर सहीदहरूको अवमूल्यन, वीर पुर्खाहरूप्रतिको वेवास्ता, सामाजिक दिशाहीनता, नारीहरूको पीडा, हर क्षेत्रमा व्याप्त राजनीतिक विकृति, शोषित पीडित वर्गप्रति सहानुभूति र मानवीय अस्तित्वको खोजी, प्रेम-प्रणय, देशमा शान्तिको चाहना जस्ता विषयवस्तु समेटिएका छन् । सरल, सहज भाषाको प्रयोग गरी मनोरञ्जनात्मक बोली प्रयोगी कविता, गजल आदि रचना गरी देवकोटाले सामाजिक उत्थान गर्ने र चेतना दिने प्रयास गरेको पाइन्छ ।

देवकोटाको साहित्यको यात्राको प्रथम चरण २०४३ सालमा **गरिबको जीवन** कविताका माध्मबाट मा.वि. स्तरीय कविता प्रतियोगितामा सहभागी भएदेखि २०५९ सालमा **पलपलका तलतलहरू** गजलसङ्ग्रह प्रकाशित भएको समयसम्मलाई लिइएको छ । यस चरण उनको सिकारूपन तथा साहित्यतिर उन्मुख भएको अवस्था मान्न सकिन्छ । यसका साथै यस चरणमा राष्ट्रप्रेम, प्रणयचेतना, प्रकृति प्रेम आदि साहित्यिक विशेषता पाइन्छ । त्यस्तै गरी २०६० देखि हालसम्म उनको साहित्यिक यात्राको दोस्रो चरण मानिएको छ । यो चरणमा उनको साहित्यिक यात्रा उर्बर  रहेको देखिन्छ । यस चरणमा उनका **विमल-दर्पण** हाइकुसङ्ग्रह (२०६०), केशवराज आमोदीसँगको सहलेखनमा **गजल-दीपिका** शोधकाव्य, **पलपलका परिमल** गजलसङ्ग्रह (२०६३) र विभिन्न पत्रपत्रिकामा लेख रचनाहरू प्रकाशित भएका देखिन्छन् । परिपक्वता, समसामयिकता, प्रगतिशीलता, परिष्कृतता जस्ता विशेषताहरू यस चरणमा देखिन्छन् ।

उनका गजल र हाइकु सङ्ग्रहको समग्र अध्ययन गर्दा समाजमा व्याप्त विकृति, विसङ्गति, मानवीय जीवनको मूल्यहीनता, ठूला वर्गले सानावर्गमाथि गरेको थिचोमिचो, नेताहरूको अकर्मण्यता, प्रकृतिप्रेम, रातिरागात्मक प्रेम जस्ता विषयहरूको प्रकटीकरण पाइन्छ । यसका साथ साथै देशमा जनयुद्धले निम्त्याएको अशान्ति, असुरक्षा, सत्तासीनहरूको कुकृत्य, नेपाली संस्कृतिप्रतिको माया, साहित्य स्रष्टाप्रति सम्मान जस्ता विषयलाई उठान गरिएको पाइन्छ । ठाउँठाउँमा जनबोली, उखान टुक्कालाई समेत गजल र हाइकुको विषय बनाई नारीप्रति सम्मान भाव, मानवलाई गरिब दुःखीको सेवामा लाग्ने प्रेरणाका साथै मानव समुदायले आफूले आफैंलाई परिष्कृत गर्दै लगेमा मात्र यो देश समाज सुन्दर बन्न सक्छ भन्ने भाव समेत साहित्यकार देवकोटाले अभिव्यक्त गरेका छन् ।

यसप्रकार समग्रमा यो शोधपत्रका विभिन्न परिच्छेदहरूमा विमलप्रकाश देवकोटाको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूलाई केलाउँदै तिनको सापेक्षतामा उनीद्वारा सिर्जित एवम् प्रकाशित पुस्तककार कृतिहरूको विधागत तत्त्वहरूका आधारमा अध्ययन विश्लेषण गरिएको छ । देवकोटाका कृतिहरूका कुनै-कुनै गजल तथा हाइकुहरू यदाकदा दुर्बोध र असहज जस्ता देखिए पनि सामान्यतः सर्वसाधरण पाठकहरूले बुझ्न सक्ने सरल र सहज नै छन् । देवकोटाका प्रारम्भिक रचनाकृतिहरूमा कलापक्ष र भावपक्षको संयोजनको अभाव देखिए तापनि पछिल्ला रचना कृतिहरूमा प्रभावकारी संयोजन पाइन्छ ।

जीवनका विभिन्न परिस्थितिसँग जुध्दै साहित्य सिर्जनामा लागिपरेका विमलप्रकाश देवकोटा शिक्षण पेसालाई समेत निरन्तरता दिइरहेकै छन् । लेखन गर्नु कर्म हो, इच्छा हो, आत्मसन्तुष्टि हो भन्ने विचार राख्ने देवकोटा निरन्तर लेख्न मन पराइरहन्छन् । साहित्यमा केही लेखिरहन, केही खोजिरहन रुचाइरहने यिनले त्यसलाई निरन्तरता दिइरहेका छन् । आफ्ना पिता लेखनाथको प्रेरणा पाएर र लेखनाथ पौड्याल, पारिजात, भूपी शेरचन, माधवप्रसाद घिमिरेबाट प्रभावित भएको अनि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**बाट विशेष प्रभावित हुन पुगेको बताउने विमलप्रकाश देवकोटा साहित्य सिर्जनामा तल्लीन देखिन्छन् । मोफसलमा रहेर पनि नेपाली साहित्यलाई टेवा दिने एक अग्रणी व्यक्तिका रूपमा विमलप्रकाश देवकोटा रहेका छन् । तसर्थ साहित्यकार देवकोटा नेपाली साहित्य जगत्का उदीयमान प्रगतिशील विचारधाराका युवा संवाहक हुन पुगेका छन् ।

# परिशिष्ट

# परिशिष्ट - एक

श्री बिमलप्रकाश देवकोटाज्यू

भरतपुर-२८, गंगानगर, चितवन

तपाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषणका निम्ति प्रश्नावली प्रेषित गरेका छु । कृपया, सत्यतामा आधारित उत्तर लेखिदिनु हुन सविनय हार्दिक अनुरोध गर्दछु ।

विनीत :

डिल्लीराम पोखेल

९८४५०२३९७४

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, नेपाल

विमलप्रकाश देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण विषयक शोधकार्यमा शोधनायकसँग लिइएको अन्तरवार्ताको अंश :

**प्रश्नावली :**

१. तपाईंको जन्म कहिले र कहाँ भएको हो ? न्वारनको नाम सहित उल्लेख गरिदिनुहोस् न ।

२. तपाईंको बंश परम्परा, बाल्यकाल र उपनयनको बारेमा केही बताईदिनुहुन्छ कि ?

३. तपाईंले औपचारिक शिक्षादीक्षा कहिले, कहाँ र कुन तहसम्म अध्ययन गर्नु भएको छ ?

४. तपाईंको वैवाहिक सम्बन्ध र पारिवारिक स्थितिका बारेमा प्रकाश पारिदिनुहोस् न ।

५. तपाईले कुनकुन क्षेत्रमा कार्य गर्नु भएको छ ? समयावधि समेत उल्लेख गरिदिनु होला ।

६. तपाई कहिलेदेखि कुन कृतिका माध्यमद्वारा नेपाली साहित्यमा प्रवेश गर्नु भयो ? र तपाईंलाई साहित्यतिर के कुराले आकर्षित गऱ्यो ?

७. तपाई जीवनका कुन कुन घटनालाई स्मरण गर्नुहुन्छ र किन ?

८. तपाईको बाल्यकाल र युवावस्था कसरी बिते ?

९. तपाईंको पुर्ख्यौली थलो कहाँ हो ?

१०. तपाईंका गजल सङ्ग्रहको नाममा 'ल' को प्रयोग र पुनरावृत्तिमा केही रहस्य छ कि ?

११. आफूले सिर्जना गरेका कुन रचना राम्रो लाग्छ ? किन ?

१२. तपाईंलाई जीवनमा अहिलेसम्म यो काम राम्रो गरेँ भन्ने केही छ ?

१३. तपाईंलाई अब यो काम गर्न पाए हुन्थ्यो भन्ने केही लागेको छ ?

**उत्तरहरू :**

१. मेरो जन्म वि. सं. २०२७ पुष १९ गते भएको हो । मेरो न्वारनको नाम विष्णुप्रसाद देवकोटा हो ।

२. मेरो वंश परम्परा कास्की जिल्लाबाट नै भएको हो । मेरो कुनै उपनाम छैन वा राखेको छैन ।

३. मेरो औपचारिक शिक्षादीक्षा बाल्यकाल देखि नै भएको हो । जुन तत्कालीन प्राथामिक विद्यालय गंगानगरबाट कक्षा १ देखि नि. मा. वि. तह कक्षा ८ सम्म भयो त्यसपछि माध्यमिक शिक्षा अमर उ. मा. वि. पदमपोखरीमा भएको हो । आइ. ए. वीरेन्द्र क्याम्पस भरतपुरमा र बी. एड. सप्तगण्डकी क्याम्पसमा भएको हो ।

४. मेरो वैवाहिक सम्बन्ध मिति २०५१ साल असार २२ गते रत्ननगर १० जिरौना निवासी बालकृष्ण घिमिरेकी छोरी इन्दिरा घिमिरेसँग भएको हो । पारिवारिक स्थितिमा एक छोरा एक छोरी रहेका छन् ।

५. मेरो प्राय संलग्नता सामाजिक, साहित्यिक क्षेत्रमा नै रहने गर्दछ । शिक्षा क्षेत्रमा विशेष गरी २०५६ देखि हालसम्म निरन्तर रूपमा संलग्न छु ।

६. खास गरी म साहित्यिक कृतिका रूपमा २०५९ सालमा **पलपलका तलतलहरू** गजलसङ्ग्रह मार्फत नेपाली साहित्यमा प्रवेश गरेको हुँ । आफ्ना असन्तुष्टि र समाजसुधारका निम्ति आफ्ना भावना र विचारहरू अरू सामू राख्नका लागि साहित्य एउटा उपयुक्त माध्यम बन्यो र विकृति, विसङ्गति प्रति प्रहार गर्न सजिलो हुने र खास गरी लेखनाथ, महाकवि, गोपालप्रसाद, पारिजात, शङ्कर लामिछाने र पारिजात, भूपि, भीमदर्शन, गुरूप्रसाद मैनाली र हृदय चन्द्रसिंहप्रधान आदिका रचनाले पनि प्रभावित भएको हुँ ।

७. जीवनमा सानातिना स्मरणयोग्य घटनाहरू त धेरै नै घटेका छन् तर स्मरण गर्न योग्य चाहिँ कुनै त्यस्तो छैन ।

८. मेरो बाल्यकाल र युवा अवस्था आम नेपालीहरूकै सरह बितेको पाउँछु ।

९. मेरो पूर्ख्यौली थलो कास्की जिल्लाको तारकाङ केउरेनी नै हो ।

१०. मेरो गजलसङ्ग्रहको नाममा 'ल' को प्रयोग र पुनरावृत्तिमा खासै विशेष रहस्यता केही छैन । तर पनि मेरो आफ्नो देशको नाम र आफ्नै नाममा पनि 'ल' को प्रयोग भएकाले सम्मान र स्मरण गर्नका लागि प्रयोग गरको छु ।

११. मैले आफ्ना सन्तानलाई कुनैलाई काखा र कुनैलाई पाखा गर्ने गरेको छैन । सबै राम्रा लाग्छन् ।

१२. देशका भविष्यका कर्णधारहरूलाई शिक्षा दिन पाएकोले शिक्षा क्षेत्रमा लागेर राम्रो काम गरे भन्ने लाग्दछ ।

१३. जीवनमा धेरै काम गर्न बाँकी नै छन् । त्यसैले एउटा मात्र नाम लिन गाह्रो छ ।

## परिशिष्ट - दुई

**क) शोधनायकका बारेमा विभिन्न महानुभावहरूसँग लिइएको लिखित तथा मौखिक अन्तरवार्ताका प्रश्नहरू :**

१. साहित्यकार विमलप्रकाश देवकोटालाई औपचारिक रूपमा कहिलेदेखि चिन्नुहुन्छ ?

२. देवकोटाको व्यक्तित्वलाई तपाईं कसरी र कुन रूपमा मूल्याङ्कन गर्नुहुन्छ ?

३. साहित्यकार देवकोटालाई साहित्यको कुन विधामा सफल पाउनुहुन्छ र किन ?

४. साहित्यकार विमलप्रकाश देवकोटाका साहित्यिक र अन्य योगदानका बारेमा केही बताई दिनुहुन्छ कि ?

५. विमलप्रकाश देवकोटाको कुन कुन कुराबाट तपाईं प्रभावित हुनुहुन्छ ?

६. देवकोटाको कुन कुन कुराबाट तपाईं विकर्षित हुनुहुन्छ ?

७. देवकोटाको सामाजिक सम्बन्धको बारेमा तपाईंलाई के कस्तो जानकारी छ ?

८. विमलप्रकाश देवकोटाको साहित्यका सवल र दुर्वल पक्षहरू के के देख्नुभएको छ ?

९. चितवन जिल्लाका र अन्य साहित्यकारहरूसँग तुलना गर्दा बिमलप्रकाश देवकोटालाई कुन स्तरका साहित्यकार मान्नुहुन्छ ?

१०. विमलप्रकाश देवकोटासँग बिताएका कुनै अविस्मरणीय क्षणहरू छन् कि ?

११. विमलप्रकाश देवकोटाका रुचीहरूका बारेमा केही बताई दिनुहुन्छ कि ?

१२. तपाईं विमलप्रकाश देवकोटाको कुन कार्य सधैं सम्झिरहनुहुन्छ ?

१३. साहित्यकार विमलप्रकाश देवकोटा साहित्यको कुन वादबाट के कति प्रभावित भएको पाउनुहुन्छ ?

**ख) अन्तरवार्ता लिइएका व्यक्तिहरू :**

| | | |
|---|---|---|
| १) केशवराज आमोदी | - | रत्ननगर-१२, चितवन |
| २) डी. आर. पोखरेल | - | भरतपुर, चितवन |
| ३) धनराज गिरी | - | बछौली-६, चितवन |
| ४) कपिलमणि अज्ञात | - | भरतपुर, चितवन |
| ५) सुरेन्द्र अस्तफल | - | भरतपुर, चितवन |
| ६) इन्द्रप्रसाद रेग्मी | - | भरतपुर, चितवन |
| ७) ऋषिप्रसाद लामिछाने (गोर्खे साइँलो) | - | भरतपुर, चितवन |
| ८) डा. नारायणप्रसाद खनाल | - | भरतपुर, चितवन |
| ९) रमेश प्रभात | - | भरतपुर, चितवन |
| १०) मोदनाथ मरहठ्ठा | - | र.न.पा.-३, शान्तिचोक |

# सन्दर्भसूची

# सन्दर्भसूची

**क) प्रमुख पुस्तक-सूची**


देवकोटा, विमलप्रकाश (२०५९), **पलपलका तलतलहरू**, गजलसङ्ग्रह, नवलपरासी : त्रिवेणी साहित्य परिषद् नवलपरासी ।

———————— (२०६०), **विमल दर्पण,** हाइकुसङ्ग्रह, चितवन : चितवन साहित्य परिषद् ।

———————— (२०६३), **पलपलका परिमल,** गजलसङ्ग्रह, चितवन : पल्लव साहित्य प्रतिष्ठान ।


**ख) सहायक पुस्तक-सूची**


आमोदी, केशवराज, **बहर-वाटिका** (गजल सिद्धान्त र प्रयोग), चितवन : पल्लव सहित्य प्रतिष्ठान, २०६९ ।

———————— (२०६९), *मुजाहिफ बहर अन्तर्गत मुसद्दस सालिमसँग सम्बन्धित वहरहरूका छनकहरू,* **स्वर्ण स्मारिका**, चितवन : श्री चतुर्मुखी उ.मा.वि. ।

आमोदी, केशवराज र विमलप्रकाश देवकोटा (२०६०), **गजल-दीपिका** (शोधकाव्य), चितवन : वाल्मीकि साहित्य सदन ।

ओझा, धनेन्द्र (प्रधान सम्पा.) (२०६३), **बहरमाला,** काठमाडौं : हजुरको प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०३५), **पूर्वीय साहित्य सिद्धान्त**, ललितपुर : साझा प्रकाशन ।

———————— (२०४९), **साहित्य प्रकाश,** (पाचौं सं.), ललितपुर : साझा प्रकाशन ।

खनाल, नारायणप्रसाद (२०६५), **समीक्षाका आकारहरू,** नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग-१), (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

———————— (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** भाग-२, (ते.सं.), ललितपुर : साझा प्रकाशन, २०५८ ।

त्रिपाठी, वासुदेव, देवज्ञराज न्यौपाने र केशव सुवेदी (२०५४), **नेपाली कविता** भाग-४, (दो.सं.) ललितुर : साझा प्रकाशन ।

———————— (२०५४), **नेपाली कविता** भाग-५, (ते. सं.) ललितपुर : साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०६६), **साहित्य परिचय,** (पाँचौ संस्करण), ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बद्रीविशाल (२०६५), **पारिजात जीवनी, कवित्व र कविता यात्रा,** सुनसरी : मिथिला पोखरेल ।

पौडेल, विष्णुप्रसाद (२०५७), **संस्कृत काव्यशास्त्र,** काठमाडौं : भुँडी पुराण प्रकाशन ।

प्रभात, रमेश (२०६८), *बैशाखी टेकेर हाइकुमा उभिन खोज्दा,* **वैशाखी टेकेर** लेखक : इन्द्रप्रसाद रेग्मी, चितवन : साहित्य सङ्गम ।

प्रसाई, नरेन्द्रराज (२०५४), **नेपाली साहित्यका प्रमुख समालोचक,** काठमाडौं : एकता प्रकाशन ।

बराल, कृष्णहरि (२०६४), **गजल सिद्धान्त र परम्परा,** ललितपुर : साझा प्रकाशन ।

शर्मा, गोपीकृष्ण (२०६३), **संस्कृत साहित्यको रूपरेखा,** काठमाडौं : अभिनव प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

———————— (२०६६), **शोधविधि,** (चौ. सं.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, वसन्तकुमार (सं.) (२०४८), **नेपाली शब्दसागर,** (दो. सं.), काठमाडौं : भाभा पुस्तक भण्डार ।

### ग) सहायक शोधपत्र-सूची

अधिकारी, खेमराज (२०७०), **साहित्यकार इन्द्रप्रसाद रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

जि.सी. एकबहादुर (२०६७), **साहित्यकार ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

थापा, भीमकुमारी (२०६८), **साहित्यकार श्यामबहादुर 'भावुक'को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

## घ) सन्दर्भ पत्रिका सूची

अधिकारी क्षेत्रप्रताप (२०६१), *हाइकुको हावा,* **पर्दाफास**, (ले.) प्रकाश पौडेल 'माइला', चितवन : चितवन साहित्य परिषद् ।

अज्ञात, कपिल (२०६८), *बिर्सनै लागेका कुराहरूमा सम्झनु पर्ने बेहोरा,* **चितवन पोष्ट**, दैनिक समाचारपत्र, वर्ष १४, अङ्क २७५, जेठ २८ ।

आमोदी, केशवराज (२०६७), *गजलमा रदीफको प्रयोग : छोटो चर्चा,* **कैलाश** राष्ट्रिय विविध मासिक पत्रिका, भाद्र, अङ्क २४, पृ. १८-२५ ।

गिरी, धनराज (२०७०), *म कवितामा देश खोजिरहेछु : एक चर्चा,* **चितवन पोष्ट,** दैनिक समाचारपत्र, वर्ष १६, अङ्क ३४५, असार २२, पृ. २ ।

डब्लु डब्लु डब्लु डट टु योमासु डट कम हाइकु ।

डब्लु डब्लु डब्लु . विकिपिडिया . कम / हाइकु / ।

'परिश्रमी', धनश्याम न्यौपाने (२०६३/०६४), *गजलका बहर र पिङ्गल छन्दको तुलना,* **कुञ्जिनी,** वर्ष ११, अङ्क ११, कीर्तिपुर : साहित्यकुञ्ज, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, पृ. ३४-३९ ।

न्यौपाने, सविन (२०६९), *लोकप्रिय रचना गजल : एक सन्दर्भ,* **स्वर्ण स्मारिका**, चितवन : भीमनगर उ.मा.वि. पृ. १४७ ।

पोखरेल, डी.आर (२०७०), *विमलको सिर्जनामा प्रस्तुत विचार पक्ष,* **पारदर्शी** दैनिक समाचारपत्र, वर्ष १८, अङ्क ४०, जेठ १६, पृ. २ ।

पौडेल, प्रकाश 'माइला' (२०६६), *हाइकु सन्दर्भ : प्रमुख जापानी कविहरू,* **नेपाली हाइकु,** वर्ष ७, अङ्क १, पूर्णाङ्क ४, प्रवास विशेषाङ्क, (प्र. सम्पा रामकुमार पाँडे), काठमाडौं : नेपाल निप्पन रिसर्च सेन्टर ।

पाँडे, रामकुमार (२०६६), *हाइकु, होक्कु र हाइकाइ,* **नेपाली हाइकु,** वर्ष ७, अङ्क १, पूर्णाङ्क ४, प्रवास, विशेषाङ्क, (प्र. सम्पा. रामकुमार पाँडे), काठमाडौं : नेपाल निप्पन रिसर्च सेन्टर ।

विनोदी, गोविन्दराज (२०६५), *पलपलका परिमल माथि विहङ्गावलोकन,* **मध्यक्षितिज,** साहित्यिक पत्रिका, (सम्पा : विमलप्रकाश देवकोटा), मध्यक्षितिज वाङ्मय प्रतिष्ठान, पटिहानी, चितवन, पृ. २१-२३ ।